# परिच्छेद-एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रमा प्रचलित गमरा गीतको अध्ययन' रहेको छ ।

## १.२ शोध परिचय

हाम्रो देश नेपाल राजनैतिक हिसाबले पाँच विकास क्षेत्र चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन भएको छ । साथै यसको भूगोललाई दृष्टिगत गरेर ३ प्रदेशमा विभाजन गरिएको छ जसमा हिमाली प्रदेश पहाडी प्रदेश र तराई प्रदेश पर्दछन् । यस्तै प्रदेशहरू मध्ये बैतडी जिल्ला पनि पहाडी प्रदेश भित्र पर्ने एक जिल्ला हो । यस जिल्लाको भेषभूषा, चालचलन, रीतिरिवाज, धार्मिक, सांस्कृतिक र सामाजिक शैली पनि आफ्नै प्रकारको छ । यो जिल्ला सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको महाकाली अञ्चलमा पर्दछ । बैतडी जिल्लाको सिमाना सम्बन्धमा पूर्वमा बझाङ जिल्ला, पश्चिममा महाकाली नदी लगायत भारतको सिमाना, दक्षिणमा डडेल्धुरा जिल्ला र उत्तरमा दार्चुला जिल्ला रहेका छन् । यस जिल्लाको कुल क्षेत्रफल १,५१९ वर्ग किलोमिटर रहेको छ । बैतडी जिल्ला २९° २२'' उत्तरी अक्षांश देखि २९° २७'' उत्तरी अक्षांश सम्म फैलिएको छ । यो जिल्ला समुद्री सतहबाट ३९० मिटर देखि २,९५० मिटर सम्मको उचाईमा रहेको छ । यस जिल्लाको सबै भन्दा अग्लो भाग कोटपेटरा गा.वि.स. हो भने सबभन्दा होचो भाग सर्माली गा.वि.स. हो । यस जिल्लालाई प्रशासनिक तथा राजनैतिक रूपमा ६८ गा.वि.स., १ न.पा., १३ इलाका र २ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । बैतडी जिल्लाको क्षेत्र नं. २ अन्तर्गत पर्ने मल्लोस्वराड क्षेत्रमा शङ्करपुर रौलेश्वर, शिखरपुर, हाट, मल्लादेहि, कोटपेटरा, मठैराज, भौनेली, गुजर र पाटन जस्ता गा.वि.स.हरू पर्दछन् ।

यो क्षेत्र धार्मिक दृष्टिकोणबाट हेर्दा आफ्नै किसिमको परम्परागत धार्मिक आस्था बोकेको क्षेत्र हो । यस क्षेत्रमा प्रमुख र सहायक गरि विभिन्न किसिमका चाडपर्वहरू आफ्नै परम्परागत शैलीमा मनाउने गरिन्छ जस मध्ये गमरा पनि यस क्षेत्रको प्रमुख धार्मिक चाडपर्व हो । साथै गौण भूमिका पुरुषको पनि रहने गर्दछ । यस पर्वमा महिला तथा पुरुषहरूले विभिन्न धार्मिक गीतहरू गाउने गर्दछन् ।यस शोधकार्यमा उपर्युक्त बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रमा प्रचलित गमरा गीतको अध्ययन गरिएको छ ।

## १.३ समस्या कथन

यस शोधपत्रको मूल समस्या भनेको बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रमा मनाईने महत्त्वपूर्ण चाँड गमरा पर्वमा गाईने गीतका अध्ययन हुनु हो । यसै सँग सम्बन्धित निम्नलिखित बुँदाहरू यस शोधपत्रको समस्याको रूपमा रहेका छन् :-

(क) बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रमा प्रचलित गीत के कस्ता छन् ?

(ख) तिनको वर्गीकरण के कसरी गर्न सकिन्छ ?

(ग) गमरा गीतको विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रका मानिसहरूले मनाउने गमरा पर्वमा गाईने गीतको व्यवस्थित अध्ययन गर्नु हो । यस उद्देश्य सँग सम्बन्धित बुँदाहरू तल उल्लेखित छन् :-

(क) बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रमा प्रचलित गमरा पर्वमा गाइने गीतहरूको सङ्कलन गर्नु ।

(ख) बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रका गीतको वर्गीकरण गर्नु ।

(ग) बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रका गीतहरूको विश्लेषण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा[1]

राष्ट्रिय स्तरमा नेपालका विभिन्न क्षेत्रमा प्रचलित लोक गीतहरूको अध्ययन विश्लेषण गर्ने कार्य साहित्यका अध्येताहरूबाट भए पनि हरेक जिल्लाका धर्मिक गीतहरूको बारेमा हाल सम्म छुट्टै अध्ययन अुनसन्धान हुनसकेको छैन । त्यस्तै विकट पहाडी जिल्ला मल्लोस्वराड भन्ने क्षेत्रमा मनाईने धार्मिक पर्व गमराका बारेमा पनि हाल सम्म व्यवस्थित अनुसन्धान भएको छैन तापनि केहि चर्चा र विवेचना भने भएको पाईन्छ जसलाई कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

उमा चन्द (२०४२), ले *“बैतडेली सांस्कारिक फागहरूको सङ्कलन वर्गीकरण र परिचय”* मा बैतडीको विभिन्न शुभकार्यमा गाईने फागहरूको अध्ययन गरेकी छन् तर उक्त अध्ययनमा बैतडीको मल्लोस्वराड क्षेत्रमा पर्ने गमरा गीतको बारेमा अध्ययन गरिएको छैन ।

आत्मराम भट्ट (२०५२), ले *“बैतडी जिल्लाका पौराणिक लोक गाथाको अध्ययन”* मा बैतडी जिल्लाको लोक गाथाको अध्ययन गरेका छन् । उक्त शोधपत्रमा बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रमा मनाइने धर्मिक पर्व गमरामा गाइने गीतको भने छुट्टै चर्चा गरिएको पाइँदैन ।

नवराज अवस्थी (२०५३), ले *“बैतडी सिगास चैतको अध्ययन”*मा बैतडी जिल्लाका सिगास क्षेत्रका गाथा अध्ययन गरेका छन् उक्त शोधपत्रमा बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रमा प्रचलित गमरा गीतको केहि चर्चा भए पनि सम्पूर्ण रूपमा भएको छैन ।

उद्धव देव भट्ट (२०५९), ले *“बैतडी जिल्लामा लोक गीतको अध्ययन र विश्लेषण”* मा बैतडी जिल्लाको लोक गीतको सामान्य विवेचना गरेका छन् । यसमा उनले बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित केही गीतबारे सामान्य उल्लेख गरेतापनि त्यहाँ

[1] अवस्थी, गणेश दत्त (२०६१), अवस्थी, नवराज (२०५३), चन्द्र, उमा (२०४२), भट्ट, उद्धवदेव (२०५९), पन्त, जयराज (२०३६) ।

प्रचलित गमरा गीतका बारेमा उनले पनि अध्ययन गरेका छैनन् । प्रचलित गमरा गीतका बारेमा उनले पनि जिल्लाको मल्लेस्वराड क्षेत्रमा प्रचलित केही गीत बारे सामान्य उल्लेख गरेता पनि त्यहाँ प्रचलित गमरा गीतका बारेमा छुट्टै अध्ययन गरेको पाइँदैन ।

गणेश दत्त अवस्थी (२०६१), ले *"बैतडी ब्रतबन्धका साँस्कारिक फागहरूको अध्ययन"* मा बैतडीमा प्रचलित गमरा गीतको बारेमा उनले पनि अध्ययन गरेका छैनन् ।

पुष्कर राज भट्ट (२०६५), ले *"सुदुरपश्चिमाञ्लमा मातृ भाषा साहित्य"* मा सुदूरपश्चिमाञ्लको मातृ भाषाको चर्चा गर्ने क्रममा केही लोक गीत प्रस्तुत गरेका छन् तर उनले पनि बैतडीको मल्लोस्वराड क्षेत्रका गमरा गीतको भने अध्ययन गरेका छैनन् ।

जयराज पन्त (२०३६), ले *"डोटेली गमरा पर्वका गीतहरूको वर्गीकरण, विश्लेषण र संकलन"* विषयमा एम.ए. तहको शोधपत्र तयार गरी केही अध्ययन गरेको भएता पनि बैतडी जिल्ला अन्तर्गत पर्ने मल्लोस्वराड क्षेत्रको गमरा पर्वका गीतहरूको अध्ययन नगरेको देखिन्छ ।

यस समीक्षाबाट के प्रष्ट हुनआउँछ भने बैतडी जिल्लाको मल्लोस्वराडको गमरा गीतका बारेमा हाल सम्म कुनै व्यवस्थित अध्ययन नभएको देखिन्छ । त्यसैले यस शोधको आवश्यकता अनुभव गरिएको हो ।

## १.६ शोध कार्यको औचित्य र महत्व :-

बैतडी जिल्लामा धार्मिक पर्वका अवसरमा गाइने लोक गीत लोप हुँदै जान लागेको वर्तमान अवस्थाम त्यहाँका धर्म, संस्कृति, परम्परा र रहनसहन आदि सँग गाँसिएका गमरा पर्वका गीतको अध्ययन आवश्यक ठानेको हो । यही महत्त्वलाई दृष्टिगत गरी आज सम्म अध्ययन नभएको बैतडी जिल्लाको मल्लो स्वराडमा प्रचलित गमरा पर्वका गीतको अध्ययन विश्लेषण गरि ती क्षेत्रका रितिस्थिति, चालचलन, वेशभूषा र सामाजिक गतिविधि बारे प्रकाश पार्ने काम यसमा भएको छ । यसबारे जानकारी राख्न खोज्नेहरूलाई तथा

यहाँको लोक संस्कृतिक तथा लोक साहित्य अध्ययन अनुसन्धान गर्न चाहनेहरूलाई यस अनुसन्धानले केहि मात्रामा भए पनि सहयोग पुऱ्याउने छ । यस शोधपत्रले नेपालका विभिन्न क्षेत्रका धार्मि पर्वका गीतसँग गमारा गीतको तुलनात्मक अध्ययन गर्ने सामग्री उपलब्ध गराएको छ । बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित गमरा गीतको छिटफुट रूपमा अध्ययन भए पनि व्यवस्थित र समग्र रूपमा हाल सम्म अध्ययन नभएको स्थितिमा यो अध्ययन महत्वपूर्ण हुनु स्वभाविक छ । माथिको पूर्वकार्यको अध्ययनले यस विषयमा व्यवस्थित एवं समष्टि अध्ययन हुन नसकेको स्पष्ट पारिएको परिप्रेक्ष्यमा प्रस्तुत शोधपत्रको औचित्य पनि स्वतः स्पष्ट देखिन्छ ।

## १.७ शोधको क्षेत्र र सीमा :-

प्रस्तुत शोधपत्रको अध्ययन केन्द्र सुदूरपश्चिमाञ्ल विकास क्षेत्रको बैतडी जिल्लाको क्षेत्र नं. २ अन्तर्गत पर्ने मल्लो स्वराड भन्ने ठाउँ हो । अतः त्यस क्षेत्रमा पर्ने शङ्करपुर, शैलेश्वर, शिखरपुर, हाट, काटपेटरा, मल्लादेही, तल्लादेही, गुजर, भौनेली, मठैराज गा.वि.स.का स्थानीय नेपालीमा प्रचलित गमरा गीतको मात्र यस शोधपत्रमा अध्ययन गरिएको छ ।

## १.८ सामाग्री सङ्कलन विधि :-

प्रस्तुत शोधपत्रका निमित्त सामाग्री संङ्कलन गर्न र शोध पत्रलाई प्रमाणिक बनाउन क्षेत्रीय अध्ययन विधिलाई अँगालिएको छ । यस क्रममा बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रका स्थानीय व्यक्तिहरूसँग प्रत्यक्ष सम्पर्क गर्नुका साथै गीत गायक र कलाकारहरूबाट छलफल, प्रश्नोत्तर र अर्न्तक्रिया गरी समाग्री बटुलीएको छ । त्यस्तै आंशिक रूपमा पुस्तकालयीय विधिलाई पनि अँगाली सामग्री सङ्कलन गरिएको छ ।

## १.९ सैद्धान्तिक ढाँचा र विधि :-

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सङ्कलित सामग्रीलाई वर्णनात्मक पद्धतिका आधारमा विश्लेषण गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा :-

प्रस्तुत शोधपत्रको स्वरूप र संरचनालाई व्यवस्थित एवं विधि सम्मत ढङ्गबाट प्रस्तुत गर्नका लागि समग्र शोधपत्रलाई निम्न बमोजिम शीर्षक एवं उप-शीर्षकमा विभाजन गरिएको छ :-

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : बैतडी जिल्लाको सामान्य परिचय

परिच्छेद तीन : बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित गमारा गीतको सङ्कलन

परिच्छेद चार : बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित गमरा गीतको वर्गीकरण

परिच्छेद पाँच : बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित गमरा गीतको विश्लेषण

परिच्छेद छ : उपसंहार

## परिच्छेद - दुई

## बैतडी जिल्लाको सामान्य परिचय

### २.१ भौगोलिक परिचय

### २.१.१ भौगोलिक अवस्थिति र नामाकरण

हाम्रो देश नेपालका पचहत्तर जिल्लाहरू मध्ये बैतडी जिल्ला पहाडी र दुर्गम जिल्ला हो । यो सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको महाकाली अञ्चलमा पर्छ । यसको सिमाना छिमेकी राष्ट्रल भारतको उत्तर प्रदेशभित्र पर्ने कुमाउ क्षेत्रसँग जोडिएको छ । भौगोलिक स्थितिलाई मध्यनजर गर्दा यो जिल्ला ८०°१५° देखि ८१°०४ पूर्वी देशान्तरसम्म र २९°२२ देखि २९°५७ उत्तर अक्षांशसम्म विस्तार भएको छ[1] यसको क्षेत्रफल १५१९ वर्ग किलोमिटर छ[2] ।यस जिल्लाको नाम पौराणिक ग्रन्थ अनुसार वायोत्तड (वायु+उतड) हो । जसलाई उत्तड उन्मुख भनिन्छ । जुन शब्दको शाब्दिक अर्थ वायून्मुख पर्वत हुन आउँछ । यसैको परिवर्तित रूपमा बैतड भएर नै पछि बैतडी हुन आएको हो । त्यस्तै अर्को कथन अनुसार बैतडी नामसँग बहत्तडीको सम्बन्ध रहेको छ । बह=हावा र तडि= अडिने वा हावा उडिने हो । बैतडीका चारैतिर डाँडा काँडा भएको हुनाले हावा पास नहुने जस्तो ठाउँ ठानेर बहत्तडी भनिएको र यही बहत्तडीबाट नै बैतडी भएको हो भन्ने प्रसङ्ग पनि आउँछ ।

---

१ मेचीदेखि महाकाली सम्म, भाग ४ ( काठमाण्डौँ : श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग), २०३१ ।

२ स्टार्टेस्टिकल पकेट बुक, ( काठमाण्डौँ : श्री ५ को सरकार राष्ट्रिय योजना आयोगको सचिवालय इ.स. १९९४ ),

३ ऐजन, पृ. १०२२

भौगोलिक दृष्टिबाट हेर्दा यस जिल्लालाई प्रमुख तीन भागमा विभाजन गरिएको छः

(क) पहाडी प्रदेश,

(ख) लेकाली प्रदेश, र

(ग) बेसी तथा टार प्रदेश ।

### २.१.१.१ पहाडी प्रदेश

यो प्रदेश समुद्री सतहदेखि ३२,००० फिट सम्मको उचाइमा अवस्थित छ । यस जिल्लामा चारैतिर डाँडाकाँडाहरू भएको हुनाले त्यहाँका वासिन्दाहरूलाई घाँस, दाउरा र गाईवस्तु चराउनका लागि त्यति समस्या छैन । यस प्रदेशका धुराहरूमा सिगास धुरो र ग्वाल्लेक देउलेक जस्ता धुराहरू पर्दछन् । यस प्रदेशको मध्य भागमा मानिसहरूको वस्ती पनि छ । यहाँ प्रमुख रूपमा धान, मकै, ऊखु, आलु, गहुँ, कोदो, भटमास, मास र गहत जस्ता खेतीपाती गरिन्छन् । त्यस्तै फलफूलहरूमध्ये सुन्तोला, आँप, मौसम, कागती, चिउरी, ओखड आदि जस्ता फलफुलहरू पाइन्छन् ।

### २.१.१.२ लेकाली प्रदेश

यस जिल्लाको उत्तर पूर्वी भागमा पर्ने यो प्रदेश लगभग समुद्री सतहबाट ८,००० फिट देखि २३,००० फिट सम्मको उचाइमा अवस्थित छ । यस प्रदेशका प्रमुख लेकाली क्षेत्रहरूमा श्रीभावर, अनारखोली, खोड्पे, देहीमाण्डौं लगायत पुर्चौडीको पुरै उत्तरी भाग पर्दछ । यी चुचुराहरूमा तिन-चार महिना सम्म पनि हिउँ रहन्छ र केहीले त हिमाली भेगलाई समेत छोएका छन् । यस भोगका प्रसिद्ध चुचुराहरूमा बान्किमालेक, ढुङ्ग्री लेक, रौला केदार, धौलकाँडा जस्ता प्रसिद्ध चुचुराहरू पनि पर्दछन् । यी चुचुराहरूमा समुद्री सतहबाट २२,७५० फिटसम्म अग्ला पनि छन् । यी लेकहरूमा चितुवा बाघ, खरायो, कस्तुरी, स्याल, भालु, हरिण, मृगसार, ब्वाँसो आदि जस्ता जनावरहरू रहेका छन् । साथै यस क्षेत्रका फलफूलहरूमा स्याउ, खुर्पानी, नासपाती, जस्ता फलफुलहरू पाइन्छन् ।

पन्छीहरूमा डाँफे, मुनाल जस्ता पन्छीहरू पाइन्छन् । यस भेगमा मानिसको वस्ती न्युन मात्रामा रहेको छ । यहाँ प्रमुख बालीमा गहुँ र जौ जस्ता बालीहरू उत्पादन गरिन्छन् ।

### २.१.१.३ बेसी प्रदेश

यो प्रदेश यस जिल्लाका महाकाली, सुर्नयामा, ढिकगाड, जमाडी गाड जस्ता नदीहरूको किनारमा पर्दछ । यस प्रदेशमा सम-शीतोष्ण हावापानी पाइन्छ । यस प्रदेशमा फराकिला उर्वरा किसिमका फाँटहरू रहेका छन् । जसमा धान, मकै, गहुँ, चना र बदाम खेतीपाती गरिन्छन् । यस्तै प्रकारले यहाँ आँप, चिउरी, अम्बा, केरा, सुन्तोला जस्ता फलफूलहरू उत्पादन गर्न सकिन्छ । यस प्रदेशको माटो एकदम उव्जनी युक्त भएकोले यहाँ अन्न बाली र फलफुल प्रशस्त मात्रामा उत्पादन गर्न सकिन्छ । मानिसको वस्ती पनि एकदम घना किसिमको छ । पशुहरूमा बाख्रा, गाई, भैंसी जस्ता पशु पालन गरिन्छन् । यस भेगमा ढुकुर, काग, गेडा, कोइली जस्ता पन्छीहरू पनि पाइन्छन् । यी तिन प्रदेशमध्ये बस्नका लागि यो प्रदेश बढी उपयुक्त छ ।

### २.१.२ सिमाना

बैतडी जिल्लाको सिमाना भारतको उत्तर प्रदेश कुमाउँ राज्यसँग जोडिएको छ । यस जिल्लाको पूर्वी सिमानामा बझाङ र डोटी जिल्लाको सेती नदी पर्दछन् भने पश्चिमी सिमानामा महाकाली नदी रहेको छ । यसको उत्तरी सिमाना चौलानी नदी हो भने दक्षिणी सिमाना डडेल्धुरा जिल्ला रहि आएको छ ।

### २.१.३ प्रमुख खनिज सम्पदा

यस जिल्लाको भौगोलिक र प्राकृतिक सम्पदाको अध्ययन सम्बन्धमा यदि सर्वेक्षण गरेर खोज तलासी र अनुसन्धान गर्ने हो भने यस जिल्लामा विभिन्न प्रकारका खनिज पदार्थहरू विद्यमान छन् भन्ने अनुमान गर्न सकिन्छ । जस्तै– रामकी बरायलमा तामा खानी, पुर्चौडीमा फलाम खानी, भूमिराज, हात र कोटिला गा.वि.स.मा सुनखानी, जमाडी

नदी र चौलानी नदीको किनारमा गन्धक, मल्लादेही र कटौज पानी गा.वि.स.मा स्लेट खानी, श्रीकेदार, गुजर, भटना र शिवनाथ गा.वि.स.मा चुन ढुङ्गा र घनघस्या लेकमा अभ्रख जस्ता खानीहरू रहेको अनुमान गर्न सकिन्छ ।साथै रातोमाटो, कमेरो र खरी जस्ता खनीज तत्वहरू पनि यस जिल्लामा रहेका छन् । केही समय पहिले यी ठाउँहरूबाट तामा, फलाम झिकेर भाँडाकुँडा बनाइन्थ्यो भन्ने जनश्रुति छ । खानीमा उत्पन्न समस्याका कारणबाट वि.सं. २००२- २००३ तिर ती खानीहरूमा प्रतिबन्ध लगाइएको थियो । यदि सरकारी स्तरबाट यस जिल्लाका खनिज पदार्थहरूका बारेमा अध्ययन, अनुसन्धान र सर्वेक्षण गर्ने हो भने यहाँ विभिन्न किसिमका खनिज पदार्थहरू भएको अनुमान गर्न सकिन्छ । यसरी भौगोलिक र हावापानीको विविधता तथा प्राकृतिक सम्पदाले भरिभराउ भएको बैतडी जिल्ला नेपालको अन्य पहाडी जिल्लाहरू जस्तै महत्वपूर्ण रहेको छ ।

### २.१.४ प्राकृतिक सम्पदा

प्राकृतिक सम्पदाले सम्पन्न बैतडी जिल्लामा यहाँको जलवायु अनुसारको कारणले गर्दा स्थान अनुसार फरक-फरक किसिमका वनस्पतिहरू पाइन्छन् । यहाँका लेकाली भागमा, फलाँट, गुराँस, उत्तिस, बाँझ, ओखर आदि जस्ता वनस्पति पाइन्छन् भने बेंसी र टारहरूमा चिउरा, सिमल, खयर, सिसौ, देवदार, साल र पहाडी भागमा पय्यूँ, चिलाउने, कटुस जस्ता बनस्पतिहरू पाइन्छन् भने यो भन्दा माथिल्लो भागमा प्रशस्त मात्रामा सल्लाघारी पाइन्छन् । यस जिल्लाका वनहरूमा दालचिनी, गनानो, सिल्मडे, तीतो, जटामसी, खयर, हात्तोजडी, खुचडे लगायत अन्य जाडीबुटीहरू पनि पाइन्छन् । मानिसहरू घाँस, दाउरा, स्याउला, काठ आदि प्रयोग गर्ने र गाईवस्तु चराउने काम बनमा गर्दछन् । यस्तै काठ विक्रीबाट उनीहरूले आर्थिक समस्या समाधान गरेका छन् । यस जिल्लाका मानिसहरूको मुख्य आय आर्जनको स्रोत भनेको वनजङ्गल नै रहेको छ । दाउरा बेच्ने, डोका, डाला, नाङ्लो, गलिउ, नाम्लो, पिंडी जस्ता सामान निगालो, बाँस आदिबाट निर्माण गरि बेच्ने गरिन्छ । साथै विभिन्न किसिमका जडीबुटीहरू वनबाट खोजेर बेच्ने अनि

चिउरी जस्ता विरुवाबाट घिउ र गुड बनाएर बेची आफ्नो जीविकोपार्जन गर्ने काममा यस जिल्लाका मानिसहरू खप्पिस छन् ।

यसरी समग्रमा के भन्न सकिन्छ भने प्राकृतिक सम्पदाका दृष्टिकोणबाट हेर्दा यो जिल्ला धनी नै रहेको छ ।

### २.१.५ नदीनाला

बैतडी जिल्लाको सिमानालाई छुट्याउने प्रमुख दुईवटा नदीहरू महाकाली र चौलानी भए तापनि यस जिल्लामा पहाडका कुनाकन्दराबाट बगेर आउने अन्य पनि थुप्रै नदीनालाहरू छन् जसले गर्दा पनि यो जिल्ला जलश्रोतका दृष्टिबाट धनी नै छ भन्न सकिन्छ । थुप्रै नदीनालाहरू मध्ये केही प्रमुख र सहायक नदीनालाहरूको संक्षेपमा तल जानकारी दिइएको छ :–

#### २.१.५.१ चौलानी नदी

बैतडी जिल्लाको उत्तरी भागमा पर्ने यो नदी व्याँस ऋषि हिमालबाट पैदा भएर दार्चुला जिल्लाको देउपला, मार्मा लगायत गोकुलेश्वर हुँदै बैतडी जिल्लाको सेरा भन्ने ठाउँ भएर महाकाली नदीसँग मिसिन पुग्छ । यसले क्षेत्रको गरिमालाई पनि उजागर गरेको छ ।

#### २.१.५.२ महाकाली नदी

यस नदीले भारतसँगको सिमाना छुट्याउनुको साथै बैतडी जिल्लालाई प्रभावित पनि पारेको छ । यसको मूल स्रोत हिमालय नै रहेको छ । यो नदी लिपु लेकबाट निस्केर दार्चुला जिल्लाको जोलाजीवि र झुलाघाट भएर जान्छ । यो नदी दक्षिण पश्चिमतिर बग्छ । यसले नेपालको पश्चिमी र दक्षिणी सिमानाको काम पनि गरेको छ । यसले पनि बैतडी जिल्लालाई सहायता पुऱ्याएको नै छ ।

### २.१.५.३ अन्य नदी खोलाहरू

अन्य नदी खोलाहरू धेरै भए तापनि जस्तै– जमाडीगाड, कोटिला गाड, सुर्नयामागाड, ढिकगाड, गडिबाटागाड, वागागाड, निलगढगाड, पेल्यागाड, अगरीगाड भए तापनि केही प्रमुख नदी खोलाहरूका बारेमा तल बयान गरिएको छः-

**जमाडी गाड**

यो गाड काँडा भन्ने ठाउँको महादेव भन्ने जङ्गलबाट निस्केर अन्य खोलानालासँगै पन्ज्यूका नयाँ र पाटन हुँदै चौलानी नदीमा मिल्छ ।

**कोटिला गाड**

यो गाड कोटे भन्ने स्थानबाट बगेर सित्तड हुँदै ढिकगाडमा मिसिन पुग्छ र अन्य खोलानालाका साथ यो गाड बग्छ ।

**सुर्नाया गाड**

शिखरपुर गा.वि.स. को ढोलेको लेक यसको प्रमुख उद्‌गम स्थल हो । यस गाडले अनेकौं खोला नालाहरूलाई साथमा ल्याएर ढोलेको लेक हुँदै कठमडा, पथरकोट, शंकरपुर र शैलेश्वर हुँदै अन्त्यमा महाकाली नदीमा मिल्छ । यस नदीको जलाधार क्षेत्र १८८ वर्ग कि.मी. छ । यो समुद्री सतहदेखि ३,६४० फिटको उचाइमा रहेको छ ।

**ढिक गाड**

रौला केदारको पहाड नै यसको केन्द्रविन्दु हो । यस जिल्लाको मध्यभागबाट यो बग्छ । यो गाड दोगाडा हुँदै चौलानी नदीमा मिल्छ ।

**गडिबाटा गाड**

यो गाडको उद्गम स्थल कफलागैर भन्ने ठाउँको गोफाकटाल हो । यो गाड पातल खर्काधार, कोखेत हुँदै अन्य नदी नालाहरूलाई पनि साथमा लिएर सुर्नया गाडमा नै मिल्छ ।

समष्टिमा भन्दा यस जिल्लामा सानाठूला गरेर थुप्रै अन्य पनि नदीनालहरू रहेका छन्, जसको नाम माथि उल्लेख गरिएको छ । यी नदीनालाहरूले गर्दा यस जिल्लामा जलको मात्रा प्रशस्त भएकोले रोपाइँ गर्न र सागपात एवं खेती गर्न विभिन्न ठाउँ उपलव्ध छन् । यहाँ घट्ट र बिजुली पनि उत्पादन गर्न सकिएको छ ।

**२.१.६ हावापानी**

यस जिल्लामा मनसुनी किसिमको हावापानी रहेको छ । यस जिल्लाको बनावट विभिन्न किसिमका लेक, डाँडाकाँडा, भिरपाखा, बेंसी र टारहरूबाट भएको हुँदा यस जिल्लाको तापक्रममा भिन्नताका कारण हावापानी पनि क्षेत्र अनुसार फरक-फरक किसिमको छ । यस जिल्लामा पश्चिमी र दक्षिणी मनसुनका कारण बर्षातमा वर्षा ज्यादै हुन्छ । प्रायःजसो यस जिल्लाको हावापानीलाई क्षेत्र अनुसार तिन भागमा विभाजन गर्न सकिन्छ[४घ] :-

(क) शीतोष्ण हावापानी,

(ख) अर्ध-उष्ण हावापानी

(ग) लेकाली हावापानी (हिमाली हावापानी) ।

४ पूर्ववत् ,पृ . १०२७ ।

### २.१.६.१ शीतोष्ण हावापानी

यस जिल्लाको पहाडी भेगमा शीतोष्ण हावापानी पाईन्छ । मङ्सीर, पौष र माघ महिनामा अथवा हिउँदमा कतै-कतै हिउँ पर्छ । शीतोष्ण हावापानी लगभग २,१३४ मिटर देखि ७,००० मिटरको आसपासमा अथवा सो भन्दा माथि पाइन्छ । यसमा बस्ती पनि मध्य भागमा रहेको पाइन्छ ।

### २.१.६.२ अर्ध उष्ण हावापानी

यस जिल्लाका होचा, बेंसी तथा टारहरूमा यस्तो किसिमको हावापानी पाइन्छ । जस्तै– चौलानी गाड, महाकाली नदी तथा जमाडीगाडका आसपासका क्षेत्रहरूमा नै अर्ध उष्ण हावापानी पाइन्छ । यस्तो हावापानीमा मानिसको बस्ती बढी नै छ ।

### २.१.६.३ लेकाली तथा हिमाली हावापानी

यस जिल्लाको उत्तर-पूर्वी भाग सम्म विस्तार भएको भागमा लेकाली अथवा हिमाली हावापानी पाइन्छ । हिमरेखा भन्दा होचो भेगमा शीतको प्रचुरता हुने भएकाले पनि यस किसिमको हावापानी पाइन्छ । यस्तो प्रदेशमा हिउँ पर्छ र जाडो पनि हुन्छ । पछि गएर हिउँ पग्लिन पुग्छ । अनि मात्र राम्रो वातावरण हुन्छ । यसको होचो भेगमा घाँस र तल्लो भेगमा काँडादार झाडीहरू पाइन्छ । यहाँ मानिसको बस्ती छैन ।

## २.२ बैतडी जिल्लाको ऐतिहासिक पृष्ठभूमि

बैतडी जिल्लाको इतिहास सम्बन्धमा यस जिल्लाकै स्थानीय बासिन्दा ८७ वर्षे वृद्ध गणेशदत्त लेखकले दिएको जानकारी अनुसार र बैतडी जिल्लाको एक परिचय भन्ने पुस्तकमा उल्लेख भए अनुसार यस जिल्लाको इतिहास कुमाउँ (भारत) कत्यूर वंशका शासकहरूसँग सम्बन्धित छ । यो जिल्ला कहिले पनि स्वतन्त्र नरहेको जानकारी पाइएको छ । यो जिल्ला मध्यकालमा खसिया मल्लहरूको शासनमा थियो । यी खसियाहरू (मल्ल) ले इसाको दशौं शताब्दीदेखि १४ औं शताब्दीको अन्त्यसम्म वृहत् एक राज्यमा शासन

गरेका थिए । यिनको राज्य पूर्वमा त्रिशूली, पश्चिममा गढवाल, दक्षिणमा तराईसम्म र उत्तरमा तल्लाकोटसम्म विस्तार भएको थियो । त्यसपछि १४ औं शताब्दीको अन्त्यमा खसिया मल्लहरूको पतन भएपछि सुदूर पश्चिममा २२/२४ राज्यको अभ्यूदय पश्चात् हालको बैतडी जिल्ला डोटी राज्यको अधीनमा भएकोले यसको इतिहास नै डोटी जिल्लाको इतिहास हो भन्न सकिन्छ । मल्लहरूको बिगबिगी हुँदा पनि डोटी एक राज्यका रूपमा खडा भई सकेको होला भन्ने आभास हुन जान्छ तर त्यस समयमा डोटी एक स्वतन्त्र राज्य नभएर खसिया रजौटाहरूको अधिनस्थ राज्यका रूपमा रहेको थियो । किनभने अभय मल्लको १३१२ को ताम्रपत्रमा उदम्वपुर अथवा डुम्राकोट डोटीमा अधिराज भएर बस्ने (अभय मल्ल) भनि उल्लेख भएको पनि पाइन्छ । समयको अन्तरालसँगै खसिया मल्लहरूको पतन पश्चात् डोटी राज्यको शक्तिमा वृद्धि भयो र डोटीका सामन्तहरू त्यहाँका राजको अधीनमा रहे[५]।

यहाँका राजा मान्धाता शाहीले पछि गएर बझाङ पनि हमला गरी ठूलो इलाकामा राज्य गरेका थिए ।

बैतडी जिल्लामा अवस्थित रौला केदार स्वराड र कुल्लेकोटमा चन्द्रवंशीहरूले स्वतन्त्र भएर राज्य गर्ने प्रयास गरेका थिए । तर सो प्रयास डोटीका राजाहरूले सफल हुन नदिएर केवल आफ्ना सामन्त मात्र तुल्याए । यसप्रकार के भन्न सकिन्छ भने बैतडी जिल्ला डोटी जिल्लाको एक सामन्त इलाकाको रूपमा विद्यमान थियो । के भनिन्छ भने डोटी राज्यका अन्तिम शासक दीप शाहीका पालामा एक वृहत् नेपाल सिर्जना गर्ने मनसायले अगाडि बढेका नायव बहादुर शाहले पठाएका फौजले ई.सं. १७९० मा डोटी माथि बिजय प्राप्त गर्‍यो र उक्त समयमा बैतडीमा भुली चन्द र स्वराडमा जैतु चन्द डोटीका राजाका सामन्त थिए । भुली चन्दले नेपाली सेना माथि मुठभेट गर्न कठयतेको डाँडा माथि एउटा किल्ला बनाए तर नेपाली फौजमाथि चन्दको केही सीप चलेन र आखिरमा मारिए भन्ने लोकोक्ति रहेको छ ।

[५] पूर्ववत् , पृ. १०३१ ।

त्यसपछि केही समयमा बैतडीमा लडाइँ भयो र हैजा र बिफरको महामारीले गर्दा त्यहाँका बासिन्दाहरू गाउँ छोड्न वाध्य हुादा नेपाली फौजले पानी पनि पाएन । यस संकटपूर्ण क्षणमा बैतडी बरकुली बस्ने योगी बरनाथले नेपाली फौज गुप्त रूपले रसद पानीको व्यवस्था गरे वापत नै बैतडी इलाकालाई नेपाल राज्यको एउटा अभिन्न अङ्गका रूपमा गाँसे भन्ने त्यहाँका वृद्ध जनवासी र रचनाहरूबाट ज्ञात हुन आएको छ । यही नै बैतडी जिल्लाको ऐतिहासिक पृष्ठभूमि हो भन्न सकिन्छ ।

## २.३ शैक्षिक स्थिति

शैक्षिक क्षेत्रमा बैतडी जिल्लाले उल्लेखनीय प्रगति गरेको पाइन्छ । यस जिल्लाका शैक्षिक संस्थाका सन्दर्भमा भन्नु पर्दा ३-५ उमेर समूहका बालबालिकाहरूलाई प्रारम्भिक शिक्षा प्रदान गर्नका लागि विद्यालयसँग सम्बद्ध ३३९ वटा शिशु विकास केन्द्र र समुदायमा आधारित ६० वटा गरी जिल्लाभरी जम्मा ३९९ शिशु विकास केन्द्रहरू स्थापना गरिएका छन् । त्यसमा छात्र/छात्रा लगायत ९,४५७ ले पूर्व प्राथमिक शिक्षा प्राप्त गरेका छन् । समुदाय र संस्थागत गरी विद्यालय संख्या प्रा.वि. ३३०, नि.मा.वि. १०८, मा.वि. ६५, उच्च मा.वि. ३८ र निजी क्याम्पस ७ वटा  छन् । जम्मा हालसम्म कायम रहेका शिक्षण संस्थाहरू ५४८ वटा छन् । यिनै शिक्षण संस्थाहरूबाट यस जिल्लाको मानिसहरू शिक्षा आर्जन गर्छन् । यी शिक्षण संस्था मार्फत् शिक्षा आर्जन गर्ने विद्यार्थीहरूको जम्मा संख्या ८१,१२० रहेको छ भने जम्मा कार्यरत शिक्षक संख्या ४,४५६ रहेका  छन्[६] ।

आ.व. २०६७०६८ को बैतडी जिल्लाको शैक्षिक तथ्यांक उल्लेखति बुलेटिनका आधारमा हेर्दा औपचारिकका साथै अनौपचारिक, दूर शिक्षा, खुला शिक्षा, आदिका माध्यमबाट पनि विद्यार्थीले शिक्षा आर्जन गरि राखेका छन् । (गुणराज अवस्थी, *बैतडी*

[६] (गुणराज अवस्थी, *बैतडी जिल्लाको परिचय : बैतडी जिल्लाको जनसंख्या पार्श्व चित्र,* बैतडी : जिल्ला स्वास्थ्य कार्यालय, २०६८, पृ. १-१८) ।

*जिल्लाको परिचय : बैतडी जिल्लाको जनसंख्या पार्श्व चित्र,* बैतडी : जिल्ला स्वास्थ्य कार्यालय, २०६८, पृ. १-१८) ।

## २.४ आर्थिक स्थिति

यस जिल्लाका अधिकांश मानिसहरू कृषि कार्यमा संलग्न भएकाले यस जिल्लाका मानिसहरूको मुख्य पेशा नै कृषि हो । अन्य सहायक पेशाका रूपमा विभिन्न संघ संस्थाहरूमा कार्यरत रहनुका साथै पशुपालन र व्यापार व्यवसायमा केही मानिसहरू लागी परेका छन् । केही भारतमा गएर चौकीदार लगायत कम्पनीहरूमा काम गरेर पनि आफ्नो जीविका चलाएका छन् ।

## २.५ सामाजिक-साँस्कृतिक जीवन

बैतडी जिल्लाका मानिसहरू अशिक्षा, शोषण, असमानता र गरिबीका कारण पछि परेका छन् र दुःख पनि पाएका छन् । उनीहरूले आफ्ना मनका भावना वा वेदनाहरू मेलापात गर्दा वा फुर्सदका समयमा लोकलयमा ढालेर गीतका माध्यमबाट व्यक्त गर्दछन् । यस जिल्लाका निम्न वर्गीय जनताहरू धनीहरूको घरमा कामकाज गरेर एकसरो लुगा र छाक टार्न वाध्य छन् । यो जिल्ला भारतको सीमान्त जिल्ला भएकोले यसमा कुमाउनी क्षेत्रको पनि प्रभाव परेको छ । भारतको कुमाउ विश्वविद्यालय नजिक पर्ने भएकाले त्यहाँ पुगेर शिक्षा आर्जन गर्ने अवसर भने उनीहरूलाई उपलव्ध छ । बैतडी समाजमा पुरुषको प्रधानाता भएकाले प्रायः जसो महिलाहरू पिछडिएका र चुल्हो चौकोमा मात्र सीमित रहेका छन् । यहाँको समाजमा छोराछोरी माथि पनि भेदभाव रहेको देखिन्छ । यहाँको समाजमा छोरालाई स्कूल पठाउने, छोरीलाई घाँसपात, मेलापात र घरको कार्यमा सीमित राख्ने परम्परा कायम नै छ । यहाँ बहु विवाह, बाल विवाह, अनमेल विवाह, देउकी प्रथा, बिरामी पर्दा धामी, झाँक्रे र झारपुकमा विश्वास गर्ने जस्ता रुढीवादी परम्परा पनि कायम नै छन् । यहाँका मानिसहरू छाउपडी प्रथामा विश्वास गर्ने, खाना खाँदा र पकाउँदा धोती लगाएर पकाउने र खाने भान्छा छोएमा छाउ मान्ने खाना पकाएपछि अग्निलाई दिने, खाना खाँदा बलीको भाग राख्ने जस्ता अन्ध विश्वासमा पनि उनीहरू जकडिएका छन् ।

बैतडी जिल्लामा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्छन् । जसमा ब्राह्मणभित्र पर्ने अवस्थी, पन्त, भट्ट, जोशी, ओझा, वाग, विष्ट, पाण्डेय लगायत अन्य थरका त्यस्तै क्षेत्री भित्र पर्ने चन्द, विष्ट, कठायत, थापा, धामी, रावल, महरा, भण्डारी,

आदि थरका र मल्ल, बम, शाही, कुँवर, वैश्य रहेका छन् भने शूद्रका थरहरूमा वि.क., भाण, ढोली, डुम, भूल, चुनारा, टमाटा, लुहार, सार्की र अन्य पर्दछन् ।

यस जिल्लाको वेशभूषा पनि आफ्नै किसिमको छ । केटाहरू र पुरुष वर्ग कोट, पैन्ट, सर्ट, कमिज, सुरुवाल, टोपी, मुफलर जस्ता पोशाक लगाउँछन् भने महिला वर्ग आङडो, पेटीकोट, धागरो, ब्लाउज, मेक्सि, धोती, साडी तथा केटीहरू कुर्ता, सुरुवाल, स्काप, चुन्नि लगाउँछन् । साथै उनीहरू जुत्ता, चप्पल, सेन्डिल र मोजा पनि लगाउँछन् ।

विवाहिता/अविवाहिता महिला हातमा चुरा, पोते, टिका, काटा, पाइज, फुली, बुलाँकी, मुनडा, औंठी, बाली, सुता, तिलहरी, डोरी, रिवन, धागो, रबड आदि गरगहना र श्रृङगारपटार गर्ने परम्परा विद्यमान नै छ । समयको माग अनुसार उक्त गरगहनाहरूमा परिवर्तन भएर आज भोली विस्तारै आधुनिक किसिमका गरगहनाहरू लगाउने चलन छ ।

यस जिल्लाका मानिसहरू समयको माग अनुसार विस्तारै रुढीवादी परम्परालाई त्यागेर आजको युगमा प्रवेश गर्दैछन् ।

### २.६ धार्मिक परम्परा प्रमुख चाडपर्व

बैतडी जिल्लाका मानिसहरू हिन्दू धर्ममा बढी मात्रामा आश्रित छन् । त्यसैले यहाँका मानिसहरू देवी देवताको पूजा उपासनामा बढी ध्यान दिन्छन् । यहाँका मानिसहरू भूमिदेवता र स्थानीय देवताप्रति बढी आस्थावान रहने गर्छन् । यहाँ बढी मात्रामा शिव मन्दिर र नगण्य मात्रामा वैष्णव मन्दिर पाइन्छन् । ताल, गुफा र पर्वतमा देवी देवताको बास हुन्छ र देवता रिसाएमा नराम्रो हुन्छ भन्ने विश्वास यहाँका मान्छेमा रहि आएको छ ।

यस जिल्लाका धार्मिक मन्दिरमा पूजा गर्ने व्यक्ति पूजारी, पन्डा, धामी, झाँक्रे, भरणे आदि हुन्छन् । यिनीहरू मन्दिरमा जाँदा भोका, चोखा र शुद्ध मानसिकता लिएर जान्छन् ।

यस जिल्लाका प्रमुख धार्मिक स्थलहरूमा त्रिपुरा सुन्दरी भगवती, निङ्गला शैनी भगवती, जगन्नाथ बाबा ग्वाल्लेक केदार, रौला केदार, सिगासधुरा, सिगास मन्दिर,

कैलपाल, भेलेलिङ्ग, अनिरुद्र, भूमिराज, भगवतीमाई, वणारसी, चन्नरै, शनसेर, सुरपाल,गोफा केदार, वासुलिङ्ग, वाथ्य, महारुद्र, मणिलेक जस्ता अन्य धार्मिक देवीदेवताहरू रहेको र यिनका मन्दिर नै यस क्षेत्रका प्रमुख धार्मिक स्थलहरू हुन् । यी मन्दिरहरूमा अलग-अलग पर्वहरूमा मेला लाग्दछन् । अथवा जात्र (जाँत) हुन्छ र श्रद्धालु भक्तजनहरूको सो समयमा ओइरो लाग्दछ र विभिन्न बाजा गाजाका साथ यी देवीदेवताको जाँत हुन्छ अथवा पूजा गरिन्छ र भक्तालुहरू मनोवाञ्चित फल प्राप्त गर्ने आशा गर्दछन् । यी मध्ये भक्तजनहरूले कुनै मन्दिरमा राँगाको बलि र कुनै मन्दिरमा बोकाको बलि गर्ने चलन पनि छ । विभिन्न देवताका अलग अलग पर्वहरू हुन्छन् भने विशेष गरी नवरात्री जस्ता पर्वहरूमा सम्पूर्ण देवी देवताको पूजाआजा गर्ने चलन रहि आएको छ । साथै बैतडेली समाजमा वर्षभरि विभिन्न प्रकारका चाडपर्वहरू धुमधामसँग मनाउने गरिन्छ । यहाँका मानिसहरू जुनसुकै कार्यका अवसरमा आफ्ना रीतिरिवाज र धार्मिक एवं सांस्कृतिक परम्पराहरू कायम राख्नमा सक्षम छन् । यस जिल्लाका मानिसहरू प्रायःजसो देवी देवताप्रति बढी आस्थावान् रहि आएका  छन् । साथै वर्षभरिमा बैतडेली समाजमा सानातिना र प्रमुख गरी थुप्रै धार्मिक चाडपर्वहरू मनाउने गरे तापनि केही प्रमुख चाडपर्वहरू यसप्रकार छन् :-

### २.६.१ दसैं-तिहार

दसैं-हिन्दूहरूको महत्त्वपूर्ण पर्व हो । नेपाल अधिराज्य भरि धूमधामसँग मनाइने यस पर्वमा पुरुष तथा महिलाहरूले नौ दिनसम्म देवी भगवतीको पूजा उपासनाका साथ धुमधामसँग मनाउने गर्दछन् । अष्टमी र नवमीका दिन भगवतीको मन्दिरमा राँगा र बोकाको बलि गरिन्छ र जात्रा पनि लाग्छ । स्थानीय भाषामा यस लाई जाँत भनिन्छ र पुरुष तथा महिलाहरू मन्दिरमा भजन, आरती, पूजाआजा र देउडा खेल खेली रमाइलो पनि गर्दछन् ।

साथै तिहार भनेको दाजुभाइ र दिदीबहनिनी बीच सौहार्द माया प्रेम गाँस्ने चाड पर्व हो । यसमा बहिनीले आफ्ना दाजु भाइसित टीका थापेर आशिर्वाद ग्रहण गर्दछन् र दाजु

भाईले गच्छे अनुसार दक्षिणा दिन्छन् । यस पर्वमा राम्रो पकवान खुवाउने चलन पनि छ । यसको अन्त्यमा देउसी र भैलो पनि खेल्ने चलन छ । तिहारमा कुकुर, गाई, गोरु र धनकी देवी लक्ष्मीको पूजा पनि गरिन्छ । यसरी नै बैतडी जिल्ला लगायत नेपाल अधिराज्यभरि यो दसैं-तिहार भन्ने चाड धुमधामका साथ मनाउने गरिन्छ ।

## २.६.२ गोरा

बैतडी समाजमा यस पर्वको महत्वपूर्ण स्थान छ । यो पर्व भाद्र महिनाको पञ्चमीदेखि अष्टमीसम्म मनाउने गरिन्छ । 'गोरा' शब्द 'गौरी' बाट बनेको हो र त्यसैबाट विकसित गौराबाट परिर्वतन भएर 'गमरा' भएको हो । यस पर्वलाई यहाँका मान्छेहरू राम्रा किसिमका खाना र लुगाकपडा साथ खुशी भएर मनाउने गर्दछन् । यस पर्वमा आइमाईहरू उपवास बसेर शिवकी पत्नी गौरा देवीको पूजा गर्दछन् । खास गरी यो महिला वर्गको चाड हो । यस चाडमा अष्टमीका दिन आइमाईहरू बिरुडाद्वारा आफन्त जनको टाउको पुज्ने र आशीर्वाद लिने र दिने गर्दछन् । यसैदिन महिलाहरूले दुबो, धागो र **सप्तम्मे** पनि लगाउँछन् । साथै पुरुषहरू बेलुकीपख खेल हाल्ने र शिवालिङ्ग चैत, धमारी र देउडा गाएर रमाइलो गर्ने गर्छन् । महिलाहरू पनि गोराको डालो शिरमा राखेर नाच्ने गाउने र अठेवाली पनि गाउने गर्छन् र अन्त्यमा फल फट्काउने पनि गर्छन् । यस पर्वको समापनमा गौरीको मूर्तिलाई कुनै पवित्र स्थान वा धार्मिक स्थानमा इनार र कुवामा सेलाउने चलन छ । यसरी नै यस जिल्लामा गौरा पर्व धुमधामका साथ मनाउने गरिन्छ ।

## २.६.३ माघे सङ्क्रान्ति

माघ महिनामा पर्ने यस चाडमा बैतडी जिल्लाका मानिसहरू पवित्र एवं धार्मिक पर्वका रूपमा मानेर विभिन्न धार्मिक स्थल र पवित्र गङ्गामा गएर उपवास बसी दान-दक्षिणा र पूजा-आजा, धुपबत्ती गर्ने गर्दछन् । सकेसम्म महिनाभरी नै आइमाईहरू उपवास बसेर स्नान गरी उपवास बसी पूजाआजा र दान दक्षिणा गर्ने चलन छ । सङ्क्रान्तिको दिन प्रात : कालमा कागलाई 'का कौवा का' मेरो माणो खा' माणो भनेरे अथवा

चामलको सेलरोटी दिने चलन पनि छ । यो दिन खिचडी लगायत अन्य पकवान पनि पकाएर खाने र आफन्तलाई पनि खुवाउने चलन छ । साथै तीलका काठको आगो ताप्ने चलन पनि छ ।

### २.६.४ बिसु

यो वैशाख महिनाको सङ्क्रान्तिका दिन पर्दछ । यस दिन यहाँका मानिसहरू नजिकको कुवा वा पोखरी धारामा गएर वर्ष भरिमा आफूलाई कुनै किसिमका रोगहरू नलागुन् भनेर घुँडा र काँधमा फुल राखेर 'विष बग्यो फुल चढ्यो' भन्दै प्रातःकालीन स्नान गर्ने चलन पनि रहि आएको छ । यसै दिन विहान बेलुकी पख राम्रो खाना खाने र देवर भाउजूबीच मनोरञ्जन गर्न सिस्नो लगाउने चलन पनि बैतडेली समाजमा व्याप्त नै छ । साथै यस दिन मन्दिरमा गएर आफूलाई वर्ष भरिमा सुख शान्तिको कामनाका लागि पूजापाठ गर्ने चलन पनि छ । यस दिन साँझपख भजन र देउडा खेल्ने चलन छ ।

### २.६.५ हरेलो

बैतडेली समाजमा साउन १ गते हरेलो पर्व मनाउने चलन छ । यस दिन कृषकहरूले आफूले लगाएको बालीनाली सप्रियोस् र मुसा चराहरूबाट बचोस् भनेर आफ्नो खेत बारीमा पहराका लागि मेलका फल भएका हाँगा गाड्ने चलन छ । साथै भूतप्रेतबाट बाँच्नका लागि झिझिर काँडी आफ्ना ढोकामा र झ्यालमा राख्ने गरिन्छ । यसबाट घरमा भूतप्रेत आउँदैन भन्ने भावना रहि आएको छ ।

### २.६.६ ओल्के

बैतडी जिल्लामा यस पर्वको आफ्नै महत्त्व रहि आएको छ । भाद्र १ गते यो पर्व पर्छ ।यस पर्वमा सानाले ठूला बडाबाट आशिर्वाद प्राप्त गर्ने गर्छन् । साथै यस पर्वमा गाउँका भैभलादमी र मुखियालाई तल्लो जातका मानिसहरूले सागपात, फलफूल, सियो र अन्य कुरा दिएर पैसा मागने चलन पनि छ ।यो पर्व बोहरा जातिले विशेषगरी मनाउँछन् ।

उनीहरूले यस पर्वमा विभिन्न  किसिमका पकवान पकाउने र मनोरञ्जनका लागि साँझ पख देउडा झम्काउने चलन  पनि छ ।

## २.६.७ फागु पूर्णिमा

यो पर्व पहाडी भागमा भन्दा तराई भागमा बढी धुमधामका साथ मनाइन्छ । यसलाई होली पनि भनिन्छ । यो पर्व फागुन महिनामा पर्छ । साथै यस पर्वलाई यहाँका मानिसहरूले पनि धुमधामका साथ मनाउने गर्दछन् । यो पर्व फागुन महिनाको एकादशी देखि पूर्णिमा सम्म बढी हर्षोल्लासका साथ मनाउने गरिन्छ । चार दिनसम्म राधा र कृष्णको नाम लिई होली खेलिन्छ र अबिर धस्ने, घरघरमा राधा कृष्णको भजन घन्काउने र नाँचगान एवम् भजन किर्तन गर्ने गरिन्छ । प्रत्येकका घर घरमा गएर होली खेल्ने, घर मालिकलाई अबिरद्वारा स्वागत गर्ने र घरमालिकबाट यथाशक्ति पैसा ग्रहण गरी अन्त्यमा आशिर्वाद दिने गरिन्छ । यस पर्वको अन्तिम दिनलाई छ्यौली पूर्णिमा भनी मनाइन्छ । यसै दिन होलीको दहन पनि गरिन्छ । यसरी प्राप्त पैसाले सबै मिली बनभोज गर्ने अथवा कुनै संस्थालाई प्रदान गर्ने कार्य गरिन्छ । यसरी नै यो पर्व यस जिल्लाका मानिसहरूले मनाउने गर्छन् ।

# परिच्छेद -तिन

## बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित गमरा गीतको सङ्कलन

बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित गमरा गीतहरू यहाँ सङ्कलित छन् । गीत संकलनका क्रममा यस क्षेत्रका शंकरपुर, शैलेश्वर, शिखरपुर, भौनेली,गुजार, हाट, मल्लादेही, गा.वि.स.  मा अध्ययनकर्ता पुगेर यी गीतहरू संकलन गरिएका हुन् । गीत संकलन गर्दा सम्बन्धित गायकहरूले गाएको र नृत्य प्रस्तुत गरेको प्रत्यक्ष अवलोकन गरिएको थियो । उनीहरूसँग अन्तर्क्रिया र छलफल समेत गरेर यी गीतको लेखन गरिएको हो । यसरी गीतहरू उपलव्ध गराई सघाउनेहरू विभिन्न उमेर समूहका महिला तथा पुरुषहरू रहेका छन् । संकलित गीतहरूमधये केही महिलाहरूले मात्र गाउँछन् भने केही पुरुषहरूले मात्र गाउँछन् । ती दुवै प्रकारका गीत र गीत उपलव्ध गराउने स्रोत व्यक्तिहरूको नामावली निम्न अनुसार छः–

### ३.१ महिलाले गाउने गमरा गीत

महिलाले गाउने गमरा पर्वका गीतहरू पनेरकी गोराको गीत, भित्रकी गोराको अठेवाली गीत र  खालामाईकी गोराको गीत हुन् । ती तल प्रस्तुत छन् :-

#### ३.१.१ पनेरकी गमराका गीतः-

यो गीत शंकरपुर गा.वि.स. वडा नं. ७ बस्ने श्रीमती बसन्ती अवस्थीले गाएकी हुन् ।

सगन बोल ! सगन बोल! माङ्लामुखी सगन बोल ।
विन्न सगना विन्नलगनात क्याउकै वरत होलो ।
बिन्न सगना विन्न लगना लोलीको वरत होलो ॥
विन्न सगना विन्न लगना लोलीको बरत कस्या होलो ।
इन् सगना इन् लगना लोलीको  बरत होलो ॥

इन् सगना इन् पर्वत लोलीको वरत होलो ।

भदौ मासकि सुकिलि पञ्चमी म इजु माइत बोलाया ॥

जेठो जति भयलो लोली गोरा राजाकि सवारी ।

उति कान्छो भयलो लोली गोरा धुलौटो हेरलो ॥

उति कान्छो भयलो लोली गोरखा भैंसीको ग्वालो ।

बाबा जती तेरा गमरादेवी विरूपैका बुढा ॥

कैरे लोली गोरा बोलाउन लाउलो त कैरे पुऱ्याउन लाउलो ।

भाउजुको भमालो दादाज्यूको सालो त लोक सित माइत आउनुभयो ॥

छना बाबाज्यू छना दादाज्यूत लोक सित माइत आउनु भयो ।

सरका लोग है चलि आइन लोली गोरा ।

मन्तालोग भयो उज्यालो ॥

मन्तालोग है चलि आइन लोली गोरा ।

शिखर धुरी उज्यालो ॥

शिखर धुरीहै चलि आइन लोली गोरा ।

पिपलकी चुप्पी उज्यालो ॥

पिपल चुप्पी है चलि आयन लोली गोरा ।

पिपलकी हाँडी उज्यालो ॥

पिपल हाँडी है चलि आइन लोली गोरा ।

पिपल फेदी उज्यालो ॥

पिपल फेदी है चलि आइन लोली गोरो

डाँडाकाँडा भै छ उज्यालो ।

डाँडाकाँडा है चलि आइन लोली गोरा,

रोडी खोली भैछ उज्यालो ।

रोडी खोली है चलि आइन लोली गोरा,

खेताली भै छ उज्यालो ।

खेवाली है चलि आइन लोली गोरा,
बाटुली भै छ उज्यालो ।
बाटुली है चलि आइन लोली गोरा ।
नौलीका बाट भै छ उज्यालो ॥

मायास्वर गुसाँया हमरा विनति सुन ।
विरुडी रुजुन्थे बत्ति जगुन्थे त,
कलु विरुडी लै आथि ।
मायास्वर गुसायाँ हमरात कलौं विरुडी
खोजी ल्याउनु ।
तति भन्ना माया स्वर गुसायाँ,
चलिगया मथुरा नगरी ।

मथुरा नगरकी बुढी रे आया त,
कलौ बिरुडी खोजी दिउन ।
अरु बिरुडी लैजा मायास्वर,
कलौ बिरुडीलै न आथि ।

ततिभन्ना मायास्वर गुसाई त,
धरै चलिव आमा रे ।
पनेरी कोइछ बाडी चाक राखी छ त,
आफू गुसाई रे खाली बस्या ।

हन्दुरी खोइहेऱ्यो पन्दुरी खोइहेऱ्यो
कति विरुडी लै नाइपायो ।
मायास्वर गुसायाँ हमरात,
कलौ विरुडी लै नाइपायो ॥

जानु मायास्वर गुसायाँत,
कलौ विरुडी खोजी ल्याउनु ।

तति भन्ना मायास्वर गुसायाँत,
चल्या गुसाई कनैया नगरी ॥

कनमा नगरीकी बुढी आमा त,
कलौ विरुडी खोजी दिउन् ।
अरु विरुडी लैजारे मायास्वर,
कलौं विरुडी नै आथि ॥

तति मन्मा मायास्वर गुसाँया,
धरै व चलि आया नरे ।
कनेठी खाइछ वार्ङ चाक राखी छ,
त आफू गुसाइ तनानी बस्या न ॥

हन्दुरी खोइ हेर,यो पन्दुरी खोइ हेर, यो,
कलौं विरुडी लै नाइ पायो त ॥
मायास्वर गुसायाँ हमरात कलौं,
बिरुडीलै नाइ पाया त ॥

विरुडी सुसुन्थ्यौ बत्ति जगुन्थ्युँ त,
कलौं विरुडी लै नाइ पाया रे ॥
भोका पेट तिमारे केश त,
सुधई वरत वस्या रे ॥

ततिकी अनाली लोली गमरा देवी त,
आफैं विरुडी उवजाइ ल्याउन रे
ततिकी धनाली लोली गमरा देवी त,
आफैं विरुडी उपाडी ल्याउन्न रे ॥

माया स्वरले अनिखाली दियो त,
चलि लोली गमरा रे मलायाका देश ।
हात समाइछ कोथला आँसित,

पाऱ्यो लोली वोदलाकीगाद ॥

अघि अघि लोली गमरा काट्युलो काठ त,

पछि पछि धनकी रे आग ।

अघि-अघि लोली गौरा बुयाकलौंत,

पछि-पछि भरभराइला औंर्यान रे ॥

एकपत्या भयान गमरा कलौंत,

पछि-पछि दुइपत्या भ्यानरे ।

तीन पत्या भ्यान गौराका कलौंत,

पछि चारै पत्याव भ्यानरे ॥

डाकुली सरी गौराका कलौंत,

धसमस फूल लागी ग्यान रे ।

धसमस फूल्या गौराका कलोंत,

कोसा खानाब भ्यान रे ॥

कलौं गोडान्नि लोली गमरा देवी,

पछि नेलीनालीब गर, यो

जोगीका भेष मायास्वरगुसायाँ त ।

कोसाई खान ब भयानरे ॥

कलौं सोराको कल्युवारी चेल्यु त,

कोसा खान देल्यौकी नाई ।

पैलेकि कोसी मायास्वर गुसायाकी त,

दोसरी कोशी गणपती बाबाकी रे ॥

तेसरी कोसी त सरस्वती कन्याकी,

चौथी कोसी मैलोली खौंलो,

पाचौं कोसी सिट्टि संसारकी,

छ्यौं मै तो जोगी बनौंलो ॥

कलौं गोडन्नी लोली गौरा देवी,
कलौं चुटी चाटी लेयान रे ।
बुबुजति बुबुहमरात,
सुनको कुणेलो दाइजो दिय ॥

मुमा सोधनी लोलीगौरा,
तमरी आमालाई सोध रे ।
आमा जति आमा हमरा त,
सुनको कुणेलो दाइजो दिय ॥

बिरुडी रुजुन्थ्यौं बत्ति जगुन्थ्यौं त,
सुनको कुणेलो दाइजो दिय,
सुनको कुणेलो लोली कसैका नाइ पुग्यो,
लैजा रे लोली तामा कुणेली ॥

वावा जति बाबा हमरा त,
सुनको कुणेलो दाइजो दिय ।
म मुमा सोधी लोली गमरा देवी,
तमरी जियालै सोध रे ॥

बिरुडी भिजुन्थ्या बत्ति जगुन्थ्या त,
सुनको कुणेलो दाइजो दिय रे,
सुनको कुणेलो कसैको नाइ पुग्यो,
लैजा लोली तामा कुणेलो ॥

भव्वा जति भौल्या दामोदर,
सुनको कुणेलो दाइजो दिय ।
लैजा लैजा दिदित हमरीत
सुनको कुणेलो दाइजो लैजा ॥

बुबुखाई भण्या बुबुले लै नाइ दियो ,

आमाले लै नाय दियो ।
बाब खाई भण्या बाबालेलै नाई दियो,
जियाखाइ भण्या जियालेलै नाई दियो ॥

दादाखाइ भण्या दादालेलै नाइदियो ।
भाउजुखाई भण्या भाउजुलेलै नाई दियो ॥
जय हो जिरे भौल्या दामोदर तैले त,
कुणेलो दाइजो दिए ।

जय हो जिरे भौलया दामोदर,
तेरी होइ भ्फौ कनया नगरी ।
मोणीमाणि लोलो गमरा देवी,
भै छ पुतलीका भेष ॥

मोरी माणी लोली गौरा देवी,
भै कुमालीका भेष ।
पाटपोटलाकी लोली गोरा देवी,
लोली गौरा देवी पटलो पइरन्नि ॥

हिय हरलाइकी लोली गमरा देवी,
लोली गमरा देवी हरलो पइरन्नि ।
कोतमरालोलीगमरा देवी घर गइन,
कोरे ल्याइथ्यो पाट पोटलो ।

नरकलोक गइथ्या मेरा डोरीएकि घर त,
पुरै लेइथ्या हिमको हरलो त ।
कहाँत उपजिगया परमेश्वर ज्यू,
कहाँ त उपजिगया मायाश्वर गुसायाँ ॥

कहाँत उपजिगइन लोली गोरा रे,
काँसी हैत उपाजिगयान परमेश्वर ।

सुमेरु परवत हैत उपज्या परमेश्वर,
सर्कलोग भरी उपज्या मायास्वर ॥

मन्तालोग रे उपज्या माया स्वर रे,
गङ्गाबाट उपज्या माया स्वर रे ।
भूमि भुमेश्वर स्वर्ग परमेश्वर,
मन्तालोग उपजिगया लोलीगौरा ॥

पाँचै पाण्डु केदार चल्या,
छोरी बैना लगी पुछेट ।
पछेटिमा नलाग बैना,
घर तेरा काखीको वालो ॥

काखीको बालो दादा फेरी पाउला,
तमुजसो भयालु त काँ पाउलो दादा ॥
पाँचै पाण्डु केदार चल्या,
छोटी बनौ लागी पछेट ॥

पछेट नलाग छोटी बैना,
घर तेरो घुणिको पारो ।
घुणिको पारो फेरी पाउलो,
तमाजसा भयालुलै काँ पाउलोत ॥

पछेट नलाग छोटी बैना,
घर तेरा बेय्यो भतार ।
वेय्यो भतार दादा फेरी पाउलो,
तम जसा भयालुलै नाई पुँ ॥

= ० =

### ३.१.२ भित्रकी गोराको अठेवाली गीत

यो भित्रकी गमराकी अठ्यावाली अथवा गमरा गीत शंकरपुर गा.वि.स. वडा नं. ९ वस्ने श्रीमती वीरमा देवी अवस्थीले आफ्नो लय र भाकामा यसरी प्रस्तुत गरेका छन्, जस गीतलाई उहाँकै स्वर र भाकामा जस्ताको त्यस्तै टिपेको छु ।

सगन वोल ! सगन बोल ! माङ्लामुखी सगन बोल रे ।
विन्न सगना विन्न लगना त लोलिको वरत होलो रे ॥
विन्न सगना विन्न लगना लोलीको वरत कस्याँ होलो ।
इन सगना इन लगना लोलीको वरत होलो ॥
इन सगना इन पर्वत लोलीको बरत होलो ।
लिबिधसि देउ रोडी देउघर वत्ति जगाइदीया ॥
कोतत्मा लोली गोरालेथ्यो कोले गेरुमाटी महल लिबायो ।
सरे चेलो लेथ्यो कोरोमाटी पुत बुहारी लिवान्नि धसन्नि ॥
बसतमी ब्रह्माण पूर्वमुखी वस पूर्वमुखी वेदी पुरी दिय ।
बोलजन कन्दा मैधा हियजन दशरथी ब्रह्मा वेदी पुर सुरु सुरु ॥
बोली मेरी रुद्रबोली हियले मेरो बेद भरियो ।
जिय मेरी घरै सवि बोल ॥
उनाकुना निहुराई दिया टेठोवाङो हेरि दिया ।
वेदी पुर चौर सिंहार ॥
कतिका हारकी वेदी पुराइछ कति न वेदी का कोठा ।
वाउन्न हारकी वेदी पुऱ्याइछ चौपन्न वेदीका कोठा ॥
कहाँ उपाजीगया वेदुवा ब्रह्मण ।
कहाँ उपजी वेदइ पुरी ॥
काँसीमा उपजीगया वेदुवा ब्रह्मण ।
उहाँ उपजी वेदइ पुरी ॥
बस तम व्रहामण पूर्वमुखी वत्ति जगाइ दिय ।

क्यौकि बत्ति होली क्याउइको घ्यू होलो ॥

सपुरकी वत्ति होली कपुरवरी घ्यू होलो ।

सोवराज वत्ति जगाइ दिया काँ वत्ति उपजान्थि का निभन्थ्यि

काँ वत्ति वजाम्ति बल

काँसी माइत उपजान्थि वनारसी माइत निभान्थि इन जागन्ना

बजान्ति बल

बसतम व्रहम्मा पूर्वाभिमुखी वस, पूर्वामुखि गणेश थापिदिय ।

कहाँ उपजिगया गणपति देवा कहाँ उपजि खना रुमाली ॥

गयाँ माइत उपज्या गणपति देवा भौउत उपजिया रतना कमाला ।

दैयमूर्ति खनाकमाली चली आया गणपति देवा जोगी भेष वस्या ॥

गणपति जियारानी मेरो बालो कहाँ गयाथ्यो पारवति झौमा तपसि गैन

झ्यौरा जनपसौ जिया कुवा जन डुवौ ॥

तमरो पुत गणपती जमिनमा हुन्ना ।

नानाकाम ठुलाकाम गणपति देवा ॥

जमिनमा थपना बनौंला ।

जेठो पुत गौरीको जेठो पूत गौरीको ॥

गणपति जमिनमा थपना बनुन्ना ।

थाप व्रह्मा थाप व्रह्मा गणपति देवा थाप ॥

गणपति वडा छन् देवता ।

राता कपडा ढाकी दिया राता फूल वीणा दिया ॥

गणपति विणै थापि दिया ।

कलश गमराः

शंकपुर गा.वि.स. वडा नं. ९ कुनेटा बस्ने हिमन्ती अवस्थीद्वारा साभार गरिएको कलश स्थापना गर्ने गमरा पर्व गीतः

भर व्रह्मा भर व्रह्मा कलश देवा भर ।

कलश देवा वडा छन् देबता ।

मालाकुडी साली धान सेता कपडाले ॥

कलश देवा विणा थापि दिया ।

भर व्रह्मा भर व्रह्मा कलश देवा भर ॥

गंगा जमूना निरले पञ्चनपल्लवले ।

कलश देवा भरिवरी भर ॥

कपिली गाईका दुधले गोबरले हरिया दूवाले ।

कलश देवता भरि अरि भर व्रह्मा रे ॥

पियाला पिठाएले सालिन अक्षताले ।

कलश देवा भरि अरि भर ॥

वस तामि व्राहमण बस पूर्वामुखी वस ।

पूर्वामुखी कुण्डली रोकाइ दिय ॥

तन रोक्या कुण्डलीमा क्यौ क्यौ कि सार चाहिन्छि ।

क्यौले कुण्डली रोकन्ना ॥

आलोमाटो काँचो दूवो वाइमाई अगरवत्ति ।

व्रह्मा कुण्डली रोकन्ना ॥

तमले रोक्या कुण्डलीमा चोखो माटो चाहिन्छ ।

तमले रोक्या कुण्डलीमा चोखा फल चाहिन्ना ॥

तम रोक्या कुण्डलमिा सालिका अच्छेत चाहिन्ना ।

पहेलो पिठायो नि चाहिन्ना ॥

तम रोक्ना कुण्डलमिा कपुर वत्ति घिउ चाहिन्ना ।

तम रोक्या कुण्डलीमा चोखो दूध चाहिन्ना ॥

ल्पसल्पस क्वार चेल्यू चोखाफल टिपिलेस ।

चोखा जतिफल कुसाया निनिरे किरीका विटाल्या ॥

निनिरे किरिका विटाल्याफल दोष नै आथि ।

लेसलेस क्वार चेल्यू चोखा फूल टिपिलेस ॥

चोखो जति फूल त भमरा किरिका विटाल्यो ।

भमरा किरिका विटाल्या फूलत दोष न आथि ॥

लेसलेस चेल्यु चोटलो दुध ढुइलेस ।

चोखो जति दुध गुसाया त वछुडीको विटायो ॥

वछुडिका विटाल्या दुधमाइत मात दोषलै ना आथि

लेसलेस क्वार चेली त चोख जल भरिलेस ॥

चोखो जति जल गुसायात मुछलीको विटाया ।

मछुलिको विटाया जलत दोषलै आथि ॥

लेस लेस क्वार चेल्युत सालिका अच्छेत ।

चोखा जति अच्छेत त गुसायाओखली मुसलीका विटाल्या ॥

ओखली मुसलकि विटाल्या अच्छेत दोषलै आथि ।

लेसलेस क्वार चेल्युत चोखो पहेंलो पिठायो ॥

चोखो जतिपहेंलो पिठायोत घुनेकिराले विटाल्यो ।

घुने किराको विटाल्यो पिठायो त दोषलैब नाआथि ॥

लेसलेस क्वार चेल्युत चोखो गौंत गोबर लेस ।

चोखो जतिगौंत गोबर त गौरे किराको वटाल्यो ।

गौरे किराका वटाल्या गौंत गोबर दोषलैब न आथि ।

लेसलेस क्वार चेल्युत चोखो दूबो टिपि लेस ॥

चोखो जसि दूवो त गुसाया घोडे पाठिले पिटाल्या ।

घोडेपाठीले विटाल्या दुबोत दोषलै न आथि ॥

सरकका लोग है चलि आइन लोली गोरा ।

मन्ता लोग भैछ उज्यालो ॥

मन्तोलोक है चलि आइन लोली गोरा ।

शिखर धुरी भै छ उज्यालो ॥

शिखर धुरी है चलि आइन लोली गोरा ।
पिपल चुप्फी उज्यालो ॥
पिपल चुप्फी है चलि आइन लोली गोरा ।
पिपल हाँडी उज्यालो ॥
पिपल हाडी है चलि आइन लोली गोरा ।
पिपल फेदी उज्यालो ॥
पिपल फेदी है चलि आइन लोली गोरा ।
डाँडिकाँडी भै छ उज्यालो ॥
डाँडीकाँडी है चलि आइन लोली गोरा ।
रोडीखोली भै छ उज्यालो ॥
रोडी खोली है चलि आइन लोली गोरा ।
खेताली भै छ उज्यालो ॥
खेताली है चलि आइन लोली गोरा ।
बाटुली भै छ उज्यालो ॥
वाटुली है चलिआइन लोली गोरा ।
फूलभाडी भै छ उज्यालो ॥
फूलभाडी है चलिआइन लोली गोरा ।
तुलसी स्वाडा भै छ उज्यालो ॥
तुलसी स्वाडा है चलि आइन लोली गोरा ।
पटकन भैछ उज्यालो ॥
पटकन हैचलि आइन लोली गोरा ।
खुट्कुडी भै छ उज्यालो ॥
खुट्कुडी है चलि आइन लोली गोरा ।
लिसनी भइछ उज्यालो ।
देलिन्थला भै छ उज्यालो ॥

लोडी खुट्की गैछ पतेली फूटिगैछ ।
बाहिरबाटी कोरे लोग आयो ॥
लोग्या सोग्या कोइ नाइव आउछ त ।
बाहिर गङ्रा गुसाइ आइन् ॥
तमरी हिडाइ छरे ज्यू हो त ।
तमरी बसाइ छ ॥
तमरी छ बोलाई रे ज्यू हो त ।
तमरी हसाइ छ रे ॥
तमरी छ च्युणोली ज्यू हो त ।
तमरी दन्त पाटी ॥
तमरी छ दन्तपाटी त ।
तमरी नाक डाणी ॥
तमरी छ अनार ज्यू हो त ।
तपरी छ पनार ॥
आसबस लोली गमरादेवी ठुली पाण वस ।
ठूली पाण बसन्याथ्यू मैत भदुभद्या खेलन्ना ॥
आसबस लोली गमरा देवी भैरोणी पाण बस ।
भैरोणी पाण बस्न्याथ्युमैत बाबाज्यू देवती पूजन्ना ॥
आसबस लोली गमरा देवी बाडी चाक बस ।
वाडी चाक बस्न्याथ्युमैत बाबाज्यूका पाउना बसन्ना ॥
आसबस लोलीगमरा देवी चाक चुनेली बस ।
चाकचुनेली वसन्याथ्युमैत चाकै चुनेरी बसन्ना ॥
आसबस गमरादेवीगाब मजेली बस ।
गाबमजेली बसन्याथ्युँमैत बाबाज्यू सुकला गरन्ना ॥
आसबस गमरादेवी चुलीकुण्डा बस ।

चुली कुण्डा वसन्याथ्यूँ मैत जियामेरो ज्यूनार सालन्ना ॥

आसबस लोली गमरा देवी नानी चाकत बस ।

नानी चाक वसन्याथ्युँ मैत भौजु शिला पिसन्ना ॥

आसबस गमरा देवी देलीथलामा बस ।

देलिथलामा बसन्याथ्यूँ मैत लखमा विराली बसिरन्नि ॥

आसबस गमरादेवी दारकुण्डा बस ।

दारकुण्डा बसन्याथुँमैत हकुवा झकुवा बसन्ना ॥

तमलोली आयावटीत असुब लाग्यो रे ।

तमलोली आयावरे धन्य धन्य बलाग्यो ॥

आजकी आउलाइजु भोली घर झाउला ।

तम इजु क्यौ असुब छ रे ॥

आज आइलाइजु भोल घर झाउला ।

तम इजु क्यौ धन्दा मान्या रे ॥

आसबस लोली गमरा देवी ।

सुनका सिंहासन बस ॥

सिंहासन बसिरन्ना शिवालिङ्ग देवा ।

मैलोली दुधकुण्ड चलौं ॥

सिंहासन वसिरन्ना कैलपाल देवा,

मै लोली दुधक.ण्ड चलौं ॥

सिंहासन वसिरन्ना भेल्या देवा,

मै लोली दुघ कुण्ड चलौं ॥

सिंहासन बसिरन्ना अनिरुद्र देवा,

मैं लोली दुध कुण्ड चलौं ॥

सिंहासन बसिरन्ना पिशाच देवा,

मैंलोली दुधकुण्ड चलौं त ॥

सिंहासन बसिरन्ना सन्जा देवी,
मै लोली दुधकुण्ड चलौं त ॥
सिंहासन बसिरन्ना भूमिराज देवा,
मैंलोली दुध कुण्ड चलौं त ॥
सिंहासन बसि रन्ना केदार देवा,
मैं लोली दुध कुण्ड चलौं त ॥
सिंहासन वसिरन्ना तेत्तिसकोटी देवा,
मैंलोली दुध कुण्ड चलौं त ॥
सिंहासन बसिरन्ना सवै वहिनी भगवती,
मैं लोली दुध कुण्ड चलौं त ॥
मन्ता लोग रानी बामनी बसिबऱ्यान ॥
वरन पिपल मणि गमरा सुतिऱ्यान,
सुतेकीगमरा देवी विउझाली दिय ॥
बिउजु छु बिउजो छु बुबुरे हमरा,
बिउजो छु विउजो छु आमारे हमरा ॥
बिउजो छु बिउजु छु बाबारे हमरा,
बिउजोछु बिउजोछु जियारे हमरा ॥

इति भितरकी गमराका गीत समाप्त

## ३.१.३ खालामाईकी अठेवाली भित्र गाइने गमरा गीत

### ३.१.३.१ खालामाईकी

यो गीत शंकरपुर गा.वि.स. बस्ने श्रीमती बसन्ती अवस्थीबाट साभार गरेको हो ।

सगुन बोल ! सगुन बोल! मंगला मुखी सुगन बोल !
विन्न सगना विन्न लगना त क्याउको बरत होलो ॥
विन्न सगना विन्न लगना त लोलीको बरत होलो ।
विन्न सगना विन्न लगना त लोलीको बरत होलो ॥

इन सगना इन लगना लोलीको बरत होलो ।

इन सगना इन बखत त लोलीको बरत होलो ॥

रातिकि उदयारती रातकी पहर राती,

हम गुसाई सपना धन्योल ।

रातिकि उदायाराति रातकि चञ्चला राती,

तम गुसाई सब धन्योल ॥

दिय दिय लोली गमरा देवी तामाकि धुङुली बाहिर दिय ।

हमतमलोली गमरा देवी समुद्र स्नान गर्न झानु ॥

सयघडा पानीया घरै बोकि दिउलो तम गुसाई घरै हौ स्नान ।

सयघडा पानीयाले शिरलै नाइ भिज हमलोली समुद्र स्नान ॥

सयघडा पानीयाले जनैजोलो नाइ भिज हमलोली समुद्र स्नान ।

सयघडा पानीयाले अङौछाईनाइ भिज हमलोली समुद्र स्नान ॥

तत्ति भन्ना मायास्वर गुसायाँ समुद्र स्नान गर्न ग्यान ।

लिबिघसि देउरोडी देउघर अखरी पर गैछ ॥

टिप्या जति फूलरे पछित ओइलाइ परु ग्यान ।

घोट्यो जति श्रीखण्ड चन्दन अखरी पर गैछ ॥

भिजायाजति सालिका अच्छेत अखरी परग्यान ।

दुयो जति दुध त गुसायाा भिजि पर गै छ ॥

माझ्या जति भाडाँकुँडा त ओगब लागी ग्यान ।

भौल्या जति भौल्या दामोदर तेरा भिना इतुनी क्या बेर ॥

जानु जानु भौले दामोदर तेरा भिना खोजी घर ल्याउनु ।

घ्यूनाघ्यूना भौल्या दामोदर गङ्गा घाट बग्यान ॥

भोली गरन्या भिनाज्यू तमरा दिदि माइत सौतेनी आमा ।

ध्यूना ध्यूना भौले दामोदर घरै ब चलि आया ॥

आसबस भौले दामोदर कौशुभ कौकि वाद ।

वात जति क्या कौंरे दिदि मेरा हियलागली खात ॥

तममाइत दिदि हमरात भिनाज्यूले सौतेनी ल्यायो ।

बाटातलि बाटामाथि बुढी आमा कुसम गुडन्नी ॥

बाटा चलिजाउ वेदुवा वामन ।

तति तरुन्यामूल्या काँलैजान्छै मात्रमूनि सञ्जा गङ्गा ॥

मायास्वर गुसायाँ बेउरुचियो लगनपाड्ड भ्कानौ ।

वेद तेरा खोसी खासी दिय जो बेला मुटुक्क मारौ तेरी घार ॥

वाटातली वाटामाथी बुढी आमा कुसुम गोडन्नि ।

बाटा हिड माड्लामुखी चेली ततिकि तुराडी मलाई काँ लैजान्छौ ॥

मालमूनि सञ्जा गंगा मायास्वर बेउरचियो ।

लगनकि मङ्गल गराउन भ्कानौं ।

मंगल तेरा खोशी खाशी दिय ॥

नबोलुंलो सुटुक्क भ्कानौं तेरीघार ।

ततिका तुराडीमूल्या होली मोरो कालैजान्छै ॥

मात्रमुनि सञ्जागंगा मायास्वर बेउरचियो ।

लगनकि ढोल बजन्ना ॥

ढोल तेरा फेडिफाडी हात लिउलो ।

लाकुडी मारौं तेरी पिठ ॥

नङरकि बुढी आमा सीलुलो कसो गराया असकन्या हन्ना ।

दाइनबोली लैभ्का लोली दमाकि पारी ॥

बहुबोली चामल मानि ।

खणगरे लोली विरुणगरे घरको ॥

देउको जन निभाए ।

चौको फोडी दिउलो देउडो उदाइ दिउलो ।

विय अरन कसो दिउलो ॥

चौको फोडी देमौलो देउडो उदाइ दिउलो ।

माया स्वर असुकन हुन्ना ॥

चौको फोडि देल्यौ देउडो उदाइ दिल्यौं ।

गणपति असुकन हुन्ना ॥

हपुरका बोल रेकाँडा नै कैकि अरनि आइन ।

हपुरका डाँडानी कंकि अर्धाङ्गी आइन् ॥

अर्धङा मर्धङा जन बोल लोली गोरा ।

तिरे हुन् मेरी बिहे लोली ॥

औरेनि मौरेनि जन बोल लोलि गोरा ।

तिरे हुन् मेरी बिहे लोली रे ॥

घडुल्लो भरिदिउलो लुकुडी सुकाइ दिउलो ।

हम दिदि विहे अर्न दिय ॥

घडुल्लो आफैं भरुलो लुकिडी आफैं सुसुलो ।

बिहे अर्न कसो दिउलो ॥

गौउ चराई दिउलो घाँस काटि दिउलो ।

हम दिदि विहे अर्न दिय ॥

गौउ आफै चरौंलो घाँस आफै काटुलो ।

विहे अर्न कसो दिउलो ॥

पानपर्सो गरि दिउलो भाँडाकुँडा माझी दिउलो ।

हम दिदी विहे अर्न दिउ ॥

पानपर्सो आफैं गरुलो भाँडाकुँडा आफै माझौलो ।

विहे अर्न कसो दिउलो ॥

जिउनार सालिदिउलो रोसियो लिबिदिउलो ।

हम दिदि विहे अर्न दिय ॥

जिउनार आफैं साल्लो रोसियो आफै लिब्लो ।

विहे अर्न कसो दिउलो ॥

गणपति हेरि दिउलो गणपति खोएदिउलो ।

हम दिदि विहे अर्न दिय ॥

ठाडा गाडा ओरो हाल्ला बिथरा गरा चिरो हाल्ला,

तम हम वरावरी वाँड ।

उभादेशको बानरे चरोत उना देश ब आयो ।

तम खाइत बनिरे चरा क्याउकै छ बमेद ॥

रातो पाट कालो रे पाट त पियलो सिदुरीको साँरो ।

माया स्वर गुसाया हमरा त सिदुरीको छाडो सारिदय ॥

गोरी हुन्नि सञ्जा रे गंगा त तन दुइकि सिदुरी सुबाडो ।

काली होल्यौ तम लोली गोरा तमकि तिलक्या स्वाडो ॥

काला हन्ना समुद्रनिर तै निर स्नान जन गऱ्या ।

काली हुन्नि रुदरक्ष् माला तैमाला जप जन गऱ्यो ॥

काला हन्ना मेर मन्दिर तनमुनि बासो जन गऱ्यो ।

काला हन्ना काली कैलागाई तै गाइ दुध जन खाया ॥

काला हन्ना गणपति वाला तै वाला काखी जनलिया ।

काला हन्ना नेतर जोला तनगाडी बेडुपात राख्या ॥

काला हन्ना भाय्याका केश तन काली पाट राख्या ।

काली हुलो मैलोली गोरा हमरो बिरुडो जनखाया ॥

काली हुली मैलोली गोरा कालो सिष्टि संसार ।

गोरी हुन्नि सञ्जा रे गङ्गा गाई बल्लको मोल ॥

काली हुलो मैलोली गोरा कस्तुरी बिनाको मोल ।

नै मई मायास्वर नाना कुलकी नाना थरकी ॥

नाना वंशकी पूतकी म अपुति नै मुइ मायास्वर ।

दुधकिन टाँटी शिव किन ढाँटी रूप किन ढाँटी ॥

कयौ भागि सप्तमी लाया नइत मूइ लोलीगोरा ।
नाना कूलकी नानाथरकी नाना जातकी नाना वंशकि ॥
नैइत मुइलोली गोरा दुधकी नघाँटिकि शिव कि ।
घाँटीकि रूपकिन घाटिकी कोलाकिन अबेउ ॥
एकली छ भनिवरी सौतमी लाया ।
मायास्वर गुसाया विनति हमरि सुण ॥
लौना खाना दिन आया पटोलो रुयि दिय ।
तमरा घर आयावटी रातो लै नाइ लाया ॥
तमरा घर आयाबटी तातो लै नाइ खाया ।
तम लोली आयवरी दालिदर लाग्यो ॥
नै मैले मायाश्वर रात उठी खाया ।
नै मैले मायाश्वर दुनि धाणी लाया ॥
नै मैले मायाश्वर पुरिक ठोस्या ।
नै मैले मायाश्वर वलागाली दिया ॥
नै मैले मायाश्वर गोडाले गोडो धोया ।
नै मैले मायाश्वर भाँडालाई भाँडो ठोस्या ॥
नै मैले मायाश्वर ठाडा केश कोऱ्यो ।
नै मैले मायाश्वर देउरोडी झाड राख्या ॥
नै मैले मामाश्वर ठाडी सुप्पिलिफण्या ।
नै मैले मायाश्वर ठाडी कच्चि झार झाड्या ॥
नै मैले मामाश्वर ठाडाई पानी खाया ।
क्यौं कि लाई दालीदर लाग्यो ॥
नैतमले लोली गोरा रात उठी खाया दुनि धाणी लाया ।
नैतमले लोली गोरा पुरिक ठोस्या ॥
नैतमले लोली गोरा बालागाली दिया ।

नैतमले लोली गोरा गोडाले गोडो धोया ॥
नैतमले लोली गोरा ठाडा केश कोऱ्या ।
नैतमले लोली गोरा देउराडी भ्फाडराख्या ॥
नैतमले लोली गोरा ठाडा सुप्पा लिफन्या ।
नै तमलेलोली गोरा कुच्चा भ्फाड राख्या ॥
एकै औंशीको वामन भाकोइ घर ।
लाया तन वरी दालिदर लाग्यो ॥
पोट्लो त रोज्यो गुसाइले वाह्रै मण्डप फेरी ।
हिङ्लाकी शिरानी तोडी माइतोडा गइन् ॥
वाटोमाइकी सल्लि वराइल मेरी ।
लोली देखेथि कि नाई ॥
काँतेरी तेती लोली का तेरि गोरा मै साल्लि आफ्नै सुसार ।
सुसानी भए साल्लि भुवामी भए तेरो जति सल्ली ॥
नाइसल्लि काट्योजन पल्लो ।
वाटामाइकि खन्नी बराइली मेरी लोली देख्याथ्याकि नाई ॥
कातेरी लोली कातेरी गोरा मै खन्नी आफनी खसमसार ।
खसमसान्नी भए खन्नी खसमसानी भए ॥
तेरो जति खन्नी बराली जडाइ फल लागौं ।
वाटामाइकि अैरीबराइ मेरी लोली देख्याथिकि नाई ॥
पाय पटला परिरन्थ्यु भ्फोजडी पापऱ्यो ।
तेरो जति अइरिवराइली भ्फाल बढीरहोस् ॥
दारका दरछिनावाट मायाश्वर चाहरन्ना ।
लोली गोरा दुख सुख काटन्नी ॥
दुव्ला माइतिघर केरे खानी खाल्यौ ।
दुव्ला माइतिघर केरे लाइनि लाल्यौ ॥

दुब्ला माइतिघर केरे दाइजो ल्याल्यौ ।
खानिरे केरे खाल्यौ लोली भुस्या पोली रोटी ॥
सागरे के खाल्यौ लोली सिसिनीको साग ।
दाइजोरे केल्याल्यौ लोली कानो रे बल्ल ॥
दाइजोरे के ल्याल्यौ लोली टोटेरे भतेलो ।
लाइन्निरे लाइल्यौ लोली बोदल्या छिमटि ॥
छोड गुसाया मामाश्वर पछुडीको चाल ।
अंगुली हाली लोली गोरा उपर धेकुन्नी ॥
ढुट्यामूल रोटीकोत खिर खड्कन भैइछ ।
सिसिनिन्का सागकोत अमृत भोजन ॥
बोदल्या छिमटिको त पात पतेलो भयो ।
कानारे बल्लकोत फूगो हात्ति भयो ॥
टोटेरे भदेलाकोत गड्कनचर भयो ।
तमत लोली गोरा कुटकपटन्नी रैछौ ॥
दाइन बोली बुबु बउ बोली पुसतक मायाश्वर ।
खेलौनलाग्या पौतोली हुपकाई घुणजोली निहुराई ॥
कण्डौली लुप्काई बाहुली लुलाई कन्न ढुलाई ।
खेल्ला खेल्ला मायाश्वर गुसाया वाझपाडी बोदयान-[२] ॥
गवेनी लागी रैन नैसक्यो ठाडटिपि औरेनि लाग्या ।
नै सक्यो ठाडा टिपि धेरैनी लाग्या नै सक्यो ॥
ठाडा टिपटिप लोली गमरा देवी तमरा ।
स्वामी तम ठाडा टिप ॥
मायाश्वर ठाडारे टिप्दा त लोली गोरा गइन विनास ।
आसन छाडि लोली गोरा परासन गइन् ॥
परासन छाडि लोली गोरा बिलोसन गइन् ।

विलोसन छाडि लोली गोरा विहोस् गइन् ॥
बाहिरभितर लोली हिङलो खेलन्नी ।
हिङ्लाकी लोली गोरा देवी हिङ्लो खेलन्नी ॥
पोटलाकी लोली गमरा देवी पोटलो पहिरन्नी ।
सञ्जा गङ्गा चुलो चौको गरन्नी ॥
नै लोली हिङ्लो खेलौंलो ।
सञ्जा गङ्गा पान पर्सो गरन्नि ॥
मैं लोली हिङ्लो खेलौंलो ।
उगाड उगाड शिवलिङ्ग देवा त ॥
सुनका केवाड उगाड ।
कसरी उगाडौं सुनका केपाड ॥
रूपाकी आगली परि सार ।
अधेकाको धेकालो वाहिर धेका भया ॥
सुनका केवाड उगाड ।
उगाड उगाड कैलपाल देवा ॥
सुनका केवाड उगाड ।
अधोकाको धेकालो वाहिर धेका भया ॥
सुनका केवाड उगाड ।
कशिका उगाडौं सुनका केवाड ।
रूपाकी आगली पनि सार ॥
उगाड उगाड भेले देवा त सुनका केवाड उगाड ।
अधेकाको धेकालो भयो वाहिर धेका भयो ॥
सुनका केवाड उगाड ।
कशिका उगाडौं मैत सुनका केवाड ॥
रूपाकी आगली पडि सार ।

उगाड उगाड अनिरुद्र देवा त सुनका केवाड उगाड ॥

अधेकाको धेकालो बाहिर धेकेका भयो ।

सुनको केवाड उगाड ॥

काशिका उगाडौं मैत सुनको केवाड ।

रूपाकी आगली पडि सार ॥

उगाड-२ पिजास देवा सुनका केवाड उगाड ।

अधेकाको धेकालो वाहिर धेका भयो ॥

सुनको केवाड उगाड ।

कशिका उगाडौं मैंत सुनको केवाड ॥

रूपाकी आगलीपडि सार ।

उगाड-२ तेत्तिसकोटी देवा सुनको केवाड उगाड ॥

अधेकाको धेकालो बाहिर धेका भयो ।

सुनको केवाड उगाड ॥

कशिका उगाडौं सुनको केवाड ।

रूपाकी आगली परि सार ॥

विहान गमरा देवीको महिलाहरूले घरभित्र पूजा आजा गरेर गाउने अठेवाली अथवा गमरा गीत समाप्त भयो । अब आर्को पृष्ठमा गमरा देवी खलामा लगेर गाउने गमरा गीतको एक झलक प्रस्तुत गरेको छु ।

### ३.१.३.२ खालामाईकी अठेवाली गीत

महिलाहरूको अष्टमीको दिनमा हिवान भित्र गमरा देवीको पूर्वोक्त कथित गीतबाट गमराको पूजा गरेर अनि अष्टमी कै दिन गमरा देवी लाई खालामा ल्याएर तल प्रस्तुत गीतद्वारा अथवा अठेवालीद्वारा गमरा देवीको पूजा आराधना गर्दछन् ।

यो गीत शंकरपुर गा.वि.स. वडा नं. ९ कुनेटा  बस्ने श्रीमती द्रोपती अवस्थीले गाएका हुन् । उहाँको भाका, लय जस्ताको त्यस्तै टिपेको छु ।

कहाँ त उपाजिगया परमेश्वर जिउ ।

सुमेरु परवत हैत उपाजिगया परमेश्वर जिउ ॥

काँसीका खन्यार हैत उपाजिगया परमेश्वर जिउ ।

महादेवज्यूकि नदी हैत उपजिगया परमेश्वर ॥

पाटनपगार हैत उपज्या परमेश्वर ।

मौणन मसान हैत उपज्या परमेश्वर ॥

सुरिजका रथ हैत उपज्या परमेश्वर ।

चन्द्रमाका कोख हैत उपज्या परमेश्वर ।

उपज्या परमेश्वर खाणाकारी घार ।

किरे जति परमेश्वर रथरे चल्यान ॥

किरे जति परमेश्वर लोली रे भयान ।

किरे जति परमेश्वर आगरे जल्यान ॥

किरे जति परमेश्वर बामन दुवार ।

बामन दुवार हैत देवती दुवार ॥

वरमा दुवार हैत देवती टुवार

देवती दुवार हैत राजका दुवार ॥

राजाका दुवार हैत ठकुर दुवार

ठकुर दुवार हैत पटन पागार ॥

पटनपागार हैत मौणन मसान ।

उपज्या गुसाई परमेश्वर खाणाकारीघार ॥

कहाँत उपजिगया मायाश्वर गुसाई ।

सर्कालोक ईश्वर धरि उपज्या मायाश्वर ॥

इश्वरका कोख हैत उपज्या मायाश्वर ।

बरमाइकि धौली मुनडि हैत उपज्या मायाश्वर ॥

सुनगिनवा सुनचौकी हैत उपज्या मायाश्वर ।

श्रीखण्ड चन्दन चौकी राज दुवार उपज्या मायाश्वर ॥
कहाँ त उपजिगइन लोली रे गमरा ।
भूमि भूमेश्वर स्वर्ग परमेश्वर मन्तालोक उपजिन
लोली ॥
मन्तालोक नारायण बरि लोली रे उपजि ।
गङ्गा वर बोट लोली रे उपजि ॥
धानगाडा सउ गाडा लोली रे उपजि ।
तिलबोटा तिलफूबरे लोली रे उपजि ॥
धतुरोबोट धतुरी फूल लोली रे उपजि ।
कुरिजबोट कुरीजफूल लोली रे उपजि ॥
सुरिज बोट सुरिज फूल लोली रे उपजि ।
बनैका चुलेठी बोट लोली रे उपजि ॥
लिभु वायाडी लिमुवा फूल लोली रे उपजि ॥
पञ्चैफल पञ्चै फूल लोली रे उपजि ।
पञ्चैबाजा पञ्चै बेला लोली रे उपजि ॥
पैलामास मैना देउ हो फूलवरी फूल्यो ।
फूलभलो फूल्यो रानी एक दिन भया ॥
एकै दिन भया रानी दुई दिन भया ।
दुई दनि भया रानी तीनै दिन भया ॥
तिनै दिन भया रानी चारै दिन भया ।
चौथा दिन मैना देउ हो गङ्गा तट गइन् ॥
हात समाइछ रूपाथाली गङ्गातट गइन् ।
धुणि सरि पानीयाले आङै मणि धुन्नि ॥
आङै मुणि धुन्नि रानी आङै सुद्धि भइन् ।
आङै सुद्धि भइन रानी सुरिज ज्वार ॥

जुवारे सुरिज रानी क्यारे वर दिन्ना ।
जुवारे सुरिज रानी कन्या वर दिन्ना ॥

फलभाडी गइन् रानी फलरे टिपिन ।
निका चोखा फलटिपि कुट्टा रे भरन्नी ॥
दुवी चौडा गइन रानी दूबो रे टिपन्नी ।
निका चोखो दूवो टिपि माथ भरन्नी ॥

फूलभाडी गइन् रानी फूल रे टिपन्नी ।
निका चोखा फूलटिपि मथेडो भरन्नी ॥
पाँचौं दिनभया रानी भइेकी सुदि भइन् ।
छयादिन मैना देउ हो देवता सुदि भइन् ॥

सतादिन मैना देउ हो पितर सुदि भइन् ।
अठादिन मैना देउ हो सबै सुदि भइन् ॥
नयाँ दिन मैना देउ हो भूमि सुदि भइन् ।
भूमि सुदि भइन रानी सबै सुदि भइन् ॥

दशौं दिनभया रानी एघार दिन भया ।
एघार दिन भया रानी बार दिन भया ॥
बार दिन भया रानी एकै महिना भया ।
एकै महिना भयारानी दुई महिना भया ॥

तिनै महिना भया रानी उर्मिला तलास ।
अनारका रुखको कोरे लोग होला ॥
एक दानो अनारको हम खान देऊ ।
तम होल्यौ पराइचेली हम विरानापुरी ॥

तैतेरी तलासीकोत हमतन्या सुच्चा ।
कन्याजति जन्मलि वेउन दिउलो ॥
बेटा जति जन्मलो भितर ल्यूलो ।

चौथा महिना देउ हो पिराडि पठाइन् ॥
पिरागि पठाइन् भनि कसैले नाइ जान्यो ।
पिराणि पठाइन् भनि साथनिले जान्यो ॥
पाचौं महिना देउ हो पुरिखले जान्यो ।
छयौं महिना देउ हो सासुले जान्यो ॥
सातामैना मैना देउ ससुराले जान्यो ।
आठौं महिना मैनादेउ गणल्याले जान्यो ॥
नया मैनै मैना देउ बेसनिले जान्यो ।
दशां महिना मैना देउ कन्यारे जनमि ॥
च्यहाँ गरि च्याहा गरि कन्यारे जनमी ।
सीरत जन्मी कन्या शिरै महादेव
कुमल जन्म्या कन्या कुमै केदार ।
पाइतला जन्म्या कन्या पदमकाफूल ॥
नयुन्नि धोयुन्नि माया पछ्यौरी ओड्डुन्नि ।
एकै दिन भया कन्या दुए दिन भया ॥
तिनै दिन भया कन्या चारै दिन भया ।
पाँचै दिन भया कन्या छए दिन भयो ॥
छयादिन बालीकन्याको छट्टुरे खेलायो ।
छट्टुरे खेलायो कन्या छट्कर्म गरायो ॥
सातौं दिन भया कन्या आठै दिन भया ।
आठै दिन बालीकन्याको दिउसोरे हेरायो ॥
धुलौटो हालन्ना बाबा पातडो हेरन्ना ।
नौ दिन भयाकन्या दशै दिन भया ॥
दशै दिन भया कन्या एघार दिन भया ।
एघार दिन बाली कन्याको न्वारनव रुचियो ॥

न्वारन रुचियो नाम क्या छोडियो ।
न्वारनब रुचियो कन्या गमरादेवी नाउ ॥
आज नरायणवरी क्याकि छ वडाई ।
क्यारे नरायणवरी कन्यारे जन्मी ॥

क्यारे नरायणबरी बेटारे जन्म्यो ।
बेटाजति जन्म्यो गुसाई निशान ॥
कन्याजति जन्मली उछङाइलोबाजो ।
बेटा बच्चा केबार जन्म्यो कन्यारे जन्मी ॥

बारै दनि भया कन्या एकै महिना भयो ।
दुई महिना भया कन्या तीन महिना भया ॥
चारै महिना भया कन्या पाँचै महिना भया ।
पाँचै महिना भया कन्या छए महिना भया ॥

छयामहिना बाली कन्याको अन्नप्रासन भयो ।
मरुडीका मधुसित अन्न प्रासन भयो ॥
गावडिका दुध सित अन्न प्रासन भयो ।
पौडौलीका घिऊ सित अन्न प्रासन भयो ॥

मौजसी मौवालीभए दहि जसी दुनी ।
जिरेबाली लाख बरस सातै महिना भयो ॥
कन्या आठै महिना भयो ।
नवौं महिना भयो कन्या दशै महिना भया ॥
दशै महिना भया एघार महिना भया ।

एघार महिना भया कन्या वारै महिना भया ।
बारै महिना भया कन्या एकै वर्ष भयो ॥
एकै वर्षकी बाली कन्या दुई वर्षकी जसी ।
तीन वर्षकी वाली कन्या चार वर्षकी जसी ॥

चार वर्षकी बाली कन्या पाँचै वर्षकी जसी ।
पाँचै वर्षकी जसी वालीकन्या छए वर्षकी जसी ॥
छएवर्षकी बाली कन्या सातै वर्षकी जसी ।
सातै वर्षकी बाली कन्या आठ वर्षकी जसी ॥
आठै वर्षकी बाली कन्या नवौं वर्षकी जसी ।
नवौं वर्षकीबाली कन्या दशौं वर्षकी जसी ॥
दशौं वर्षकी बालीक न्या एघारौ वर्षकी जसी ।
आब भइन बालीक न्या बिहे हुनी जोडा ॥
बुबुभ्काइ बोलुन लाग्या कन्या अबेउ रहिन ।
आमाभ्काइ बोलुनलाग्या कन्या अबेउ रहिन ॥
हाइहाई सदाशिव कन्या अबेउ रइन ।
अबेउ क्याकि रहुला बबु विहे होइवजलो ॥
अबेउ क्याकि रहुला आमा विहे होइबजालो ।
बाबा भ्काइ बोलुन लाग्या कन्या अबेउरैछ ॥
इजाभ्काई बोलुनलाग्या कन्या अबेउरैन ।
हाइहाई सदाशिव कन्या अबेउ रैन ॥
दादा भ्काइ बोलुन लाग्या कन्या अबेउ रैन ।
भाउजुभ्काइ बोलुन लाग्या कन्या अबेउ रैन ॥
हाइहाई सदाशिव कन्या अबेउ रैन
अबेउ क्याकि रहुला दादा बिहे होइजालो ॥
अबेउ क्याकि रहुला भाउजु विहे होइबाजालो ।
रूपनराइन बाबा मेरी विनति सुन ॥
गङ्गा तर बेलुवोटा कुडिया रोकाइ दिय ।
बाइतपुत पाउलो बाबा बाइत गौलु चरुलो ॥
तमरा पुतबालीकन्या पूत नाइ हनो ।

क्यारे जति तपह्युन्ना तपसी बामन ॥

क्यारे जति तप हयुना देशतरी देवी ।

क्यारे जति तप ह्युन्नी कौशील्ला रानी ॥

क्यारे जति तप ह्युन्नि सीता पारवता ।

क्यारे जति तप ह्युन्नि कुन्ह्या मैह्यारानी ॥

क्यारे जति तप ह्युन्नि मन्दोदरा रानी

क्यारे जति तप ध्रुन्नि तुलसा लक्ष्मी रानी

क्यारे जति तप ह्युन्नि दुरूपता रानी

क्यारे जति तप ह्युन्नि उर्मिला रानी ॥

क्यारे जति तप ह्युन्नि सोह्रसय रानी ।

तमरापुतत बालीकन्या नाइ हनो ॥

कोरे तमरा बालीकन्या ढुडिया छेकालो ।

कोरे तमरा बालीकन्या ढुडिया बजालो ॥

कोरे तमरा बालीकन्या खडिया कतालो ।

कोरे तमरा बालीकन्या पनिया बोकालो ॥

कुशैका चेला हवा ढुडीया छेकौंलो ।

लाहुरे बडेला हता ढुडिया बगुलो ॥

छैदुवा मैदुवाहता खडुला काटुलो ।

चाकरे चुनेली हता पनिया बोकुलो ॥

छेदुवा मैदुवाहता कुटिया रोकुँलो ।

हौस भौस बाबा तपसे बसिभानौ ॥

काँसै कुशकीत कुटिया रोकाइछ ।

बाली कन्या त तपस्या बसिन्न रे ॥

पारीबाटा है मायाश्वर वेदरे पाडन्ना ।

बारीबाटा बाली कन्या मंगल  पाडन्नि ॥

पारिवाटा है मायाश्वर बासुरी बजुन्ना ।
बारिबाटा बालीकन्या विणयी बाजुन्नि ॥
वेदको शब्द बाली कन्याका लोल ।
मङ्गलको शब्द मायास्वरका लोल ।

बासुरीको शब्द त बालीकन्याका लोल ।
विणयीको शब्द त मायाश्वरका लोल ॥
पारीवाटा है मायाश्वर तरीवारी आया ।
औंलीकाटी तौली बनाइछ शिरना काटीलौडी ॥

मायाश्वर बारी तरी आयान ।
सुनैका सुतुर फिजि गंगा तरी आया ॥
बाली कन्या मायाश्वर एकै ढुङ्गी बस्या ।
बाली कन्या मायाश्र सोदापुछी भैछ ॥

वार विषिग्वाला उकै ढुङ्गी बस्या ।
कशुकी छ पुत बुहारी कसुकी कन्या ॥
नै कसैकि पुत बुहारी नै कसैकि कन्या ।
विन्न माताकि विन्न पिताकी कसकि छ कन्या ॥

नै कसैकी पुतबुहारी बाबा ज्यू कि कन्या ।
तम कन्या हमले माग्या आसल्यौकि नाई ॥
बाबाज्यूकि दिनिकन्या कसोब नआउली ।
बाबाज्यूले दियाबटी आउला कसोन ॥

पातली पस्क्यावटी ख्याउला कसोन ।
गयागजाघर पिण्डभरौना तमरा बाबाले दियो ॥
भागरथी थानमा सराद्रयबनुना तमरा बाबाले दियो ।
वाली कन्या मायाश्वर बन बेउ भयो ॥

गोरा मायाश्वर बनेबेउ हुना कसैले नाइ जान्थ्यो ।

गोरा मायाश्वर बनबेउहना बनै ब्ह्माले जान्थ्यो ॥

जान्ना तैले जानिदै ब्रह्मा अन्त जन गरे ।

मेरो अन्त गरलैत अपजस दिउलो ॥

अन्त जति नाइ गरबैततो दिउलो बेद पढौन ।

गोरा मायाश्वर बनबेउ भयो बनहसिनाले जान्यो ॥

जान्ना तैले जानी हसिना अन्त जन गरे ।

मेरो अन्त गरलैत अपजस दिउलो ॥

अन्त जति नाइ गरैत तोदिउलो अभय भण्डार ।

जान्ना तैले जानीछैग्वाला अन्त जनगरे ॥

मेरो अन्त गरलैत अपजस दिउलो ।

अन्त जति नाइ गरैत तोदिउलो गौचरुन् ॥

जान्ना तैले जानीछै बाकरी अन्त जन गरे ।

मेरो अन्त गरलैत अपजस दिउलो ॥

अन्तजति नाइ गरैततो दिउलो खुट्टिखुरुन ।

जान्ना तैले जानिछै गावडी अन्त जन गरे ॥

मेरो अन्त गरलित मुख तेरा अबेदल्यूलो ।

अन्त जति नाइगरैत पुछतेरा पवित्र बनौलो ॥

जान्ना तैले जानिछै भैंसी अन्त जन गरे ।

मेरौ अन्त गरलित भवानी तर्पुलो ॥

अन्त जति जाइगरैत तो दिउलो घिउको भराण ।

जान्ना तैले जानि मौरी अन्त जन गरे ॥

मेरो अन्त गरलैत कोपडी धकुलो ।

अन्त जति नाइगरैत तो दिउलो मधुको भराण ॥

कहो! कहो कन्या तमरा बाबाको नाम ।

कहो कहो बालीकन्या तमरा बाबा आमाको नाम ॥

नकसैका माया बाबु नै कसैकि कन्या ।
विन्न मातकि विन्न पिताकी कसुकि छ कन्या ॥

कहो ! कहो ! मायाश्वर तमरा माया बाबुको नाम ।
इश्वरत बाबा हमरा राइला बति माया ॥
रूपन राइन बाबा हमरा मैनावति माया ।
कोरे वाटो झालो तमरा बाबाकी बरी ॥

कोरे बाटो झालो कन्या बढुरी केदार ।
दाइनबाटो झालो तपसी बाबाज्यूकि घरी ॥
बाया बाटो झालो तपसी वदुरी केदार ।
कोरे होली बाली कन्या तमरा बाबाको महल ॥

बाबाज्युका मात्र अघि चौहारी सभा ।
बाबा हमरा सभा जसि रम्ना दादा चौविणा खेलन्ना ॥
तामापत्रैको छोयो होलो बस्न्या महल ।
छवेशी विषनी होली माझै धुलिधारा ॥

सुनका साङाड हुन्ना रूपाका दुवार ।
चौचाको चतुरी साला बाबाको महल ॥
बाबाज्यूका माल अघि ठाटरे भैंसी ।
बाबाज्यूका माल अघि गोठरे गावडी ॥

बाबाज्युका माल अघि खोडरे बाखरी ।
बाबाज्यूका माल अघि फागरे माहुरी ॥
बाबाज्यूका माल अघि हलो बान्यावाँठ ।
बाबाज्युका माल अघि लाश बांध्यो घोडो ॥

लासै बाँध्यो घोडो तलास बाँध्यो हात्ति ।
बाबाज्यूका माल अघि लाइरे फूलभाडी ॥
बाबाज्यूका माल अघि तुलसी विरुवा ।

मिया जति हमरात ज्यूनार सालन्ना ॥

भाउजु जति हमरा त शिलारे पिसन्नी ।
वोइरे होलो तपसीया बाबाको महल ॥
शंख डमरु बजाइबजाई देहलीमा बस्यो ।
तल्लि छापरीमा सलिचामल मल्लि छापरीमा मास ॥

उति माथिलेबगैन कपुर बासि घिउ ।
उति माथिलेबगैन सामरीको जुन ॥
उति माथिलेबगैन पाकेको शुकुता ।
लेन लैजा तपसमिा पाकेको शुकुता ॥

तमरा जति पाके धुकरता मेरा घर होली ।
लेनु लैजा तपसीमा सालि रे चामल ॥
तमरा जसा सालि चामल मेरा घर हन्ना ।
लेन लैजा तपसीमा सुनारे सिलौटी ॥

तमरा जसी सुना सिलौटी मेरा घर हन्ना ।
लेनु लैजा तपसीया रूपा खटीलोडी ॥
तमरा जसो रूपा खटीलोडी मेरा घर होली ।
लेनु लैजा तपसीया गुड्कन्या चर ॥
तमरा जसी गुड्कन्याचर मेरा घर होली ।
लेनु लैजा तपसीया साङ्ली फोली ॥

तमरा जसी साङ्ली फोली मेरा घर होली ।
लेनु लैजा तपसीया ठाँटरे भैंसोली ॥
तमरा जसी ठाँट भैंसोली मेरा घर होली ।
लेनु लैजा रे तपसीया गोठरे गावडी ॥
तमरा जसी गोठ गावडी मेरा घर होली ।

लेनु लैजा रे तपसीया खोड रे बाखरी ॥
तमरा जसी खोडरे बाखरी मेरा घर होली ।
लेनु लैजारे तपसीया फागरे माहुरी ॥
तमरा जसी फागरे माहुरी मेरा घर होली ।
लेनु लैजारे तपसीया हलो बान्या बाँठ ॥
तमरा जसी हलो बान्याबाँठ मेरा घर होली ।
लेनु लैजारे तपसीया चाकरे चुनेरी ॥
तमरा जसी चाकरे चुनेरी मेरा घर होली ।
छन् जति दिइहाल्या नभयो काँहै दियौं ॥
छन् जति छनै छरे दिन्छौकि नाइ ।
छन् जति तमरो तपसीया नभयो हमरो ॥
बाच्या बोली भनि हालौं नत क्यालाई भनुँ ।
एकै वाच्या बोल्यो मैत दुई बाच्या बोल्यो ॥
तिन बाच्या बोली झौंत नरकपडि झौंलो ।
कति छन् तमरी पुतबुहारी कति छन् कन्या ॥
एककै छन् पुतबुहारी एकै बाली कन्या ।
काँछन तमरी पुतबुहारी काँछन बाली कन्या ॥
माइतिघर पुत बुहारी तपस बसिरइन कन्या ।
तपस बसेकी कन्या हमरा दिन्छौकि नाई ॥
काँको भिखारी काँको दोबरी कन्या धौ झाई हाली ।
तेरा कन्या दिनाहैत गङ्गारे बगुँलो ॥
तेरा कन्या दिना हैत कुँवारे डुबौंलो ।
तेरा कन्या दिना छैन काठारे गिरकौंलो ॥
तेरा कन्या दिना छैन भिटारे लोटौंलो ।
तेरा कन्या दिना हैत बागरे खोयौंलो ॥

तेरा कन्या दिना हैत सरप डसुँलो ।

तेरा कन्या दिना हैत हिमाञ्चल माइत पुगौंलो ॥

काँको अबारी काँको डोलारी कन्या धौभ्काइहाली ।

काँको धुसरो काँको फुसरो कन्या धौभ्काइहाली ॥

पैंतोला देखुँतेरा छारै छारको भार ।

गेरु गाँठा देखुँतेरा छारै छारको भार ॥

पिणजोला देखुँ तेरा छारै छारको भार ।

धुणजोला देखुँतेरा छारै छारको भार ॥

जङ्जोला देखुँ तेरा छारै छारको भार ।

कण्डजोला देखुँ तेरा छारै छारको भार ॥

कुमजोला देखुँतेरा छारै छारको भार ।

जनया जोलो देखुँतेरा छारै छारको भार ॥

चन्नरेखो देखुँतेरा छारै छारको भार ।

मथेडो देखुँतेरा छारै छारको भार ॥

शिरलट्ठी देखुँ तेरा छारै छारको भार ।

छार छर्कन्या फूसरचन्या कन्या धौभ्काइहाली ॥

यतिका वचन सुनी मायाश्वर बाली कन्या कोल ।

ध्यूनिध्युनि बाली कन्या घरै चलि आइन् ॥

कित मेरा इजुमायाले बाघ मन माऱ्यो ।

कित मेरा इजुमायाले विरालो भ्काइ माऱ्यो ।

कि त मेरा इजु मायाले गावडीभ्काई माऱ्यो ।

कित मेरा इजु मायाले ज्वाइखरो माऱ्यो ॥

तमले त इजु माया ज्वाइ खरो माऱ्या ।

तेरा कर्म मिलाई गयो भसम भतार ॥

बाहिरका बुढा बालाका उज्याला भैग्यामुख ।

भितरका भाया बावुका निसुरा भैग्यान मुख ॥
सिउधो सजायो कन्याले ठाडोरे टल्क्यो ।
सयघडा पानीले शरिर धोयो ॥

सपुर पछ्यौरीले गात रे पिछायो ।
कपुर बासी घ्यूले बातो बलायो ॥
तोडा खरा तेलले बातो रे जलायो ।
श्रीखण्ड चन्दनको चरजु पहिरायो ॥

धुपि चन्दनको तिलक पहिरायो ।
छाड गुसाया महेश्वर जोगी खरो रूप ॥
पहिर गुसायाँ मायाश्वर आफ्नो भ्काइरूप ।
पाया वनमा पहिऱ्यो गुसायाले अन्त अन्त रूप ॥

घुणा घुँगर पहिऱ्यो गुसाँयाले अन्त अन्तको रूप ।
कन्न फेटा पहिऱ्यो गुसाँयाको अन्त अन्तको रूप ॥
बोली बागो पऱ्यो गुसाँयाले अन्त अन्तको रूप
पिठी ढाल पहिऱ्यो गुसाँयाले अन्त अन्तको रूप ॥

माथा साई पऱ्यो गुसायाले अन्त अन्तको रूप ।
बागम्बर पहिऱ्यो गुसायाले अनन्त को रूप ॥
आब उगड्या गुसाई मायाश्वर सुरिज भेष ।
उगड्या गुसाई मायाश्वर पन्युकि चन्द्रमा भेष ॥

पैंतोली देखुँ गुसायाको मोहर पैंतोली ।
गोरीगाडा देखुँ गुसायाका आरुकि अठिल्लि ॥
पिंडुजोला देखुँ गुसायाका दाब बुइन्दी ।
घुंणजोला देखुँ गुसायाका काँसाका बाटुका ॥

जङ्जोला देखुँ गुसायाका केलडीका खाम ।
कण्डजोला देखुँ गुसायाका पूतलीका ठाठा ॥

कुमाजोला देखुँ गुसायाका भरिया कलश ।
चिउडोजोली देखुँ गुसायाका सुनकापात ॥
दाँतपाटी देखुँ गुसायाका दाडिमका चोया ।
नाकडाणी देखुँ गुसायाका घुरी अनेवार ॥
नेत्तर देखुँ गुसायाका परेवा नजर ।
चन्द रेखो देखुँ गुसायाका उदाया सूरिज ॥
मथेडोत देखुँ गुसायाको सुपारीको दानो ।
शिरलट्ठी देखुँ गुसायाका बबिया नेताल ॥
उगड्या गुसाइ मायाश्वर उदाया सुरिज ।
उगड्या गुसाई मायाश्वर पन्युकि चन्द्रमा ॥
ज्वाइका जमान देखि सासुरे रमाइन् ।
बाली कन्या गाब मजेली आफै मैना शिकार ॥
बाली कन्या छडिलुकाइन आफैं मैना शिकार ।
हाई हाई सदाशिव दुरो जन बोल ॥
तम होल्यौ सासु बुराइली हम हिमका ज्वाई ।
ससुरीको बोल्यो पाप ज्वाई गङ्गा स्नान ॥
मेरी बोली बेसुन चायौ बेदुवा बामन ।
कारे खोजी पालै तपसी बेदुबा वामन ॥
काँसी है बेदुबा ल्यौंला बदरे पडौंला ।
मेरी बाली बेमुन चायौं मड्लामुखी चेली ॥
काँरे खोजी तपसी मङ्गलामुखी चेली ।
उद्यानपुर मङ्गलामुखी ल्यूंला मङ्गल गरुँला ॥
मेरी बाली बेउन चायौं काली कैलगाई ।
काँरे खोजी तपसी काली कैलगाई ॥
तमजसाले तमरा तपसले बाइ खाइब पायो ।

गुसाइज्यूका सत्यले त काली कैलुगाई ॥

मेरी बाली वियौंन चाह्यौं केलडीका खाम ।

कारे खोजी पालै तपसी केलडीका खाम ॥

तमराजसले तमरा तपसले वाइखाइब पायो ।

गुसाँइज्युका सत्यले त वाइखाइब पायो ॥

मेरो बाली बेयौन चाँदियाघटको डेउडो ।

कारे खोजी पालै तपसीघटको देउडो ॥

रच गुसाई मायाश्वर कै महिनाको बेउ ।

चैतचलिमास नै भूमिपात नै रुखपात ॥

चैतमासको बेउ कसो होलो ।

क्याले गरला भात भेतडी क्याले गरला बेउ ॥

सकिना भकियाको साग पकुँला आँचली बेउला ।

भाङ् धतुरीको भात पकुँला आँचलि बेथुला ॥

गोले काँकडीको नैवेद्य बनुला आँचली बेथुँला ।

छाड गुसायाँ मायाश्वर चैत मासको बेऊ ॥

रच गुसायाँ मायाश्वर भदौ मासको बेऊ ।

चैत चलियमास नै भूमिगात नै सख पात ॥

वैशाख मास मौरीकि दउ छ ।

जेठन मास रन्कना धुप ॥

असार मास भूमिको बेउ छ ।

सउनकि मासमाइ अन्धाघोर ॥

भदौकि मास अष्टमी तिथि रोहणी नक्षेत्र ।

मङ्गलबार मत्युहार मत्युछलिबली ॥

चमरि मिठाइछ गोरा मायाश्वर ।

राधे जगिना जगिना फलपाके जगिना ॥

जगिना फलपाके मायाश्वर बोलुन लाग्या अगेवार ।
पाँचौ भूमरि बाली भुई आइछ गोरा महेश्वर ॥
बेउ भयो सुनि सिट्टि सन्सारले ।
सुनिसिट्टि सन्सारले बेउ भयो बेउ भयो ॥

गोरा मायाश्वर कोरे रिखि आया ।
गोरा मायाश्वर ब्रह्मा रे रिखि आया ॥
क्युँका बाहन चलि ब्रह्मा रिखि आया ।
ब्रह्मन आया गुसाइका उफारी पुस्तक ॥

गोरा मयाश्वर बेउ भयो मङ्गलामुखी आइन ।
मङ्गलामुखी आइन् गुसाइका जैसा कस्या घाणो ।
गोरामायाश्वर बेउ भयो बजुन्याझाइ आया ।
बजुन्यात आया गुसाइका धरति कम्पुन्या ॥

गोरामायाश्वर बेउ भयो लस्कर आया ।
लस्कर आया गुसाइका भयंकर पठौना ॥
गोरा मायाश्वर बेउ भयो कौरे ऋषि आया ।
गोरा मायाश्वर चित्रगुप्त ऋषि आया ॥

क्याउका बाहन चलि चित्र गुप्त आया ।
गुप्तै गुप्त सारै सार चित्र गुप्त आया ॥
गोरा मायाश्वर सन्यासीझाई आया ।
क्याउका वाध्न चली सन्यासी झाई आया ॥

भगवान कपडा पैरी सन्यासी झाइ आया ।
गोरा मायाश्वर बेउ भयो कनिपोडा आया ॥
क्याउका बाहन बलि कनिपोडा आया ।
सल्लाका मदुरा पैरी कनिपोडा आया ॥

गोरामायाश्वर बेउ भयो इश्वर झाइ आया ।

क्याउका वाहन चलि ईश्वर झाई आया ॥
घोडी धपुना पान चपुना इश्वर झाई आया ।
गोरा मायाश्वर बेउभयो महादेव आया ॥
केउका वाहन चलि महादेव आया ।
नन्दिका वाहन चलि महादेव आया ॥
गोरा मायाश्वर बेउ भयो दशरथ आया ।
केउइका वाहन चलि दशरथ आया ॥
गैंडाका वाहन चली दशरथ आया ।
गोरा मायाश्वर बेउ भयो रामज्यू आया ॥
क्याउका वाहन चली रामज्यू आया ।
गाँदीका वाहन चली रामज्यू आया ॥
गोरा मायाश्वर बेउ भयो लक्षेमन आया ।
केउका वाहन चली लक्षेमन आया ॥
धुनुषवाण खेल्ला खेल्ला लक्षेमन आया ।
गोरामायाश्वर बेउ भयो नकुल आया ॥
क्वाउका वाहन चली नकुल आया ।
लट्ठीका वाहन चली नकुल आया ॥
क्वाउका वाहन चली युधिष्ठिर आया ।
नेजाका वाहन चली युधिष्ठिर आया ॥
गोरा मायाश्वर बेउ भयो कोरे रानी आइन् ।
गोरा मायाश्वर बेउ भयो सत्य देवी देव आइन् ॥
क्याउका वाहन चली सत्य देवी आइन् ।
सत्यैका वाहन चली सत्यदेवी आइन् ॥
केउइका वाहन चली तुलसा रानी आइन् ।
तुलसीकी माला पैरी तुलसा रानी आइन् ॥

केउइका वाहन चली मन्दोदरा आइन् ।
मथियाकि हार पैरी मन्दोदरा आइन् ॥

केउइका वाहन चली कौशीला आइन् ।
हैकालकी माला पैरी कौशीला आइन् ॥

केउका वाहन चली सीतारानी आइन् ।
मङ्गलत गुनि गुनि सीतारानी आइन् ॥

पिठायत पाडी पाडी सीता रानी आइन् ।
केउका वाहन चलि सरस्वती आइन् ॥

हंसैका वाहन चली सरस्वती आइन् ।
केउइका वाहन चली दुरूपता आइन् ॥

पिठायाको शेलो पैरी दुरूपता आइन् ।
केउइका वाहन चली कुन्धा मैधा आइन् ॥

मङ्गलत गुनी गुनी कुन्धा मेधा आइन् ।
गोरा मायाश्वर बेउ भयो कोरे देवा आया ॥

गोरामायाश्वर बेउ भयो सिगास भ्काइ आया ।
क्याउका वाहन चली सिगासभ्काइ आया ॥

जौणल्यागुड चली सिगास भ्काइ आया ।
गोरामाश्वर बेउ भयो कोरे देवा आया ॥

गोरामायाश्वर बेउ भयो कैलपाल आया ।
क्वाउका वाहन चली कैलपाल आया ॥

कैला घोडा चढी कैलपाल आया ।
केउका वाहन चली केदार आया ॥

धौला घोडा चढी केदार भ्काई आया ।
केउका वाहन चली अनिरुद्र आया ॥

रुद्राक्षा माला पैरी अनिरुद्र आया ।

क्याउका वाहन चलि भेलेलिङ्ग आया ॥

सर्पकी माला पैरी भेलेलिङ्ग आया ।

बौली बुरुज समाइ भेलेलिङ्ग आया ॥

केउका वाहन चली भूमिराज आया ।

भोकर वाहन चली भूमिराज आया ॥

क्याउका वाहन चली पिशाच आया ।

बौली रूपाछडी समाइ पिशाच आया ॥

क्याउका वाहन चली सञ्जादेवी आया ।

पोटला वाहन चली सञ्जादेवी आया ॥

क्याउका वाहन चली सुरपाल आया ।

बाहुली सुरुवा समाइ सुरूपाल आया ॥

क्याउका वाहन चलि चनरैराज आया ।

बौली झम्पान समाय चनरैराज आया ॥

गौरा मायाश्वर तेत्तिसै कोटी आया ।

धरति कम्पाइ कम्पाई तेत्तिसै कोटी आया ॥

विना जौं जपानी नाई विना तील तरपन नाई ।

बिना ब्रह्मा वेदनाई बिना गाई गोवदान नाई ॥

विना सुन चोख्यान्द नाई बिना कुश संख्यानाई ।

विना बैशान्द्र जगिन नाई विना वामन बेद नाई ॥

जौं छन त जवानी छ तील छन त तरपन छ ।

कुश छत सङ्ख्या छ गाई छ त गवदान छ ॥

ब्रह्मा छन् त वेद छ सुन छत चोख्यान्द छ ।

बैसान्द्र छनत जगेनाछ व्रह्मण छ त वेद छ ॥

गंगा बोदल एक मुट्ठितील बोया एक मुठितीलको ।

एक मानो भयो एक मानो तीलको एक मोरी तील ॥

एक मोऱ्यातील बोइन्थ्या सय मोऱ्यातील भया ।

सय मोऱ्या तिलको कि अन्नालो भयुँ ॥

सय चेली पुतको कि पूतालो भयुँ ।

उकाली ढोल गाई सौनेला डाँडी नाई ॥

राजा भ्का प्रजा नाई प्रजा भ्का सवै नाई ।

नै केला चोप नाई नै केला खाम नाई ॥

बमभेला वेद नाई ठगुरेला राज नाई ।

सरकको भ्को गुडगुड नाई गुडगुड भ्को मेघ नाई ॥

मेघ भ्को हौलो नाई चरि भ्को आणो नाई ।

माया भ्को वाणो नाई कृमणि काणो नाई ॥

सजेली सत्रभाई जमाली भात नाई ।

केलडी पात नाई कसरी पुऱ्यू गुसाई सय लोककी पूजा ॥

उकाली ढोल छ सौनेथा डाँडी राजा भ्का प्रजा छन् ।

प्रजा भ्को सुख छ नैकेला नाच छ पैकेला खाण छ ॥

बमनेला वेदछ ठगरेला राज छ सरकको भ्को गुडगुडछ ।

गुडा गुडभ्को मेघछ मेघ भ्को घैलोछ चरि भ्को आणोछ ॥

मयाको वाजी छ कृमणि काणो सजोली सात छ ।

जमाली भात छ केलडी पात छ अब त पुरिया सयलोकको पूजा ॥

एकपुत्र भान्ना दुइपूत भया दुइपुत भन्ना तीन पूत भया ।

एकपुत भान्ना चारपुत भया चारपुत भन्ना पाँच पुत भया ॥

पाँचै पुतकी मकसीपूतधरी पितरको पुतगर सराद ।

विना पूतका पितरभया निरधार पूतहारी को गर सराद्य ॥

पूतधरी पितरभया विनापुत निधार पिता भया ।

कोतमरा मनको पियारो गमराको तमरा मनका पियारा ॥

इन्नर साइराजाको रौतेलो हुँ भन्छ ।
बौलीमा भोज छ तिउरी वगम्बर टोपीछ ॥
बागम्बर पिठिमा ढाल छ उदया सुरिज जसो ।
पन्यूकि चन्द्रमा जसो घाम देखि ओइलान्छ ॥

जुन देखि पसुन्छ कैरुवाकी गति छ ।
पालुङ्गी डाकुली छ इचलि हिड्छ ॥
कमाली वस मुरुमुऱ्या जुङि छ ।
कौडेली आँखी घुमरेली जुल्फि छ ॥

जुङिमल्कौन्छ छुरि धम्कौन्छ ।
फलि फट्कन्छ आँखी किट्कन्छ ॥
सोही  मेरा मनका पियारा महेश्वर ।
महेश्वर गुसायाँ कोतमरा मनकि पियारी ॥

मालमणि गउछ सञ्जा गङ्गा नउछ ।
उदाया सुरिज छ पन्युकि चन्द्रमा छ ॥
कैरुवाकी करि छ पालुङा डाकुलि छ ।
घाम देखी ओइलान्छे जुनदेखि फूल्छे ॥

सिता भरी भात खाया गला झाइ लागन्छ ।
तसोगरि आनडी लगान्छ थाइकिघचिन्छे ॥
थाइकि भाँचिन्छे इचली हिड्न्छे ।
कामली बसन्छे नेतर अङिमा छ ॥

माथ त पटेला छ बौलीत छडी छ ।
पाया त चुणि छ टातुत तहरेवा छ ॥
कान त झमक छ नाकत नथिया छ ।
मैनशिकार छ पिठाया त सरिको छ ॥

सोही मेरा मनकी पियारी गमरादेवी ।
पैलिकि पूजा गुसाइकी पैंतोली छोड ॥
दोसरी पूजा गुयायाका घुणाजोला छोड ।
तेसरी पूजा गुसायाका कण्ड जोला छोड ॥
चौथी त पूजा गुसायाका कुमजोला छोड ।
पाँचौ त पूजा गुसायाका शिर माथि छोड ॥
आठकी उठेवाली पाड्या गुसाया क्यारे वर दिन्ना ।
अपुत पूत दिन्ना मेरा पर्व तमरा बाला खेलन्ना ॥
अन्नला दिन्नि देउ हो अन्नै खरो बरो ।
तमरा पर्व गमरा देउ हो पूजा गरुँला ॥
निरधनि धन दिम्नि देउ हो धनै खरोबरो ।
तमरा पर्व गङ्रा देउ हो भिटिरे चढुँला ॥
निर्गोरस्या गोरस रे दिन्ना गोरसको बरो ।
तमरा पर्व गङ्रा देउ हो गात रे नयुँला ॥
कालीकपिली गाइको दुधले गङ्गाको गात नयुँला ।
वमनेला दिन्नि तमरा पर्व वेदपाठ पढौंलो ॥
आठकि अठेवाली पाड्या गुसाइज्यू सेवा पुरी भै छ कि नाइ ।
जाण्यो नजाण्यो भूल विसर माफी दिया देवी ।
भूल्यो न विसऱ्यो लोली माफ गरिदिया ।
आठकी अठेवाली पाड्या चेलीको वैकुण्ठ वास ।
आठकी अठेवाली सुन्या चेलाको कैलाश बास ।
कति चेलीले अठेवाली पाड्यो कति चेलाले सुन्यो ।
सय चेलीले अठेवाली पाड्यो सय चेलाले सुन्यो ।
डाडुखेत डजिगयो पनिया चाहिन्छ ज्यू पनिया चाहिन्छ ।
उइकाली रातको जामु मेरो ज्यू हो जामु मेरो ।

एकाली साँझको आउनु मेरो जिउ हो आउनु मेरो ।

हल्लोरी भाकाः

घाटपारीको जानु मेरो ज्यू हो जानु मेरो, हल्लोरी वाला हल्लोरी ।

क्या मेरो वालो लिसनी लोट्यो ज्यू लिसनि लोट्यो ।

हल्लोरी वाला हल्लोरी ।

क्यारे बालो खुट्कुडी झर्‍यो ज्यू खुट्कुरी झर्‍यो ।

हल्लोरी बाला हल्लोरी ।

क्या मेरो बालो गउल चेप्प्यो ज्यू गउल चेप्प्यो ।

हल्लोरी बाला हल्लोरी ।

भट्टका दानाजनी भट्टिरह्यो बालो भट्टिरह्यो ।

हल्लोरी बाला हल्लोरी ।

मेलका दानाजनी मेली रह्यो बालो मेलि रह्यो ।

हल्लोरी बाला हल्लोरी ।

केलाका कोसा जति पेलिरह्यो बालो पेलि रह्यो ।

हल्लोरी बाला हल्लोरी ।

सासु बैरीले पोली दियो बालो पोलि दियो ।

हल्लोरी बाला हल्लोरी ।

नन्द बैरीले हेरिदियो बालो हेरिदियो ।

हल्लोरी बाला हल्लोरी ।

सौतन्या राजले मारी दियो बालो मारि दियो ।

हल्लोरी बाला हल्लोरी ।

जैसि असौज मासकी कुञ्जी सुर तैसी बालाकी माथडि खुर ।

हल्लोरी बाला हल्लोरी ।

जैसी चैतनमासकी सुरलापै तैसी बालाकी माथडी झूर ।

हल्लोरी बाला हल्लोरी ।

नन्द वैरीका गोरु हेरे वाला गोरु हेरे ।

हल्लोरी बाला हल्लोरी ।

सौतन्या राजका जऱ्या बसे वाला जरा बसे ।

हल्लोरी बाला हल्लोरी ।

नाच हो नाच हो लोली गमरा देवी कै सोधे को तेरो नाच ।

आइक नाच्या पाइक नाच्या नाच्या रे तेतिसकोटी देवा ।

इश्वर नाच्या मायाश्वर नाच्या त नाच्या तेत्तिसकोटी देवा नाच्या ।

नाच हो खेल हो गमरा देवी कसो घेकुँ तेरो नाच ।

टाटुकि हार विछाइ मेरी लोली बचनउनो ।

काम रे झमक विछाइ मेरी लोली नाचउनो ।

बौली रे बैजन्त विछाइ मेरी लोली नाच नउनो ।

पायारे चुडुली रे विछाइ मेरी लोली नाचन उनो ।

पुरकी धगियारी विछाइ मेरी लोली नचौनौ ।

नेतकी अङ्गिमा विछाइ मेरी लोली नचौनौ ।

माथकी पछेडा विछाइ मेरी लोली नचौनौ ।

जैसी नाचगर त्यैसी मेरी लोली नाच ।

आउनी रहे तैलोली गोरा त झानी रहे बारम्बार ।

(स्रोतः शंकरपुर गा.वि.स. वडा नं. ९ कोखेत बस्ने पार्वती धामीबाट प्राप्त)

## ३.२ पुरुषले गाउने गमरा गीत

पुरुषले गाउने गमरा गीतमा अठउजि मल्लको गीत, धुमारी, शिवलिङ्ग गीत, धुमारी, भागेश्वरको गीत र धुमारी शिवलिङ्गगयाँ पिण्ड र धुमारी पर्दछन्, जो निम्न अनुसार प्रस्तुत गरिएका छन् ।

### ३.२.१ अठउजि मल्लको लोक गीत

अठउजि मल्लको लोक गीतका दुइवटा भेद हुन्छन् । तिनमा एउटालाई खेल र अर्कोलाई ढुस्को भन्छन् । यी निम्न अनुसार छन् :

#### ३.२.१.१ खेल

अठउजि मल्लको लोक गीतको सुरुमा गाइने गीतलाई खेल भनिन्छ । त्यसको पाठ यस प्रकार छ :–

गंगाका किनार रिटलो खेउ ।
काँ फुटि उबजिगया महारुद्र देउ ॥
कैलाश उबजिगया महारुद्र देउ ।
गंगाका किनार रिटलो खेउ ॥
काँ फुटि उबजिगया सिगास देउ ।
शिर फुटि उबजि गया सिगार देउ ॥
गंगाका किनार रिटलो खेउ ।
काँ फुटि उबजि गया केदार देउ ॥
कुम फुटि उबजिगया केदार देउ ।
गंगाका किनार रिटलो खेउ ॥
काँ फुटि उबजिगया कैलपाल देउ ।
कैलाश उबजिगया कैलापाल देउ ॥
गंगाका किनार रिटलो खेउ ।
काँ फुटि उबजिगया भूमिराज देउ ॥
भूमि फुटि उबजिगया भूमिराज देउ ।
गंगाका किनार रिटलो खेउ ॥
काँ फुटि उबजिगया तेत्तिसकोटि देउ ।
कैलाश उबजिगया तेत्तिसकोटि देउ ॥
नौ बैनि दरगा उत्पन्न भैन ।

मालकि थलि जोताइहाल्या बल्ल ॥
कहाँ उबजिगयो अठौजि मल्ल ।
सोर पिथौर उबजिगयो अठौजि मल्ल ॥
अठौजि मल्ल कलिया जसो भाइ ।
सुनमुठि खुकुरी पितलका खोपा ॥
जान भौल्या कलिया सोरड द्यौका दोवा ।
ता है कलिया दैत्य लियो छ पयान ॥
सोरका चौपख्या भोल बेयान ।
ता है कलिया दैत्य लियो छ पयान ॥
जुलका घाट आइ भोल बेयान ।
मारि हालि बाकरि को गाडि हाल्यो पित्त ॥
तल दोव्यो त्युतऱ्या पुर दोव्यो सिद्ध ।
तल दोव्यो समैजि पुर दोव्यो सिद्ध ॥
तल दोव्यो नकतरो पुर दोव्यो सैनि ।
रैण्या सैनि भागि निङला सैनि आइन् ॥
रैण्या सैनिले लेख्या काकल ।
ताँका लेख्या काकल केदार पौंच्या ॥
असेलुका झुलमणि बासि झालि राइ ।
आयो कलिया दैत्य कसो गरु भाइ ॥
कोटका खोल हो वासि झालि मैना ।
आयो कलिया दैत्य सारि भए बैना ॥
केदार देवताले लेख्या काकल ।
ताँका लेख्या काकल भागेश्वर पौंच्या ॥
डोटी भागालिङ्ग तै मेरो भाइ ।
ताँको कटक खेडि सलम्यामा लेया ॥

क्यौका वाहन चढी भागेश्वर आया ।
सुनकि डोली चढि भागेश्वर आया ॥
क्यौका वाहन चढि महारुद्र आया ।
सुन सिंहासन चढि महारुद्र आया ॥
क्यौका वाहन चलि सिगास आया ।
जौणल्या गुठ चलि सिगास आया ॥
क्यौका वाहन चलि भूमिराज आया ।
बौली भोकर समाइ भूमिराज आया ॥
क्यौका वाहन चलि अनिरुद्र आया ।
बौली पुस्तक समाइ अनिरुद्र आया ॥
क्यौका वाहन चलि कैलपाल आया ।
कैला घोडा चढि कैलपाल आया ॥
क्यौका वाहन चलि सुनसेर आया ।
बौलिमा छडि समाइ सुनसेर आया ॥
क्यौका वाहन चलि सुरूपाल आया ।
बौली सुरुवा समाइ सुरूपाल आया ॥
क्यौका वाहन चलि चन्नरइ आया ।
बौली झम्फान समाइ चन्नरइ आया ॥
क्यौका वाहन चलि घटाल आया ।
बौलीमा घाँट समाइ घटाल आया ॥
क्यौका वाहन चलि वेताल आया ।
बौलीमा बेत समाइ बेताल आया ॥
क्यौका वाहन चलि महादेउ आया ।
बौलीमा छडि समाइ महादेउ आया ॥
क्यौका वाहन चलि उदैदेउ आया ।

भुत भोरडा माथि उदैदेउ आया ॥
क्यौका वाहन चलि मसन्या आया ।
बौलि गुरज समाइ मसन्या आया ॥
खेड्या खाड्या देवताको काँ होलो ठाउँ ।
खेड्या खाड्या देवताको मैतड ठाउँ ॥
खेड्या खाड्या देवताको कोहोलो माझि ।
खेड्या खाड्या देवताको उदैदेउ माझि ॥
देवता दैत्य हो भइ हाकाहाक ।
लाइहालि केलडि फडकि झालो पात ॥
हाण्योछ कलिया दैत्य पछि उडि लात ।
देवीका मण्डप तामकि झारि ॥
भाग्यो कलिया दैत्य तरिगयो पारि ।
ताँहै कलिया दैत्य लियो छ पयान ॥
सोरका चौपख्या भोल बेयान ।
ताँहै कलिया दैत्य लियो छ पयान ॥
सोर पिथौर साइ भोल बेयान ।
लाई हालि केलडिको फटकि झालो पात ॥
कौ भाकैल्या कलिया सोरड द्यौकि वात ।
क्या कौं हो दादा हियै लागि खाँत ॥
स्रोतः शंकरपुर गा.वि.स. वडा नं. ९ कोखेत बस्ने श्री रघुनाथ अवस्थीबाट प्राप्त ।

### ३.२.१.२ धुमारी

अठउजि मल्लको लोक गीतमा दुई वटा धुमारी गाइन्छन्, ती यस प्रकार प्रस्तुत गरिएका छन् :–

धुमारी (क)

बडा बडा देउ छन् स्वरड गरड ।
मैं भ्कान्छु जिया स्वरड गरड ॥
धोयडो लगाइ देउ स्वरड गरड ।
लायो धोयडो पुत स्वरड गरड ॥
ठोट्लानि भैछ स्वरडगरड ।
मैं भ्कान्छु जिया स्वरडगरड ॥
लुकुडि सुजाइ देउ स्वरडगरड ।
सुजाइ लुकुडि पुत स्वरडगरड ॥
निरमैलि भैछ स्वरडगरड ।
जन भ्काई अठौजि स्वरडगरड ॥
इति खरा असकुन स्वरडगरड ।
घरै बसि भ्यान स्वरडगरड ॥
मैं भ्कान्छु जिया स्वरडगरड ।
लडुवा बटाइ देउ स्वरडगरड ॥
बाट्या लडुवा पुत स्वरडगरड ।
पाग फुटि ग्यान स्वरडगरड ॥
जन भ्काइ अठौजि स्वरडगरड ।
बडाबडा देउ छन स्वरडगरड ॥
मारि लौटोन्ना स्वरडगरड ।
भुतकि जिया स्वप्नो भयो ॥
भुतकि ज्युनारी दैको ठेक्या ।
मुण्डाकि गिर खेल्ला मैले देख्या ॥
जन भ्काइ अठौजि स्वरडगरड ।
हौसकि भ्कौस स्वरडगरड ॥

मैं झान्छु जिया स्वरडगरड ।
सिंदुर पैराइ देउ स्वरडगरड ॥
पैऱ्यो सिंदुर पुत स्वरडगरड ।
बायाँ ढलि गैछ स्वरडगरड ॥
मैं झान्छ जिया स्वरडगरड ।
सामल कुटाइ देउ स्वरडगरड ॥
कुट्यो सामल पुत स्वरडगरड ।
खणेवालि भैछ स्वरडगरड ॥
भुतकि जिया स्वप्नो भयो ।
भुतकि ज्युनारि दैको ठेक्या ॥
रगतकि नान्दि बग्दा मैले देख्या ।
इति खरा असकुन मैले देख्या ॥
घरै बसि भ्यान स्वरडगरड ।
जन झाइ अठौजि स्वरडगरड ॥
मारि लोटौन्ना स्वरडगरड ।
गिर खेलन्ना स्वरडगरड ॥
हौसकि झौस स्वरडगरड ।
मैं झान्छु जिया स्वरडगरड ॥
ज्युनार पकाइ देउ स्वरडगरड ।
सालि ज्युनार पुत स्वरडगरड ॥
डजि तितो भै छ स्वरडगरड ।
जन झाइ अठौजि स्वरडगरड ॥
भुतकि जिया स्वप्नो भयो ।
भुतकि ज्युनारि देको ठेक्या ॥
मुण्डाका चिचिप्टा मैले देख्या ।

जन झाइ अठौजि स्वरडगरड ॥

हौसकि झौस स्वरडगरड ।

मैं झान्छ जिया स्वरडगरड ॥

भुतकि जिया स्वप्नो भयो ।

जिवडाकि माला उन्ना मैले देख्या ॥

जन झाइ अठौजि स्वरडगरड ।

मैं झान्छु जिया स्वरडगरड ॥

स्रोतः शंकपुर गा.वि.स. वडा नं. ९ बस्ने श्री नारद अवस्थीबाट प्राप्त ।

धुमारी (ख)

को देउ छन् सल्म्या बुङा ।

रौला केदार सल्म्या बुङा ॥

हाण मेरा बागौ सल्म्या बुङा ।

को देउ छन् सल्म्या बुङा ॥

महारुद्र देवता सल्म्या बुङा ।

हाण मेरा बागौ सल्म्या बुङा ॥

को देउ छन् सल्म्या बुङा ।

शिर सिगास सल्म्या बुङा ॥

हाण मेरा बागौ सल्म्या बुङा ।

को देउ छन् सल्म्या बुङा ॥

कैलपाल देवता सल्म्या बुङा ।

हाण मेरा बागौ सल्म्या बुङा ।

को देउ छन् सल्म्या बुङा ।

डोटी भागालिङ्ग सल्म्या बुङा ॥

हाण मेरा बागौ सल्म्या बुङा ।

को देउ छन सल्म्या बुङा ॥

भूमिराज भौनेलि सल्म्या बुङा ।

हाण मेरा बागौ सल्म्या बुङा ॥

को देउ छन सल्म्या बुङा ।

सुनसेर सुरपाल सल्म्या बुङा ॥

हाण मेरा बागौ सल्म्या बुङा ।

चन्नरै चनखेत सल्म्या बुङा ॥

हाण मेरा बागौ सल्म्या बुङा ।

को देउ छन् सल्म्या बुङा ॥

घटाल बेताल सल्म्या बुङा ।

हाण मेरा बागौ सल्म्या बुङा ॥

को देउ छन सल्म्या बुङा ।

लोटन्या सिमडो सल्म्या बुङा ॥

हाण मेरा बागौ सल्म्या बुङा ।

सल्म्या बुङा हो सल्म्या बुङा ॥

को देउ छन सल्म्या बुङा ।

अनरसाई देउ सल्म्या बुङा ॥

हाण मेरा बागौ सल्म्या बुङा ।

मार्‍यो अठौजि सल्म्या बुङा ॥

को देउ छन् सल्म्या बुङा ।

ड्यौरो मसानि सल्म्या बुङा ॥

हाण मेरा बागौ सल्म्या बुङा ।

उदैदेउ देवता सल्म्या बुङा ॥

मार्‍यो अथौजि सल्म्या बुङा ।

सल्म्या बुङा हो सल्म्या बुङा ॥

हाण मेरा बागौ सल्म्या बुड्ा ।

सल्म्या बुड्ा हो सल्म्या बुड्ा ॥

श्रोतः शंकरपुर गा.वि.स. वडा नं. ९ बस्ने भू.पू. शिक्षक, श्री रघुनाथ अवस्थीबाट प्राप्त ।

धुमारी (ग)

बाजारे बाजा छत्तिस बाजा उपर बाजे भेरी ।

को देउ लाग्या जुजन वाजन को देउ रन्ना हेरि ॥

बाजारे बाजा छत्तिस वाजा उपर बाजे भेरि ।

को देउ लाग्या जुजन वाजन को देउ रन्ना हेरि ॥

सुनसेर सुरपाल जुजन लाग्या केदार रन्ना हेरि ।

वाजारे वाजा छत्तिस वाजा उपर वाजे भेरि ॥

को देउ लाग्या जुजन वाजन को देउ रन्ना हेरि ।

कैलपाल निरपाल जुजन लाग्या सिगास रन्ना हेरि ॥

बाजारे वाजा छत्तिस वाजा उपर बाजे भेरि ।

को देउ लाग्या जुजन वाजन को देउ रन्ना हेरि ॥

लोटन्या सिमडो जुजन लाग्यो महारुद्र रन्ना हेरि ।

वाजारे वाजा छत्तिस वाजा उपर वाजे भेरि ॥

को देउ लाग्या जुजन वाजन को देउ रन्ना हेरि ।

भूमिराज भौनेलि जुजन लाग्या केदार रन्ना हेरि ॥

वाजारे वाजा छत्तिस वाजा उपर वाजे भेरि ।

को देउ लाग्या जुजन वाजन को देउ रन्ना हेरि ॥

स्रोतः शंकरपुर गा.वि.स. वडा नं. ७ खर्काधार बस्ने गणेशदत्त अवस्थीबाट प्राप्त ।

### ३.२.२ भागेश्वरको गीत

भागेश्वरको गीतका दुई वटा भेद हुन्छन् । तिनमा एउटालाई खेल र अर्कालाई ढुस्को/धुमारी पनि भनिन्छ । त्यसको पाठ निम्न अनुसार छः-

३.२.२.१ खेल

कहाँ उबजि गया चन्द्र सुरिज ।
सरक उबजि गया चन्द्र सुरिज ॥
कहाँ उबजि गइन जलथल भूमि ।
धरति उबजि गइन जलथल भूमि ॥
कहाँ उबजि गया बेदुवा वामन ।
काशि उबजि गया वेदुवा वामन ॥
कहाँ उबजि गइन कालि कैलु गाइ ।
कैलास उबजि गइन कालि कैलु गाइ ॥
कहाँ उबजि गया इन गज हात्ति ।
मलास उबजि गया इन गज हात्ति ॥
कहाँ उबजि गइन धौलडा घोडि ।
जुमला उबजि गइन धौलडा घोडी ॥
कहाँ उबजिगया मेर मन्दिर ।
पहाड उबजिगया मेर मन्दिर ॥
गंगाका किनार रिटलो खेउ ।
कहाँ फुटि उबजि गया भागेश्वर देउ ॥
गयाँमा उबजि गया भागेश्वर देउ ।
असनान अर गुसाइ असन्यौटि ॥
बस न्यौटि बस गुसाई माला जपि हाल ।
माला जपदा गुसाइ दिउसै पडि रात ॥
कुइडि कनादैका रोकिया खाम ।

नालि-नालि बुकि सुन अर गुसाइ गान ॥
त्याँहै गुसाया ज्युले छलफल कियो ।
काँशि विश्वेश्वर बैसेक लियो ॥
असनान अर गुसाइ असन्यौटि बस ।
बस न्यौटि बस गुसाइ माला जपि हाल ॥
माला जपदा गुसाइ दिउसै पडि रात ।
कुइडि कनादैका रोकिया खाम ॥
नालि-नालि बुकि सुन अर गुसाइ गाज ।
ताँहै गुसाया ज्युले चलभल कियो ॥
राज पऱ्यागैको वैइसेक लियो ।
असनान अर गुसाई असन्यौटि बस ॥
बस न्यौटि बस गुसाइ माला जपि हाल ।
माला जपदा गुसाई दिउसै पडि रात ॥
कुइडि कनादैका रोकिया खाम ।
नालि-नालि बुकि सुन अर गुसाइ गान ॥
ताँहै गुसाया ज्युले चलभल कियो ।
फरसु रामैको बैसेक लियो ॥
असनान अर गुसाइ असन्यौटि बस ।
बस न्यौटि बसगुसाइ माला जपि हाल ॥
माला जपदा गुसाइ दिउसै पडि रात ।
ताँहै गुसाया ज्युले चलभल कियो ॥
शिखर धुरिको बैसेक लियो ।
सैनि रूपाल मचाइहालि गौंड ॥
अरु गाई रोडिखोली कैलुगाइ धुरि ।
दुई पाउ औतिर दुई पाउ पछिउडा ॥

दुध दोयो कैलु गाइले भागालिङ्ग गात ।

रूपालिको ग्वालो मुल्या गाई खोजन खाँत ॥

हात छ कोथला आँसि बोदलाई की गाद ।

रूपालिको ग्वालो मुल्या कर धुरि पौंच्यो ॥

बन झानि कैलु गाइका केला कोशि थुन ।

घर औनि कैलु गाइका खोसमडा थुन ॥

एइ कालि ढुङ्गीले गाई दुइब खाइछ ।

गाई दुई ब खाइछ बछुरे भोकै मरिछ ॥

हाण्यो कोथला आँसि भागालिङ्ग गात ।

रूपालकिो ग्वालो मुल्या औलेक भइछ ॥

रगतकि गाड गंगा नकतड पौंचि ।

गुणाकर जोइसि कमलाकर भाइ ॥

ति दुई भाइ सनान अरन आइ ।

हातमुख धोइ गुसाई सुरज जुवारे ॥

सुरज अरघ दिना रगत अजोलि ।

कित शिखर धुरि मारकाट भइछ ॥

कित शिखर धुरि गाई बागले खाइछ ।

कि मारकाट भइछ पन्त पनेरु ॥

कि मारकाट भइछ भट्ट कठायत ।

कि मारकाट भइछ जोइसि उप्रेति ॥

गुणकर भन्छ भातै वरि खाउ ।

कमला जो भन्छ घातै बरि जाउ ॥

ति दुवै भाइ शिखर धुरि पौंच्या ।

रगुसाइ भागेश्वर मेरी साग भाग ॥

द्वारीका ढुङ्गाले मठ चिडौंलो ।

रगुसाई भागेश्वर मेरी साग भाग ॥
पय्या पद मागैका खाम रोकोंलो ।
रगुसाई भागेश्वर मेरि साग भाग ॥
साल श्रीखण्डैका धुरिया चढौंलो ।
रगुसाई भागेश्वर मेरी साग भाग ॥
तामा पत्रैले मण्डप छउलो ।
रगुसाई भागेश्वर मेरी साग भाग ॥
गंगोत्री जलैले गात नयुँलो ।
रगुसाई भागेश्वर मेरि साग भाग ॥
कालि कपिलि गाईको गवदान गरुँलो ।
रगुसाई भागेश्वर मेरी साग भाग ॥
पञ्च वामन वरि वेद पढौंलो ।
रगुसाइ भागेश्वर मेरी साग भाग ॥
नाइरनो जोइशिला तेरि साग भाग ।
गोकुल गोकुलैकि धुप खडौंलो ॥
रगुसाई भागेश्वर मेरी साग भाग ।
सपुर कपुरैकि बत्ति जलौंलो ॥
रगुसाइ भागेश्वर मेरि साग भाग ।
सालिका चामलैकि पूजा लउलो ॥
रगुसाई भागेश्वर मेरी साग भाग ।
कालि कपिलि गाईको दुध चढौंलो ॥
रगुसाइ भागेश्वर मेरि साग भाग ।
नाइरनो जोइशिला तेरि साग भाग ॥
कन्छि औंलि काटि भागेश्वर गात ।
आबऱ्यो जोइशिला तेरि साग भाग ॥

स्रोतः शंकरपुर गा.वि.स. वडा नं. ९ बस्ने श्री गुणानन्द अवस्थीबाट प्राप्त ।

### ३.२.२.२. धुमारी

धुमारी (क)

तै बडो देउ छै, भागेश्वर ।

बार बरसका भागेश्वर ॥

धुलि आकाल भागेश्वर ।

तै बडो देउ छै भागेश्वर ॥

पानी बरसाइ दे भागेश्वर ।

पहिलो बादल छ भागेश्वर ॥

कामै उनाइछ भागेश्वर ।

वारगाउँ माल भागेश्वर ॥

दोसरो बादल छ भागेश्वर ।

कामाइ उनाइछ भागेश्वर ॥

बारगाउँ परवत भागेश्वर ।

तेसरो बादल छ भागेश्वर ॥

कामै उनाइछ भागेश्वर ।

मालास पिपलमाइ भागेश्वर ॥

चौथो बादल छ भागेश्वर ।

कामै उनाइछ भागेश्वर ॥

ढाङ् मछाइन भागेश्वर ।

पाँचौं बादल छ भागेश्वर ॥

कामै उनाइछ भागेश्वर ।

नौ गाउँ ढुकुरि भागेश्वर ॥

छयौं बादल छ भागेश्वर ।

कामै उनाइछ भागेश्वर ॥

सैनि रूपला भागेश्वर ।

सातौं बादल छ भागेश्वर ॥

कामै उनाइछ भागेश्वर ।

सृष्टि संसार भागेश्वर ॥

स्रोतः शिखरपुर गा.वि.स. वडा नं. ४ बस्ते अमर बहादुर कुँवरबाट प्राप्त ।

धुमारी (ख)

तै बडो देउ छइ भागेश्वर ।

मै क्याको देउ छौं नागि मल्ल ॥

ते बडो ठाकुर नागि मल्ल ।

तैं बडि देउ छइ भागेश्वर ॥

धरती कम्पन लागी भागेश्वर ।

राखे गुसाइ भागेश्वर ॥

द्वारिका ढुङ्गाले भागेश्वर ।

देउल चिडौंलो भागेश्वर ॥

तैं बडो दउ छइ भागेश्वर ।

मै क्याको देउ छौं नागि मल्ल ॥

तै बडो ठाकुर नागि मल्ल ।

मेधनि हलन लागि भागेश्वर ॥

रइभ्का गुसाइ हो भागेश्वर ।

देउलका थानमा भागेश्वर ॥

मठ बनौंलो भागेश्वर ।

रइभ्का गुसाइ हो भागेश्वर ॥

तै बडो देउ छइ भागेश्वर ।

मैं क्याको देउ छौं नागि मल्ल ॥

तै बडो ठाकुर नागि मल्ल ।

रइझा गुसाइ भागेश्वर ॥

मठका थानमा भागेश्वर ।

छोरी चढौंलो भागेश्वर ॥

छोरीका मुडामाइ फोलि चढौंलो भागेश्वर ।

फोलिका मुडामाइ भागेश्वर ॥

चउन्नेगड चढौंलो भागेश्वर ।

तै बडो देउ छइ भागेश्वर ॥

मै क्याको देउ छौं नागि मल्ल ।

तै बडो ठाकुर नागि मल्ल ।

स्रोतः रौलेश्वर गा.वि.स. वडा नं. ६ बस्ने देवबहादुर चन्दबाट प्राप्त ।

### ३.२.३ शिवलिङ्गको लोक गीत

शिव लिङ्गका लोक गीतमा दुईवटा भेद छन् । ति मध्ये एउटालाई खेल र अर्कोलाई धुमारी भनिन्छ । ती यसप्रकार प्रस्तुत गरिएका छन् :-

३.२.३.१ खेलः

वडपन पिपलका समुद्र पड्या छाया ।

त्रिपुरा सुन्दरीका शिवालिङ्ग जाया ॥

धौलाडा पहाड है शिवालिङ्ग आया ।

हिउ चुरि-चुरि चुरि शिवालिङ्ग आया ॥

धौलाडो बोरो सनान अरन गयो ।

सनान अरना गुसाइ शिवालिङ्ग पायो ॥

धौलाडा बोराका कान चढि आया ।

धौलाडो बोरो शिखर धुरि लइगयो ॥

शिखरमाइ शिवालिङ्ग औलेप भया ।

धौलाडो बोरो बौलि चुटि रोयो ॥

जनरोइ बोरा हो तोइ माथि माया ।
क्यौकि मुरति छ गुसाइ क्यौकि छाया ॥
सुनकि मुरति गुसाइ इश्वरैकि छाया ।
काँ तेरो मण्डप काँ तेरो ठाउँ ॥
चौखाम मण्डप शिर मेरो ठाउँ ।
को तेरो धामि होलो को तेरो पूजारी ॥
शंकरी धामि होलो बदरि पूजारी ।
कतिया हारैकि मणिया कटौंलो ॥
बाइस पन्नर हारइकि मणिया कटाये ।
कतिया हारैकि विणिया चढौंलो ॥
नौ/नौ हारैकि विणिया चढाए ।
केउका द्वारैकि धुरिया कटाए ॥
सल्ला श्रीखण्डैका धुरिया कटाए ।
केउका द्वारैका खम्ब रोकोंलो ॥
पय्या पद्मागैका खम्ब रोकाए ।
केउका द्वारैका डणिया चढौंलो ॥
सल्ला श्रीखण्डैका डणिया चढाए ।
कहाँका जलैले गात नभौंलो ॥
गंगोत्री जलैले गाथ नोएये ।
पञ्च वामन बरि वेद पढाए ॥
कालि कपिलि गाइको गवदान गरे ।
गौंत गोबर बरि चोख्यान्द गराए ॥
सपुर कपडाकि बत्ति जलाए ।
ओकुल गोकुलैकि धुप खडाए ॥
सालिका चामलैकि पूजा लगाए ।

धौलाडो बोरो दउडि घर आयो ॥

शंकरी धामी विनति मेरी लेन ।

आया परभु मण्डप काटि देन ॥

बाइस/पन्नर हार मणिया कटाइछ ।

नौ/नौ हारैकि विणिया बनाइछ ॥

शंकरी धामी विनति मेरी लेन ।

आया परभु धुरी काटि देन ॥

सल्ला श्रीखण्डैकि धुरिया कटाइछ ।

पय्या पद्मागैका खम्ब कटाइछ ॥

धामी गाउँकि धमेनिको क्याहोलो नाउँ ।

धामी गाउँकि धमेनिको विरमा छ नाउँ ॥

बिरमा धमेनि विनति मेरि लेन ।

आया परभु खडिया काटि देन ॥

विरमा धमेनि खडिया काटि लेन ।

शंकरी धामी विनति मेरी लेन ॥

आया परभु मण्डप छइ देन ।

छइछाइ मणिया प्यारो मैन ॥

फुलेलि छापरि माइत भिनवैका खाजा ।

छइछाइ मणिया चढाइ हाल्यो धाजा ॥

विरमा धमेनि विनति मेरि लेन ।

आया परभु मण्डप छोपि देन ॥

मणियात छिपन्याथ्यौं पनि एन आथि ।

विरमा धमेनि पनियापर वैठि ॥

आघि आयो कलिया नाग पछि आयो पानी ।

पानी क्या आयो गुसाइ मुसलैकि साँठ ॥

छिपिछापि मणिया मणिया प्यार चैन ।
विरमा धमेनि विनति मेरि लेन ॥
आया परभु गउत गबाइ देन ।
मेरा गोठ गुसाया हो बछुरेन आथि ॥
तेरा गोठ धमेनि हो मल्या बाच्छि खेल ।
विरमा धमेनि गउत गउताइ लेन ॥
विरमा धमेनि विनति मेरी लेन ।
आया परभु दुध दोइ देन ॥
मेरा गोठ गुसाया हो गावडिन आथि ।
तेरा गोठ धमेनि हो कैलुगाइ दिन्छे ॥
विरमा धमेनि दुध दोइ लेन ।
बदरि पूजारी विनति मेरि लेन ॥
आया परभु देवता पूजि देन ।
गौंत गोबर भलि चोख्यान्द गराइछ ॥
कालिकपिलि गाइको गवदान गराइछ ।
गंगोत्री जलैले गाथ नोएछ ॥
सपुर कपडाकि बत्ति जलाइछ ।
ओकुल गोकुलैकि धुप जलाइछ ॥
पञ्च वामन बरि वेद पढाइछ ।
शालिका चामलैकि भोग लगाइछ ॥
लाइहाल्यो जाँति टेकाइहाल्यो तौलि ।
भलिपूजा भैछ बदरिकि बौली ॥
जौं खेत ज्वाँतो धनालि खेत सउँ ।
भला महाराजैकि माथा बाउलि पाउँ ॥
मारि हाल्यो बाकरीको गाडिहाल्यो पित्त ।

बालि बैंस शिवालिङ्ग गयाँ झानि चित्त ॥
लाइहालि केलडि फडकि झालो पात ।
गयाँ झाना शिवालिङ्गको देउ साथ ॥
गयाँ झाना शिवालिङ्ग केदार साथ ।
केदार साथ लै झौं गाँदिका धनि ॥
लाई हाल्यो केलडिको फडकि जालो पात ।
गयाँ झाना शिवालिङ्गको देउ साथ ॥
गयाँ झाना शिवालिङ्ग भूमिराज साथ ।
भूमिराज साथलै झौं दिउँसो को हेरलो ॥
लाइ हाल्यो केलडिको फटकि झालो पात ।
गायँ झाना शिवलिङ्ग को देउ साथ ॥
गयाँ झाना शिवालिङ्ग कैलपाल साथ ।
कैलपाल साथ लै झौं देवान चारि ॥
लाइहाल्यो केलडिको फटकि झालो पात ।
गयाँ झाना शिवालिङ्ग को देउ साथ ॥
गयाँ झाना शिवालिङ्ग अनरसाइ साथ ।
अनरसाइ साथलै झौं गोडाइका डुणा ॥
लाइहाल्यो केलडिको फटकि झालो पात ।
गायँ झाना शिवालिङ्ग को देउ साथ ॥
गयाँ झाना शिवालिङ्ग सुरपाल साथ ।
सुनसेर सुरपाल केदारैका बाग ॥
लाइहाल्यो केलडिको फटकि झालो पात ।
गयाँ झाना शिवालिङ्ग को देउ साथ ॥
गयाँ झाना शिवालिङ्ग चन्नरै साथ ।
चन्नरै चनखेत केदारैका बाग ॥

लाइहाल्यो केलडिको फटकि झालो पात ।
गयाँ झाना शिवालिङ्ग को देउ साथ ॥
गायाँ झाना शिवालिङ्ग लोटन्या साथ ।
लोटन्या सिमडो महादेव का बाग ॥
लाइहाल्यो केलडिको फडकि झालो पात ।
गयाँ झाना शिवालिङ्ग को देउ साथ ।
गयाँ झाना शिवालिङ्ग बेताल साथ ।
बेताल साथ लै झौं घटालैका बाग ॥
लाइहाल्यो केलडिको फटकि झालो पात ।
गयाँ झाना शिवालिङ्ग को देउ साथ ॥
गयाँ झाना शिवालिङ्ग सबै देउ साथ ।
भूमिराज मामाज्यू विनति मेरि लेन ॥
हालिहाल्यो धुलौटो हेरि हाल्यो पाति ।
दिउसो मिल्यो भान्चौ वुधबार राति ॥
साइतो सार्‍या भान्चौ मङ्गलैकि राती ।
ओटि हैत गुसायाले वोटि साइतो सार्‍यो ॥
बोटि साइतो सार्‍यो गुसाई भइछ बडाइ ।
मुख अघि गुसायाका गावडि रमाइछ ॥
स्रोतः शंकरपुर गा.वि.स. वडा नं. ९ बस्ने श्री रघुनाथ अवस्थीबाट प्राप्त ।

### ३.२.३.२ धुमारी

शिर सिगास तीर्थ चल्या भाइ, वाल महनि जुजुलागि ।
महारुद्र देवता तिर्थ चल्या भाई ताल महनि जुजुलागि ॥
केदार देवता तिर्थ चल्या भाई ताल महनि जुजुलागि ।
भूमिराज भौनेलि तिर्थ चल्या भाइ ताल महनि जुजुलागि ॥
अनरसाइ देवता तिर्थ चल्या भाई ताल महिन जुजुलागि ।

कैलपाल देवता तिर्थ चल्या भाइ ताल महनि जुजुलागि ॥

भगिरथ ताल महनि जुजुलागि ।

चन्नरै देवता तिर्थ चल्या भाइ ताल महनि जुजुलागि ॥

भगिरथ ताल महनि जुजुलागि ।

सुन सेर सुरपाल तिर्थ चल्या भाइ ताल महनि जुजुलागि ॥

भगिरथ ताल महनि जुजुलागि ।

घटाल बेताल तिर्थ चल्या भाइ ताल महनि जुजुलागि ॥

भगिरथ ताल महनि जुजुलागि ।

लोटन्या सिमडो तीर्थ चल्यो भाइ ताल महनि जुजुलागि ॥

भगिरथ ताल महनि जुजुलागि ।

ताल महनि जुजुलागि  भगिरथ ॥

स्रोतः गुजर गा.वि.स. वडा नं. ६ बस्ने तर्कराज भट्टबाट प्राप्त ।

### ३.२.४ शिवालिङ्ग गायँ दान पिण्ड

शिवालिङ्ग गयाँ दान पिण्ड गीतका दुईवटा भेद हुन्छन् । तिनमा एउटालाई खेल र आर्कोलाई धमारी भन्दछन् । ती निम्न अनुसार छन्:-

#### ३.२.४.१ खेल

ताँ है गुसाया ज्युले चलभल कियो ।

फरसु रामैको बैसेक लियो ॥

असनान अर गुसाइ अस न्यौटि बस ।

बसन्यौटि बस गुसाइ माला जपि हाल ॥

माला जपदा गुसाइ दिउसै पडि रात ।

कुइडि कनादैका रोकिया खाम ॥

मानो-मानो बुकि सुन अर गुसाइ दान ।

ताँहै गुसाया ज्यूले चलभल कियो ॥

राज पऱ्यागैको वैसेक लियो ।

असनान अर गुसाइ अस न्यौटि बस ॥

बस न्यौटि बस गुसाइ माला जपि हाल ।

माला जपदा गुसाइ दिउसै पडि रात ॥

कुछडि कनादैका रोकिया खाम ।

नालि-नालि बुकि सुन अर गुसाइ दान ॥

पहिलो पिण्ड जो पुन-पुन दिइछ ।

दोसरो पिण्ड जो फाल्गुमा दिइछ ॥

तेसरो पिण्ड जो बोधगयाँ दिइछ ।

चौथो पिण्ड जो प्रतशिला दिइछ ॥

पाँचौं पिण्ड जो रामशिला दिइछ ।

छयौं पिण्ड जो भिमकुण्ड दिइछ ॥

सातौं पिण्ड जो काकबलि दिइछ ।

आठौं पिण्ड जो बोध गयाँ दिइछ ॥

नवौं पिण्ड जो सुरजकुण्ड दिइछ ॥

दशौं पिण्ड जो सोलै वेदी दिइछ ॥

एघारौं पिण्ड जो अछैवाटा दिइछ ।

बारौं पिण्ड जो गयाँ सुर दिइछ ॥

तेरौं पिण्ड जो दशरथ कुण्ड दिइछ ।

चौधौं पिण्ड जो भरतकुण्ड दिइछ ॥

पन्नरौं पिण्ड सीता कुण्ड उदइछ ।

सोलौं पिण्ड सरक द्वार दिइछ ॥

अब गर्‍यो गुसायाले सोलै वेदि पूरा ।

स्रोतः- शंकरपुर गा.वि.स. वडा नं. ९ बस्ने मदनराज अवस्थीबाट प्राप्त ।

### ३.२.४.२ धमारी

उत्तर दिशा कैलास परवत हिउकि वाहन चलि मुल ।

उत्तर दिशा मानसरोवर सोलसय नन्दिका मुल ॥
शिर जो बैठि गंगोत्री माई कानमा कर्ण पऱ्याग ।
हृदय वैठि देउपऱ्याग नाभि कुण्डल हरिद्वारा ॥
धुणजोला वैठि राजपऱ्याग काँशी विश्वेश्वर थान ।
बाजारे बाजा छत्तिस बाजा उप्पर बाजे भेरी ॥
फलगु तिर्थमा पिण्ड भराइछ स्वर्ग पितर रह्या हेरि ।
बाजारे बाजा छत्तिस बाजा उप्पर बाजे भेरी ॥
स्रोतः मल्लादेही गा.वि.स. वडा नं. ६ बस्ने कृष्ण बोहराबाट प्राप्त ।

# परिच्छेद - चार

## बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित गमरा गीतको वर्गीकरण

गमरा पर्वमा महिला र पुरुषहरूले विभिन्न प्रकारका गीतहरू गाउँछन् । तिनलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

### ४.१ विषयका आधारमा वर्गीकरण

विषयका आधारमा गमरा पर्वका गीतहरूलाई निर्धारण गर्दा गीतमा प्रयुक्त विषयलाई प्रधानता दिइन्छ । यो गीत वर्गीकरणको प्रमुख आधार पनि हो । यस्ता पर्व गीतमा मानिसका आस्था, विश्वास, रीतिथिति, कर्म र व्यवहार आदि जस्ता विषयहरूलाई समावेश गरिएको पाइन्छ । यस आधारमा गमरा पर्वका गतिहरूलाई निम्न अनुसार वर्गीकरण गरी देखाउन सकिन्छ :-

#### ४.१.१ धार्मिक गीत

बैतडी जिल्लाको मल्लो स्वराडका गमरा गीतको एक प्रमुख विषय धर्म हो । त्यसैले गमरा गीतको एक प्रमुख विषयगत भेद धार्मिक गीत हो । मल्लो स्वराड क्षेत्रमा हिन्दू धर्म मान्ने व्यक्तिहरूको वाहुल्य रहेको हुँदा त्यहाँको जनजीवनमा हिन्दू धर्म सम्बन्धी गीतहरू नै बढी पाइन्छन् । लोक जीवनमा प्रचलित मान्यता अनुरूप परम्परानुसार भक्ति भाव व्यक्त गर्ने र शास्त्रीय धर्मको पालना गरी लोकाचारमा आधारित अवतारधारी देवी देवताप्रति भक्ति भाव दर्शाइ गाइएका गीतहरू यस क्षेत्रका गमरा गीतमा पाइन्छन् । यस्ता गीतहरू प्रायः धर्मशास्त्रबाट बढी प्रभावित देखिन्छन् । विभिन्न क्षेत्रमा प्रचलित गमरा पर्वका खेल र धुमारीमा रहेका धार्मिक गीतका केही उदाहरणहरू यसप्रकार छनः-

**(क) महिलाले गाउने गीत**

सिंहासन बसिरन्ना कैलपाल देवा
मैं लोली दुध कुण्ड चलौं ।
सिंहासन बसिरन्ना भेल्या देवा,
मैं लोली दुध कुण्ड चलौं ॥
(महिलाले गाउने भित्रकि गमरा गीतबाट)

उगाड उगाड शिवालिङ्ग देवा त,
सुनका केबाड उगाड ।
कसरी उगाडौं सनुका केवाड,
रूपाकी आगलि परि सार ॥
(खालामाईकी गमरा गीतबाट)

**(ख) पुरुषले गाउने गीत**

गंगाका किनार रिटलो खेउ ।
काँ फुटि उबजिगया महारुद्र देउ ॥
कैलाश उबजिगया महारुद्र देउ ।
गंगाका किनार रिटलो खेउ ॥
(अठउजि मल्लको खेलबाट)

उत्तर दिशा कैलाश पर्वत हिउकि वाहन चलि मूल ।
उत्तर दिशा मानसरोवर सोलसय नन्दिका मूल ॥
शिर जो बैठी गंगोत्रीमाई कानमा कर्ण पऱ्याग ।
हृदय बैठी देउ पऱ्याग नाभि कुण्डल हरिद्वार ॥
(शिवालिङ्ग गयाँ दान पिण्डबाट)

### ४.१.२ पौराणिक गीत

पौराणिक गीत अन्तर्गत पुराणमा वर्णन भएका विषयसँग सम्बन्धित गीतलाई राख्न सकिन्छ । गमराका कतिपय गीतहरू पुराणको कथालाई आधार मानेर गाइएका छन् ।

यिनमा पौराणिक झलक पनि पाइन्छ । साथै तिनलाई यस क्षेत्रको गमरा पर्वसँग मिलाएर संस्कृति अनुरूप ढालेर गाउने गरिन्छ । यसरी परम्परित मान्यता र संस्कृतिलाई टेवा पुऱ्याउँदै आएका पौराणिक गीतहरूमा शिवालिङ्ग दान पिण्ड, भागेश्वरको गति जस्ता गीतहरू महाभारत, रामायण र कृष्ण चरित्रमा आधारित छन् । त्यस्तै कतिपय गीत पुराणमा पनि आधारित छन् । यस्ता पौराणिक गीतका केही नमुना यसप्रकार छन्:

पौराणिक गीत (क)

गंगोत्री जलैले गाथ नयुँलो ।
र गुसाँइ भागेश्वर मेरि साग भाग ॥
काली कपिली गाईको गवदान गरुँलो ।
पञ्च वामन वरी वेद पढौंलो ॥

(भागेश्वरको गीत)

पौराणिक गीत (ख)

पाँचौं पिण्ड जो रामकुण्ड दिइछ ।
छयौं पिण्ड जो भिमकुण्ड दिइछ ॥
सातौं पिण्ड जो काकबली दिइछ ।
आठौं पिण्ड जो बोधगयाँ दिइछ ॥

(शिवलिङ्ग गयाँ दान पिण्ड)

### ४.१.३ ऐतिहासिक गीत

गमरा पर्वका गीतहरूमा राष्ट्र र समाज सेवामा समर्पित व्यक्तिहरूका गीतहरू पनि गाइन्छन् । गमरा पर्वमा ऐतिहासिक वीर पुरुषहरूले आफ्नो जीवनमा गरेका न्याय र अन्यायको प्रशंसा र विरोध गरि तिनलाई गीतका माध्यमबाट गमरा पर्वमा गाउने चलन रहि आएको छ । केही ऐतिहासिक गीतहरू यस प्रकार छन्:-

ऐतिहासिक गीत (क)

तै बडो देउ छइ भागेश्वर ।

मै क्याको देउ छौं नागि मल्ल ॥

तै बडो ठाकुर नागि मल्ल ।

तै बडो देउ छइ भागेश्वर ॥

(भागेश्वरको धुमारीबाट)

ऐतिहासिक गीत (ख)

मै झान्छु जिया स्वरडगड ।

जन झाइ अठौजि स्वरडगड ॥

इति खरा असकुन स्वरडगड ।

घरै बसि भ्यान स्वरडगड ॥

(अठउजि मल्लको धुमारीबाट)

ऐतिहासिक गीत (ग)

देवता दैत्य हो भइ हाकाहाक ।

हाण्यो छ कलिया दैत्य पछि उणिलात ॥

देवीका मण्डप तामाकी झारी ।

भाग्यो कलिमा दैत्य तरी गयो पारी ॥

(अठउजि मल्लको खेलबाट)

### ४.२ लय वा भाकाका आधारमा वर्गीकरण

गमरा गति गाएर सुनाइने विधा हो । लय वा भाका यसको अनिवार्य तत्त्व हो । जसलाई हामी यति र गतिका आधारमा मापन गर्न सक्छौं । गमरा पर्वका गतिहरूमा कहीँ अक्षर संख्या एक नासका भएको हुनाले लय र भाकामा फरक देखिदैन भने कहीँ अक्षर संख्या एक नासका नभएको हुनाले लय वा भाकामा फरक देखिनु र एउटै ध्वनिलाई लामो तन्काएर पनि लयको पूर्ति गरिन्छ र विश्राममा पनि फरकता देखिन्छ भने कहीँ विश्राममा समानता पनि देखिन्छ ।

लय वा भाकाका आधारमा गमरा पर्वका गीतहरूलाई निम्न प्रकार विभाजन गरिएको छः

### ४.२.१ असमान अक्षर सङ्ख्या भएका गीत

सुनका केवाड उगाड ।
उगाड उगाड कैलपाल देवा ॥
सुनका केवाड उगाड ।
अधेकाको धेकालो बाहिर धेका भया

(खालामाइकी गमराबाट)

प्रस्तुत गीतमा अक्षर संख्या समान नभएकोले लय वा भाका र विश्राममा पनि फरक देखिन्छ । यस गीतमाा ९ देखि १४ अक्षर संख्या रहेका छन् ।

### ४.२.२ समान अक्षर सङ्ख्या भएका गीत

वामन ढुवार हैत, देवती ढुवार ।
वरमा ढुवार हैत, देवती ढुवार ॥
देवती ढुवार हैत, राजका ढुवार
राजका ढुवार हैत, ठकुर ढुवार ॥

(भिमकी गमराबाट)

प्रस्तुत गीतमा अक्षर संख्या प्रत्येक पङ्क्तिमा १४/१४ ओटा समान भएकोले विश्राममा पनि समानता र लय वा भाकामा पनि समानता रहेको देखिन्छ ।

### ४.२.३ समान अक्षर सङ्ख्या भएका गीत

सय घडा पनीया घरै बोकि दिउलो, तम गुसाइ घरै हौ सनान ।
सय घडा पनीयाले शिरलै नाइ भिज, हम लोली समुद्र सनान ।

(खालामाईकी गमराबाट)

प्रस्तुत गीतमा अक्षर संख्या प्रत्येक पंक्तिमा २५/२५ वटा समान रहेकाले लय वा भाकामा पनि समानता देखिन्छ । यसकारण यस गीतको लय वा भाका श्रुतिमधुर रहेको छ ।

### ४.३ प्रस्तुतिका आधारमा वर्गीकरण

गमरा पर्वका गीतहरूलाई वर्गीकरण गर्ने क्रममा प्रस्तुतिलाई पनि प्रमुखता दिन सकिन्छ । यसको प्रस्तुति पर्व विशेषमा गरिन्छ । महिलाहरूले बाद्य रहित भएर सामूहिक रूपमा प्रस्तुति गर्छन् भने पुरुषहरूले वाद्य र नृत्यका साथ सामूहिक रूपमा प्रस्तुति गर्छन् । महिलाहरूको प्रस्तुति श्रव्यात्मक हुन्छ भने पुरुषहरूको प्रस्तुति श्रव्यात्मक र दृश्यात्मक हुन्छ ।

#### ४.३.१ महिलाले गाउने गीत

(अ) पनेरकी गमरा

(आ) भित्रकी गमरा

(इ) खालामाईकी गमरा

यी गीतहरू नृत्य र वाद्य रहित हुन्छन् ।

#### ४.३.२ पुरुषले गाउने गीत

(अ) खेल

(आ) धुमारी

यी गीतहरू नृत्य र वाद्यका साथ गाइन्छन् ।

### ४.४ सहभागिताका आधारमा वर्गीकरण

गमरा पर्वका गीतमा पुरुष र महिलाको सहभागिता रहन्छ । गमरा पर्वमा कुनै गीत पुरुषले मात्र गाउँछन् भने कुनै गतिमा महिलाको मात्र सहभागिता रहन्छ ।

यस आधारमा पुरुषले मात्र गाउने गमरा गीतमा खेल र धुमारी पर्दछन् भने महिलाले मात्र गाउने गमरा गीतमा पनेरकी गमरा, भित्रकी गमरा र खालामाईकी गमरा पर्दछन् । यी गमरा गीतहरूमध्ये केहीमा महिलाको मात्र केहीमा पुरुषको मात्र सहभागिता रहन्छ ।

### ४.५ समयका आधारमा वर्गीकरण

गमरा गीतहरू गाउने समय र अवसरलाई प्रधानता दिँदा गमरा गीतलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

४.५.१ विहानको समयमा महिलाहरूले गाउने गमरा पर्वका गीतहरू

पनेरकी गमराका गीत, खालामाईकी गमरा गीत ।

४.५.२ बेलुकी पख महिला र पुरुषहरूले गाउने गमराका गीतहरू:

भित्रकी गमरा गीत, भागेश्वरको खेल र धमारी शिवलिङ्गको खेल र धमारी आदि ।

यसप्रकार समयको आधारमा गमरा पर्वका गीतको वर्गीकरण गर्दा विहान र बेलुकी गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । यी गीतहरू महिला र पुरुषहरूले गाउने गर्छन् ।

### ४.६ आकारका आधारमा वर्गीकरण

आकारका आधारमा गमरा पर्वका गीतका प्रकार निर्धारण गर्दा गीतको आकारलाई प्रधानता दिइन्छ । यो गीत वर्गीकरणको बाहिरी आधार हो । गमरा पर्वका गीतहरू कुनै आठ, दश, र छयानब्बे पंक्तिका छोटो आकारका छन् भने कुनै लामा आकारका छयानब्बै पंक्ति देखि ६ सय बाह्र पंक्ति सम्मका पनि हुन्छन् । यसरी आकारका आधारमा गमरा पर्वका गीतहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

#### ४.६.१ छोटा आकारका गमरा पर्वका गीत

धुमारी, पनेरकी गमरा, अठउजि मल्लको खेल, धुमारी, भागेश्वरको खेल, धुमारी, शिवालिङ्गको धुमारी, शिवलिङ्ग गयाँ दान पिण्ड खेल, धुमारी आदि ।

#### ४.६.२  लामा आकारका गमरा पर्वका गीत

महिलाले गाउने भित्रकी गमराका गीत, भित्रकी अठेवाली गीत, खालामाईकी गमराका गीत, शिवालिङ्गको खेल आदि ।

## परिच्छेद – पाँच

बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित गमरा पर्वका गीतहरूको विश्लेषण विषय वस्तु, ऐतिहासिकता र पौराणिक आधारमा गर्न सकिन्छः–

### ५.१ विषय वस्तुका आधारमा विश्लेषण

बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा मनाइने चाडपर्वहरूमध्ये गमरा पनि एउटा महत्त्वपूर्ण पर्व हो । यस पर्वका गीतहरूको विषय वस्तुमा यस क्षेत्रमा परम्परादेखि चलिआएका धार्मिक, पौराणिक र ऐतिहासिक विषयहरूरहेका छन् । पुरुषहरूले गाउने गमरा शिवलिङ्गको खेल र धुमारी महिलाहरूले गाउने गमरा गीत पनेरकी गमरा, भित्रकी गमरा र खालामाईकीमा धार्मिक भावनाका गीतहरू रहेका छन् । यी गीतहरूमा शिव र पार्वतीको विवाह सम्बन्धमा र शिवजीको उत्पत्ति सम्बन्धमा वर्णन गरिएको छ । पनेरकी गमरा, भित्रकी गमरा र खालामाईकी गमराका गीतमा पार्वती देवी र शिवजीको भक्ति भावनाका साथ महिलाहरूले पूजाआजा  र पाठ गर्ने परम्परा नै विषय वस्तु रहेको छ । पौराणिक गीत भनेको पुराणसँग सम्बन्धित गीतहरू पर्दछन् । यस गमरा पर्वका पौराणिक गीतहरूमा शिवलिङ्गमा दान पिण्ड र तिनको धुमारी पर्दछन् । यसैगरी ऐतिहासिक गीतमा ऐतिहासिक वीर पुरुषहरूको जीवनी र उनीहरूले गरेका कामा बारेमा वर्णन गरी लेखिएका गीतहरू पर्दछन् । गमरा पर्वमा गाइने ऐतिहासिक गीतहरूमा अठउजि मल्लको खेल र त्यसको धुमारी भागेश्वरको खेल र त्यसको धुमारी रहेका छन् । यसको विषय वस्तुमा भागेश्वरको उत्पत्ति तथा भागेश्वर र नागीमल्लको परस्पर को ठूलो को सानो भन्ने सम्बन्धमा भएको वादविवादलाई विषय वस्तु बनाइएको छ । यस ऐतिहासिक सन्दर्भलाई लिएर पुरुषहरूले गमरा पर्वमा गीतको माध्यमबाट गाएर मनोरञ्जन दिने गर्छन् ।

धार्मिक, पौराणिक र ऐतिहासिक विषय वस्तुमा आधारित गमरा पर्वका गीतको विश्लेषण तल प्रस्तुत छः–

### ५.१.१ धार्मिक विषय वस्तुका आधारमा विश्लेषण

धार्मिक विषय वस्तुमा आधारित गमरा पर्वका गीतहरूलाई दुई भागमा विभाजन गरी विश्लेषण गर्न सकिन्छ जसमा पुरुषले गाउने गीत र महिलाले गाउने गीत पर्दछन् । तिनको विश्लेषण निम्न अनुसार गर्न सकिन्छः–

#### ५.१.१.१ पुरुषले गाउने धार्मिक गीतको विश्लेषण

पुरुषले गाउने धार्मिक गमरा पर्वका गीतमा शिवलिङ्ग खेल र यसको धुमारी पर्दछन् । यसमा शिवजीको उत्पत्ति सम्बन्धमा उनको पूजा विधि सम्बन्धमा र शिवजी गया प्रस्थान गर्दाखेरि कुन-कुन देवतालाई साथमा लगेका थिए भन्ने सम्बन्धमा खेल र धुमारीका माध्यमबाट धार्मिक भावना जागृत गराइएको छ ।  यसमा शिवलिङ्गलाई त्रिपुरा सुन्दरीका साथ धौला पहाडबाट आएको वर्णन छ । जसलाई धौलाडो बोराले नदीमा स्नान गर्दा पाएको थियो । त्यस शिवलिङ्गलाई धौलाडो बोराले शिरमा राखेर शिखरधुरा भन्ने ठाउँमा लगेको थियो । त्यहाँ पुग्दा शिवजी अन्तर्ध्यान वा गुप्त भएको र धौलाडो बोरो निधार पिट्तै रोएको प्रसङ्ग त्यहाँ छ । शिवजीले नरोउ बोरा तिमी माथि नै मेरो माया छ भनी आकाशवाणी जस्तो शब्द गरेर बोलेको प्रसङ्ग पनि त्यहाँ छ । बोराले उनीसँग प्रश्न गरी तिमी कुन भेषमा आउने हौ भनी सोधे र आफूले मन्दिर कसरी बनाउने, कसलाई धामी बनाउने, कसलाई पुजारी बनाउने, मन्दिर कहाँ बनाउने, कसरी पूजा गर्ने, कसरी गाथलाई शुद्ध गर्ने भनी प्रश्न गरेको छ । यस क्रममा शिवजीले के जवाफ दिएका छन् भने म शिवलिङ्ग भेषमा आउने छु र उनको धामी शंकरी पूजारी बदरी हुने, चौखाममा मन्दिर बनाउनु पर्ने, धूप बत्ती र अक्षताले पूजा गर्ने, सल्ला श्रीखण्डले र पऱ्यापद्मगले मन्दिर निर्माण गर्ने र गंगोत्री जलले गाथको शुद्धि गर्ने । यति भनी शिवजी अन्तर्ध्यान भएको सुनेपछि बोरो भने अनुसार काम गर्न तयार भएको पाइन्छ । साथै यसमा जब

शिवलिङ्ग गयाँ प्रस्थान गर्दा कुन-कुन देवताहरूलाई आफ्नो साथमा लगेका थिए, किन लगेका थिए र देवताहरू कसरी त्यहाँ गएर शिवजीलाई साथ दिए भन्ने धार्मिक कुराको वर्णन गरिएको छ । यसमा शिवजी गया प्रस्थान गर्दा कैलपाल, भूमिराज चुन्नरै, अनरसाई, घटाल, बेताल, सिमडो सुरपाल र सुनशेर देवताले आ-आफ्ना बाहन र हतियार साथमा लिएर शिवजीलाई आफ्नो भूमिका पुरा गरी सहयोग गरेको वर्णन छ ।

यसबाट मानिसलाई के धार्मिक भावना प्रदान गरिएको छ भने हामीले पनि देवताप्रति भक्ति भावना राख्नुपर्छ र धर्म गर्ने मानिसलाई सक्दो सहयोग गर्नु पर्दछ । धर्म गर्नको लागि मठ मन्दिर निर्माण र पूजा पाठ गर्नु पर्छ साथै धर्म गर्न तीर्थव्रत पनि गर्नु पर्छ भन्ने धार्मिक भावना यसमा दिन खोजिएको छ ।

पुरुषले गाउने धार्मिक गीतको केही नमूनाको अंश तल प्रस्तुत गरिएको छः–

वडपन पिपलका समुद्रपडया छाया ।
त्रिपुरा सुन्ददरीका शिवलिङ्ग जाया ॥
धौला पहाड है शिवलिङ्ग आया ।
हिड चुरी-चुरी चुरी शिवलिङ्ग आया ॥
धौलाडो बोरो सनान अरन गयो ।
सनाम अरना गुसाइ शिवलिङ्ग पायो ।

– (शिवलिङ्ग खेलबाट)

### ५.१.१.२ महिलाले गाउने धार्मिक गीतको विश्लेषण

महिलाले गाउने धार्मिक गीता पनेरकी गमरा, भित्रकी गमरा र खोलामाईकी गमराबाट पनि शिव र पार्वतीलाई आस्थाका केन्द्रविन्दु मानेर पूजाआजा गरी ब्रत बस्ने चलन रहिआएको छ । यिनकै माध्यमबाट प्रत्येक महिलालाई धार्मिक भावनामा लिप्त गराइएको छ । महिलाहरूले गाउने गमरा पर्वका गीतमा शिवजी र पार्वतीको आगमन

हुँदा कस्तो प्रभाव पर्छ र उनको पूजाआजा कसरी गर्नु पर्छ, ब्रत कसरी बस्नु पर्छ किन ब्रत बस्नु पर्छ र ब्रत बस्दा कस्तो फल प्राप्त हुन्छ भन्ने वर्णन नै यी गमरा पर्वका गीतमा गरिएको छ । यी गीतको माध्यमबाट के भनिएको छ भने शिव र पार्वतीको आगमन हुँदा सबैतिर उज्यालो र खुशियाली छाउँछ । यिनको पूजापाठ निराहार बसेर बिरुडा (कलौं, गहुँ, गउत, मास, र गुराँस भिजाएका अन्न) फुलपातीद्वारा गर्नुपर्छ । यो व्रत बस्दा आफूले चिताए अनुसारको फल प्राप्त हुन्छ भन्ने धार्मिक भावना यसमा व्यक्त भएको छ । खास गरेर गमरा पर्वका गीतमा अविवाहित पार्वतीले कठोर तपस्या गरेर शिवजीलाई पति प्राप्त गरेको हुनाले महिलाहरूले पनि यस पर्वमा भोकै बसेर शिव र पार्वतीको पूजापाठ गरेमा जुन प्रकार पार्वतीले ब्रत बसी तपस्या गरी आफूलाई मन परेको पति प्राप्त गर्न सफल भइन् त्यस्तै प्रकार अरु पनि आफूले सोचे अनुसारको फल पाउछन् भन्ने धार्मिक विश्वासको साथ यो पर्व महिलाहरूले भक्ति भावनाका साथ मनाउने गर्दछन् ।

माथिको वर्णनबाट समग्रमा के भन्न सकिन्छ भने गमरा पर्वका गीतहरूमा धार्मिक विषय वस्तु पाइन्छ ।

मठ मन्दिर बनाउनु, तीर्थव्रत गर्नु, व्रत बस्नु, पूजापाठ गर्नु आदि जस्ता कुराहरू गमरा पर्वका गीतमा रहेका छन् र यसो गरेमा राम्रो फल प्राप्त भएको पनि गीतका माध्यमबाट देखाइएको छ जसबाट राम्रो फल प्राप्त हुने रहेछ भन्ने धार्मिक भावना पलाउँछ । यिनै आधारमा नै गमरा पर्वका गीतहरूलाई धार्मिक विषय वस्तुको आधारमा विश्लेषण गरिएको छ । महिलाले गाउने धार्मिक गीतको उदाहरण यस प्रकार छः–

हाइहाइ सदा शिव कन्या अबेउ रइन ।
अबेउ क्याकि रहुला बुबा विहे होइबजालो ॥
अबेउ क्याकि रहुला आमा बिहे होइबजालो ।
बाबा झाइ बोलुन लाग्या कन्या अबेउबरैछ ॥

### ५.१.२ ऐतिहासिक विषय वस्तुका आधारमा विश्लेषण

गमरा पर्वका खेलहरूमा आठउजि मल्लको खेल र त्यसको धुमारी तथा भागेश्वरको खेल र त्यसको धुमारी ऐतिहासिक खेल र धुमारीमा पर्दछन् । यी खेल र धुमारीको वर्णन तल गरिएको छः–

### ५.१.२.१ अठउजि मल्लको खेलको विश्लेषण

यस खेलमा सर्वप्रथम उठउजि मल्लको उत्पत्ति भारतमा पर्ने सोर र पिथौरागढमा भएको वर्णन पाइन्छ। यिनी दुई भाइ थिए। एउटाको नाम उठउजि मल्ल र अर्काको नाम कलीया थियो । यी दुइटै भाइले सम्पूर्ण देवी देवतासँग नेपालको स्वराड भन्ने ठाउँमा आएर धेरै दुःख दिएर लडाइँ गरेका थिए भन्ने वर्णन यस खेलमा गरिएको छ । महारुद्र, भागालिङ्ग, रैण्यासैनी, समैजी, सिगास, भूमिराज, कैलपाल, सुनशेर, चन्नरइ, घटाल, बेताल, केदार आदि जस्ता देवतासँग यी दुई भाइले स्वराड भन्ने ठाउँमा आएर आफ्नो हैकम जमाउनका लागि लडाइँ गरेको अनि देवताहरू पनि आ-आफ्ना वाहनमा चढेर हतियार सहित लडाइँमा संलग्न भएको वर्णन यस खेलमा गरिएको छ । धेरै समयसम्म अठउजि मल्ल र त्यसको भाइ लगायत देवताको लडाइँ चलेको तथा अन्त्यमा देवताहरूले जितेको अनि ती दुबै भाइलाई मारेको वर्णन यस खेलमा गरिएको छ । साथै एउटा धुमारीमा स्वराडमा अठउजि मल्ल र देवताहरूबीच लडाइँ भएको वर्णन छ भने अर्को धुमारीमा अठउजि मल्ल र देवताहरू महारुद्र रौला केदार, सिगास, कैलपाल, सुनसेर, चन्नरै, भूमिराज, घटाल, बेताल, सिमडो, मसानी, अनरसाई, उदैदेउ आदि देवताहरूसँग रौला केदार नजिक पर्ने सल्म्याबुङा भन्ने ठाउँमा लडाइँ भएको सम्बन्धमा वर्णन गरिएको छ । यी लडाइँमा देवताहरूले सल्म्याबुङा भन्ने ठाउँमा अठउजि मल्ललाई मारी आफू विजय भएको वर्णनलाई नै गमरा पर्वमा पुरुषहरूले खेलको माध्यमबाट गाउने चलन छ । केही नमूना तल प्रस्तुत गरिएका छन्ः–

कहाँ उबजिगयो अठौजि मल्ल ।

सोर पिथौर उबजिगथयो अठौजि मल्ल ॥

ऋठौजि मल्ल कलिया जसो भाई ।

सुनमुठि खुकुरी पितलका खोपा ॥

(अठउजि मल्लको लोकगीतबाट)

वडा वडा देउ छन स्वरडगरड ।

मैं भ्फान्छु जिया स्वरड गरड ॥

धोयडो लगाइ देउ स्वरडगरड ।

लायो धोयडो पूत स्वरडगरड ॥

(अठउजि मल्लको धुमारीबाट)

क्वे देउ छन् सल्म्या बुड्ा ।

रौलाकेदार सल्म्या बुड्ा ॥

ह्मण मेरा बगौ स्ल्म्या बुड्ा ।

क्वे देउ छन सल्म्या बुड्ा ॥

(अठउजि मल्लको धुमारीबाट)

### ५.१.३.२ भागेश्वरको खेल र धुमारीको विश्लेषण

बैतडी जिल्लाको मल्लो स्वराडमा गमरा पर्वमा पुरुषहरूले भागेश्वरको खेल र धुमारीलाई ऐतिहासिक विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यसमा भागेश्वरको उत्पत्ति लगायत अन्य देवताहरूको उत्पत्ति सम्बन्धमा वर्णन गरिएको छ । यस ऐतिहासिक विषय वस्तुको गायन पुरुषहरूले गमरा पर्वमा गर्दछन् । भागेश्वरको उत्पत्ति गयामा भएको, त्यस्तै प्रकारले चन्द्र सूर्यको उत्पत्ति भएको बयान यहाँ गरिएको छ । भागेश्वरले आफू बसेको राजपरयाग, फरसुराम, शिखरधुरी, काशीविश्वेश्वर तथा त्यहाँ बसेर आफूले तपस्या र पूजा पाठ गरेको वर्णन पनि यस भागेश्वरको खेलमा छ । यसको धुमारीमा भागेश्वर र नागी मल्लका बीचमा को ठूलो को सानो भन्ने सम्बन्धमा वर्णन गरिएको छ । यसमा नागी मल्लले भागेश्वरसँग तिमी ठुला छौ भन्न खोज्दा भागेश्वरले आफू के को

ठूलो, नागी मल्ल नै ठूला हुन् भन्ने उत्तर दिएका छन् । सवाल जवाफको माध्यमबाट यस धुमारीको ऐतिहासिक विषय वस्तुलाई गमरा पर्वमा पुरुषहरूले गाउने गर्दछन् ।

भागेश्वरको खेल र धुमारीको केही अंश तल प्रस्तुत गरिएको छः–

खेलः- कहाँ उबजि गया चन्द्र सुरीज ।
सक उबजिगया चन्द्र सुरीज ॥
कहाँ उबजि गइन जलथल भूमि ।
धरती उबजि गइन जलथल भूमि ॥

धमारीः- तै बडो देउ छइ भागेश्वर ।
मै क्याको देउ छौं नागिमल्ल ।
तै बडो ठाकुर नागिमल्ल ।
तै बडी देउ छइ भागेश्वर ॥

## ५.२ भाषाका आधारमा विश्लेषण

बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा मनाइने गमरा गीतहरूको भाषा स्तरीय नेपाली भाषासँग केही हदमा मिल्दोजुल्दो छ । यसमा यहाँको स्थानीय भाषिकाको प्रयोग पाइन्छ । यस गमरा पर्वका गीतहरूमा प्रयुक्त प्रभु, शिव, भक्ति, पूजारी, मन्दिर, पाठ, पूजा, गौ, वामन, चरण जस्ता शब्दहरू संस्कृत भाषासँग मिल्दाजुल्दा छन् । यहाँको स्थानीय प्रचलनमा रहेका पयान, बेयान, दादा, वात, माग्या, भराण, अपजस, धुणी, पनीया, ढुङ्गी, बजुन्ना, चौहारी, दुवार, सालन्ना, सिलौटी, मेर, बेडुपात, नइत, मभणिवरि, सुन, लौना, सुप्पी, धोया, पछिउणो, हाण्यो, ठोस्या, सिसिन्नि, काँतेरी, औरेनि, केवाड, अधेका, आयवटी, लिबिधसि, सपुर, हार, तमरो, क्वार, विटाल्या, बछुडि, मछुलि, च्युणोलि, तमरी, चोया, नजर, बबिया, नेताल, तमजसा, बाइखाइ आदि जस्ता बद्यहरूको अत्यधिक प्रयोग यहाँ पाइन्छ । गमरा पर्वका गीतको धेरै ठाउँमा 'है', 'भाइ', 'जो' जस्ता थेगोको पनि प्रयोग गरिएको छ । थेगो प्रयोगका नमुना तल प्रस्तुत छन्:–

### ५.२.१ थेगो

**(क) 'है थेगोको प्रयोग**

डाँडाकाँडा 'है' चलिआइन् लोली गोरा ।
रोडी खोली भइछ उज्यालो ॥
रोडी खोली हैं, चलिआइन लोली गोरा ।
खेली भइछ उज्यालो ।
खोली है, चलिआइन लोली गोरा ।
फूलभाडी भइछ उज्यालो ॥

(पनेरकी गमराबाट)

यस गीतमा 'है' थेगोको प्रयोग गरी गमरा देवीको आगमन हुँदा मानिसमा कस्तो प्रभाव पर्छ भन्ने कुरा प्रस्ट पारिएको छ ।

**(ख) 'भाइ' थेगोको प्रयोग**

भूमिराज भौनेली तिर्थ चल्या भाइ ताल महनी जजुलागी ।
केदार देवता तिर्थ चल्या भाइ ताल महनी जुजुलागी ॥

(शिवलिङ्ग धुमारीबाट)

प्रस्तुत खेलमा देवताहरू तीर्थ जाँदाको वर्णन गरिऐ छ । यस खेलमा 'भाइ' थेगोको प्रयाग गरिएको छ ।

**(ग) 'जो' थेगोको प्रयोग**

पाँचौं पिण्ड जो राम कुण्ड दिइन्छ ।
छयौं पिण्ड जो भिमकुण्ड दिइछ ॥
सातौ पिण्ड जो काकबली दिइछ ।
आठौं पिण्ड जो बोधगया दिइछ ॥

(शिवलिङ्ग गया पिण्डदानबाट)

यस खेलमा शिवजीले प्रत्येक तीर्थमा गएर पिण्डदान गरेको वर्णन गरिएको छ । यसमा गीतलाई श्रुतिमधुर पार्न 'जो' थेगो प्रयोग गरिएको छ ।

### ५.२.२ अनुप्रास

साथै गमरा पर्वका गीतहरूमा केहीमा 'देउ', 'इछ', 'या', 'बुडा', 'री', 'गड' जस्ता अन्त्यानुप्रासको संयोजन भएको पाइन्छ भने कुनैमा अन्त्यानुप्रासको संयोजन नभएको पनि पाइन्छ । जस्तै; भागेश्वरको गीत, धुमारी, शिवलिङ्ग धुमारी आदि जस्ता गीतमा अन्त्यानुप्रासको संयोजन खासै भएको छैन ।

गमरा पर्वका अन्त्यानुप्रास मिलेका र नमिलेका गीत तथा खेलहरूका नमुना यस प्रकार छन्ः-

**(क) अन्त्यानुप्रास युक्त**

कहाँ फुटि उबजिगया केदार देउ ।
कुम फुटि उबजिगया केदार देउ ॥
कहाँ फुटि उबजिगया कैलपाल देउ ।
कैलाश फुटि उबजिगया कैलपाल देउ ॥

(अठउजि मल्लको लोकगीतबाट)

यस उठउजि मल्लको गीतमा 'देउ' अन्त्यानुप्रासको प्रयोग गरी देवताहरूको उत्पत्ति सम्बन्धमा सवाल जवाफको माध्यमबाट गीत प्रस्तुत गरिएको छ । जसले गीतलाई श्रुतिमधुर बनाउन र गायनमा सरलता बनाउन मद्दत पुऱ्याएको छ ।

**(ख) 'इछ' अन्त्यानुप्रासको प्रयोग**

गंगोत्री जलैले गाथ नोएइछ ।
सपुर कपडाइकी बत्ति जलाइछ ॥
ओकुल गोकुलैकी धुप जलाइछ ।

पंच वामन बरी वेद पढाइछ ॥

(शिवलिङ्ग लोकगीत)

प्रस्तुत गीतमा देवताको पूजा गर्ने विधिको बारेमा वर्णन गरिएको छ जसको अन्त्यानुप्रास योजना मिलेकोले गीत सरल र आकर्षक शैलीको बनेको छ ।

**(ग) 'या' अन्त्यानुप्रासको प्रयोग**

बडपन पिपलका समुद्र पड्या छाया ।

त्रिपुरा सुन्दरीका शिवालिङ्ग जाया ॥

धौलाडा पहाड है शिवालिङ्ग आया ।

बडपन पिपलका समुद्र पड्या छाया ॥

(शिवलिङ्ग खेल)

यस खेलमा शिवजी र त्रिपुरा सुन्दरी भगवतीको वर्णन गरिएको छ । यसमा अन्त्यानुप्रासको संयोजन भएकोले गीत सरल र आकर्षक शैलीको छ ।

**(घ) बुङा' अन्त्यानुप्रासको प्रयोग**

को देउ छन सल्म्या बुङा ।

घटाल बेताल सल्म्या बुङा ॥

हाणमेरा बागौ सल्म्या बुङा ।

को देउ छन् सल्म्या बुङा ॥

(अठउजि मल्ल धुमारी)

'बुङा' अन्त्यानुप्रासको संयोजन प्रस्तुत गीतमा गरिएको छ जसमा प्रश्नोत्तर शैलीबाट सल्म्या बुङा भन्ने ठाउँमा कुन देवताले वास गर्छ भन्ने प्रश्नबाट गीत सुरु भएको छ ।

**(ङ) 'एरी' अन्त्यानुप्रासको प्रयोग**

वाजारे बाजा छत्तिस बाजा उपर बाजे भेरी ।

को देउ लाग्या जुजन बाजनको रन्ना हेरी ॥

(अठउजि मल्लको धुमारीबाट)

यस गीतमा अत्यानुप्रास योजना मिलेको छ जसले गर्दा गीत आकर्षक र सुन्नमा रमाइलो छ । यस गीतमा 'एरी' अन्त्यानुप्रास छ । यस गीतमा बाजाहरूका साथ देवीदेवताको लडाइँ भएको झलक सुन्न पाइन्छ ।

**(च) 'स्वरडगड' अन्त्यानुप्रासको प्रयोग**

निरमइली भइछ स्वरडगड ।
जनझाई उठउजि स्वरडगड ॥
इति खराअसकुन स्वरडगड ।
घरै वसिभयान स्वरडगड ॥

(अठउजि मल्ल धुमारीबाट)

प्रस्तुत गीतमा स्वरडगड भन्ने ठाउँमा अठउजि मल्ल देवताहरूसँग लडाइँ गर्न तयारी भएको अवस्थामा गाइएको हो । यसमा 'स्वरडगड' को आवृत्ति भई अन्त्यानुप्रास मिलेको छ ।

**(छ) अन्त्यानुप्रास नमिलेको प्रयोग**

अन्त्यानुप्रास नमिलेको प्रयोगहरू पनि यसमा पाइन्छन् । त्यसको एक नमुना यस प्रकार छः-

(क) नमुना १

असमान अर गुसाइ अस न्यौटि ।
बस न्यौटि बस गुसाइ माला जपि हाल ॥
माला जपदा गुसाइ दिउसै पडि रात ।
कुइडि कनाहैका रोकिया खाम ॥

(भागेश्वर खेलबाट)

प्रस्तुत माथिको गीतमा अन्त्यानुप्रास योजना नमिलेकाले लय वा भाकामा पनि फरक छ । यसको सुरुको पङ्क्तिको अन्त्यमा 'इ' छ भने अरुमा 'अ' छ । स्नान गरेर भागेश्वरले माला जप्दाको वर्णन यहाँ गरिएको छ ।

समग्रमा के भन्न सकिन्छ भने गमरा पर्वका कुनै गीतमा अन्त्यानुप्रास मिलेको छ भने कुनैमा नमिलेको पनि छ ।

## ५.३ लय वा भाका आकारमा विश्लेषण

गमरा पर्वका गीतको लय वा भाका आफ्नो प्रकारको छ जसलाई यति र गतिका आधारमा मापन गर्न किन्छ । गमरा गीतमा केही मात्रामा अक्षर सङ्ख्यामा समानता भएकाले कुनै कुनै गीतको लय वा भाकामा समानता भए तापनि अधिकांश गीतहरूमा अक्षर सङ्ख्यामा असमानता भएकाले एउटै ध्वनिलाई पनि लामो तन्काएर लय वा भाकाको पूर्ति गरिएको हुन्छ ।साथै गमरा पर्वका गीतहरूमा कतै-कतै थेगो प्रयोग भई लय उत्पन्न गर्न मद्दत पुगेको छ । अन्त्यानुप्रासको मात्रामा पनि कुनै गीतमा समानता र अधिकांश गीतमा असमानता देखिन्छ । गमरा पर्वका गीतमा कम्तीमा नौ देखि बढीमा पच्चिससम्म अक्षर सङ्ख्या रहेका छन् जसबाट लय वा भाका पनि एक नासको नभएको कुरा जानकारी हुन आउँछ । त्यस्तै कुनैमा समान थेगो र अक्षर सङ्ख्या भएकाले लय वा भाकामा पनि समानता देखिन्छ । यस प्रकार के भन्न सकिन्छ भने गमरा पर्वका गीतहरू मध्ये कुनैमा अक्षर सङ्ख्यामा समानता छ भने कुनैमा असमानता रहेको छ ।

यस प्रकार समान अक्षर सङ्ख्या भएका र असमान अक्षर सङ्ख्या भएका थेगो प्रयोग भएका र थेगो प्रयोग नभएका तथा अन्त्यानुप्रास मिलेका र अन्त्यानुप्रास नमिलेका आधारमा गमरा पर्वका गीतको नमुना निम्नानुसार प्रस्तुत गरिएको छः–

**(क) थेगो र समान अक्षर सङ्ख्या भएका गीत**

किरे परमेश्वर रथ रे चल्यान ।
किरे परमेश्वर लोली रे भयान ॥
किरे परमेश्वर आगारे जल्यान ।

(खालामाइकी गमराबाट)

प्रस्तुत गीतमा प्रत्येक पङ्क्तिमा १३ अक्षर भएको र प्रत्येक गीतमा समान थेगो 'किरे' र 'रे' प्रयोग भएकाले गीतको लय वा भाकामा समानता रहेको देखिन्छ ।

**(ख) थेगो प्रयोग नभएका र असमान अक्षर सङ्ख्या भएका गीत**

धौलाडो बोरो शिखरधुरी लइगयो ।
शिखरमा शिवालिङ्ग औलेप भया ॥
धौलाडो बोरो बौली चुटी रोयो ।
जन रोइ बोरा हो तोइ माथि माया ॥

(शिवलिङ्ग लोकगीतबाट)

उपर्युक्त गीतमा प्रत्येक पङ्क्तिमा १४, १३, ११ र १३ अक्षर सङ्ख्याहरू असमान रहेका र थेगोको प्रयोग पनि नभएकाले लय वा भाकामा पनि असमानता देखिन्छ । यद्यपि पहिलो र तेस्रो तथा दोस्रो र चौथो पङ्क्तिको अन्त्यानुप्रास मिलेको छ ।

अन्त्यानुप्रास मिलेका गीत र नमिलेका गीतको आधारमा गमरा पर्वका गीतहरूलाई निर्धारण गर्दा  गमरा पर्वका कुनै गीतमा अन्त्यानुप्रासको संयोजनका क्रममा एउटै शब्द एक रूपको रहेको हुन्छ भने कुनैमा फरक-फरक अनुप्रास योजना भएको पाइन्छ जसले गर्दा पनि लय वा भाका पनि फरक हुन जान्छ ।

**(क) अन्त्यानुप्रास मिलेका गीत**

क्यौका वाहन चढी भागेश्वर आया ?
सुनकी डोली चढी भागेश्वर आया ।

क्यौका वाहन चढी महारुद्र आया ?

सुन सिंहासन चढी महारुद्र आया ।

(अठउजि मल्लको गीत)

प्रस्तुत गीतमा अन्त्यानुप्रासको संयोजन एकनासको रहेकाले उक्त गीतको लय वा भाका पनि श्रुतिमधुर र मिलेको छ ।

**(ख) अन्त्यानुप्रास नमिलेका गीत**

कतिका हारैकि मणिमा कटौंलो ।

वाइस पन्नर हार मणिमा कटाए ॥

कतिमा घरैकि विणिया चढौंलो ।

नौ, नौ घरकैकि विणिमा चढाए ॥

गमरा पर्वका गीतहरूलाई अक्षर सङ्ख्याको आधारमा विश्लेषण गर्दा कुनैमा समान अक्षर सङ्ख्या हुन्छन् भने कुनैमा अक्षर सङ्ख्या असमान हुन्छन् । गमरा पर्वका गीतमा बढी जसो असमान अक्षर सङ्ख्या भएका गीतहरू हुन्छन् । जसमा घटीमा नौ देखि र बढीमा पच्चीससम्मका अक्षर सङ्ख्या भएका गीतहरू हुन्छन् ।

अक्षर सङ्ख्याका आधारमा केही गीतको नमुना तल प्रस्तुत गरिएको छः-

**(क) समान अक्षर सङ्ख्या भएका गीत**

सय घडा पनिया घरै बोकि दिउलो, तम गुसाइ घरै हो सनान ।

सय घडा पनियाले शिरलै नाइ भिज, हमबोली समुद्र सनान ॥

माथिको गीतमा प्रत्येक पङ्क्तिमा पच्चीस अक्षर सङ्ख्या समान रहेका छन् ।

**असमान अक्षर सङ्ख्या भएका गीत**

मौजसि मौवाली भए दहि जसि दुनि ।

जिरेवाली लाख वरसा बाह्रै महिना भयो ॥

कन्या आठै महिना भयो ।

नवौं महिना भयो कन्या दशै महिना भयो ।

दशै महिना भया कन्या एघार महिना भया ॥

माथिको गीतमा कुनै पङ्क्तिमा १४ कुनैमा ९ र कुनैमा १५, १६ अक्षर सङ्ख्या रहेकाले असमानता देखिन्छ ।

माथि प्रस्तुत गीतमा अन्त्यानुप्रासको संयोजनमा फरक भएकोहुनाले लय वा भाकामा पनि असमानता रहेको देखिन्छ ।

समग्रमा के भन्न सकिन्छ भने लय वा भाकाका आधारमा गमरा पर्वका गीतहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ । अक्षरसङ्ख्या थेगो र अन्त्यानुप्रास समान भएका गीत र अक्षर सङ्ख्या, थेगो र अन्त्यानुप्रास असमान भएका गीत भनी माथि विश्लेषण गरिएको छ ।

## ५.४ सन्देशका आधारमा विश्लेषण

गमरा पर्वका गीत भनेका कुनै न कुनै सन्देश भएका अभिव्यक्ति हुन् । तिनमा कुनै व्यक्तिले भनेका अभिव्यक्ति वा सन्देशलाई गीतका माध्यमबाट व्यक्त गरिएको हुन्छ । यहाँ प्रचलित गमरा पूर्वका गीतमा कुनै न कुनै सन्देश अवश्य पनि पाइन्छ जसले मानिसहरूलाई राम्रो शिक्षा प्रदान गर्न सक्छ । जस्तै; धार्मिक गीतमा पनेरकी गमरा, भित्रकी गमरा र खालामाईकी गमरामा प्रत्येक महिला र पुरुषलाई देवी देवताप्रति भक्ति भावना, मङ्गल कामना र राम्रो बोली वचन हुनु पर्ने विचार व्यक्त भएको छ । यिनमा देवी देवताको पूजन विधिका साथै प्राकृतिक सम्पदा, विभिन्न चिजवस्तु र जीव जनावरका बारेमा जानकारी पनि प्रस्तुत गरिएको छ । पुरुषहरूले गाउने गीतमा जस्तै शिवलिङ्गको खेल, शिवलिङ्ग गयाँ दान पिण्डमा धार्मिक र पौराणिक भावना जगाउने सन्देश प्रदान गरी विभिन्न देवी देवताले जसरी आफ्नो कर्तव्य पूरा गर्दछन् त्यस्तैप्रकारले हामीले पनि आफ्नो कर्तव्य पुरा गर्नु पर्छ र सही मार्गमा लागेमा राम्रो फल प्राप्त हुन्छ भन्ने सन्देश दिइएको

छ । त्यस्तै अठउजि मल्ल, नागि मल्ल र भागेश्वरको गीतका माध्यमबाट धार्मिक कर्तव्य पालनाका साथै आफ्नो धर्म र संस्कृतिको संरक्षण गर्नका लागि हामीले कस्तो प्रकारको भूमिका निर्वाह गर्नु पर्दछ भन्ने सन्देश प्राप्त हुन्छ ।

यस कारण के भन्न सकिन्छ भने गमरा पर्वका गीतहरूले मानिसहरूमा भक्ति भावना जगाउने, आफ्नो कर्तव्य पुरा गर्न प्रेरित गर्ने र प्राकृतिक सम्पदाहरूको संरक्षण र सदुपयोग गर्नु पर्ने सन्देश आम जनसमुदायलाई प्रदान गरेका छन् ।

सन्देशका केही उदाहरणहरू यस प्रकार छन्:-

**(क) भक्ति भावना प्रकट गर्न सन्देश दिने गीत**

शिर सिगास तीर्थ चल्या भाइ ताल महनी जुजुलागी ।
महारुद्र देवता तीर्थ चल्या भाइ ताल महनी जुजुलागी ॥

(शिवलिङ्ग धुमारीबाट)

उपर्युक्त गीतमा हामीले धर्म गर्नको लागि प्रत्येक तीर्थ र मठ मन्दिरमा गएर भक्ति गर्नु पर्छ भन्ने सन्देश दिइएको छ ।

(ख) **कर्तव्य पुरा गर्न सन्देश दिने गीत**

सोही मेरा मनकी पियारी गमरा देवी ।
पैलिकि पूजा गुसाइकी पैटोली छ ॥
दोसरी पूजा गुसाइकी धुणजोला छ ।
तेसरी पूजा गुसाइकी कण्ड जोला छ ॥
चौथी पूजा गुसाइकी कुम जोला छ ।
पाचौं पूजा गुसाइकी शिर माथि छ ।
आठकि अठेवाली पाड्यो गुसाया क्यारे वर दिन्ना ।
अपुत पुत दिन्ना मेरा पर्व तमरा वाला खेलन्ना ॥

उपर्युक्त गीतमा आफ्नो कर्तव्य पूरा गर्न पाँच चोटि गमरा देवीको प्रत्येक अङ्गमा पूजा गरेको र गमरा देवी प्रसन्न भएर सन्तान वरदान दिई प्रत्येकले आफ्नो कर्तव्य पूरा गरेको बोध हुन जान्छ ।

**(ग) प्राकृतिक सम्पदाको संरक्षण गर्न सन्देश दिने गीत**

धतुरी फुल धतुरी वोट रोपरे गुसाया हो ।
धतुरी फुल धतुरी बोट लोली रे उपजि ॥
कुरीजी फूल कुरिजीवोट नेलरेगुसायाँ हो ।
मिन फुल लोलीरे उपजिगइन ॥

माथिको गमरा पर्वको गीतमा धतुरो र कुरिजका फुलबाट लोलीगमराको मूर्ति बन्ने भएकाले यिनको गोडनेल र रोप्ने काम गर्नु पर्ने सन्देश प्रदान गरिएको छ ।

## ५.५ सङ्गीतात्मकताका आधारमा विश्लेषण

सङ्गीतात्मकता भनेको स्वर, बाजा र गीतको आपसी मेल हो । यसले गीतलाई दृश्यात्मक र श्रव्यात्मक रूपमा आकर्षक बनाउँछ । गमरा पर्वका गीतहरूमध्ये कुनै गीतमा बाजाको आवश्यकता पर्दैन र कुनै गीतमा बाजा अनिवार्य हुनु पर्दछ । सङ्गीतात्मकताको आधारमा गमरा पर्वका गीतहरूकै विभाजन गर्दा दुई भागमा राख्न सकिन्छ जसमा वाद्यनृत्य सहित र वाद्यनृत्य रहित गीतहरू पर्दछन् ।

गमरा पर्वका वाद्यनृत्य सहित र वाद्यनृत्य रहित गीतहरू निम्न अनुसार छन्ः–

### ५.५.१ वाद्यनृत्य सहित गीत

अठउजि मल्लको खेल, धुमारी, भागेश्वरी र को खेल, धुमारी, शिवलिङ्ग गयाँ दान पिण्ड र धुमारी आदि यी गमरा पर्वका खेलहरू पुरुषहरूले सामूहिक रूपमा मादल, मुजुरा, दमाहा, झ्याली र विगुल जस्ता बाजाहरूको प्रयोग गरी वाद्यका साथै नृत्य र गायन गर्छन् ।

### ५.५.२ वाद्य नृत्य रहित गीत

गमरा पर्वमा महिलाहरूले विना बाजाका साथ सामूहमा गाउने गीतहरू वाद्य नृत्य रहित गीतमा पर्दछन् । यिनमा नृत्यको पनि अनिवार्यता हुँदैन । यी गीतहरू सबै महिलाहरूले आपसमा स्वर मिलाएर गाउने गर्छन् । वाद्यनृत्य रहित गमरा गीतमा महिलाले गाउने गीत पनेरकी गमरा, भित्रकी गमरा र खालामाईकी गमराका गीत पर्दछन् ।

## ५.६ लोकतत्त्वको आधारमा विश्लेषण

लोकतत्त्व भनेको लोकले आत्मसात गरेको कुरा हो । लोक खासै शिक्षित हुँदैन र आदिम भावना चिन्तनले मुक्त हुन्छ । उसले अदृश्य शक्तिमा विश्वास गर्दा निर्जीव कुरामा ज्यान देख्छ । गमरा पर्वका गीतहरूमा लोकतत्त्व रहको छ जसलाई उनीहरूले स्विकारेका छन् । गमरा पर्वका गीतहरूमा महिलाले गाउने गीत र पुरुषले गाउने गीत पर्दछन् । महिलाले गाउने पनेरकी गमरा, भित्रकी गमरा र खालामाईकी गमरामा पनि लोकतत्व विद्यमान छन् । यी गीतबाट महिलाहरूमा कस्तो प्रभाव जागृत हुन्छ भने उपवास बसेर यी गीतहरू पूजापाठ गरी भक्ति भावका साथ गाएमा जुन प्रकार पार्वतीले व्रत बसेर शिवजी जस्ता पति पाएकी थिइन् त्यस्तै प्रकारले उनीहरूलाई पनि शिवजी जस्तै राम्रा वर प्राप्त हुन्छन् । यस्तो विश्वास अविवाहित केटीहरूमा हुन्छ भने विवाहित महिलाहरूमा राम्रो सन्तान, धन सम्पत्ति र घरमा शुभ लक्षण हुन्छ भन्ने विश्वास पाइन्छ । पुरुषहरूले गाउने गमरा पर्वका खेलहरूबाट पुरुषहरूमा भक्तिभावनाका साथ पूजा पाठ गरेर व्रत बसी यी खेलहरू खेलेमा धनसम्पत्ति प्राप्त हुन्छ र घरमा पनि सुख समृद्धिले छाउने गर्छ र आफ्ना पितृहरूको पनि स्वर्गवास हुन्छ भन्ने विश्वास पाइन्छ ।

समग्रमा भन्दा गमरा पर्वका गीतहरूबाट धन सम्पत्ति आर्जन, सुखशान्ति, पितृहरूको स्वर्ग वास, धर्म प्राप्ति, राम्रो घर, वर पाइने जस्ता लोकतत्व पाइन्छन् भन्न सकिन्छ । यी कुराहरू प्राप्तिका लागि पुरुष र महिलाहरूले गमरा पर्वमा भक्ति भावनाका साथ यी

गीतहरू गाउने गर्छन् । यसका साथ साथै आफ्नो संस्कार कायम रहने छ भन्ने भावना पनि रहेको हुन्छ । देवीदेवताको पूजापाठ गर्दा देवता खुसी हुन्छन् र राम्रो फल प्राप्त हुन्छ र देवी देवताको पूजापाठ नगरेमा नराम्रो हुन्छ भन्ने लोकभावना पनि लोकतत्त्वको रूपमा रहेको छ । यिनै लोकतत्वहरू गमरा पर्वका गीतहरूमा रहेका हुन्छन् र यस कारण यी गीतहरू भक्तिभावनाका साथ पुरुष र महिलाहरूले गमरा पर्वमा गाउने गर्छन् ।

## ५.७ स्थायी र अन्तराको आधारमा विश्लेषण

गमरा पर्वका सबै गीतमा अन्तरा नभए पनि केही गीतमा अन्तरा रहेको पाइन्छ । स्थायी पनि ऐच्छिक रूपमा रहेको छ । गमरा पर्वका केही गीतमा यी दुबै तत्त्व समावेश भएका हुन्छन् । स्थायी हरेक गीतको शिर हो जसलाई हरेक अन्तरा पछि दोहऱ्याइन्छ१[ट] ।

तल स्थायी र अन्तराको प्रयोग यस प्रकार गरिएको छः-

स्थायीः– तै बडो देउ छइ भागेश्वर
मैं क्याको देउ छौं नागिमल्ल
अन्तराः- धरती कम्पन लागी भागेश्वर
राखे गुसाई भागेश्वर
द्वारीका ढुङ्गाले भागेश्वर
देउल चिडौंलो भागेश्वर
स्थायीः- तै बडो देउ छइ भागेश्वर
मैं क्याको देउ छौं नागिमल्ल

(भागेश्वरको धुमारीबाट)

यस गीतमा अन्तराहरू आवश्यकता अनुसार बढाउन पनि सकिन्छ । स्थायी एउटै हुन्छ जसले गीतको लय र शिर निर्धारणमा मुख्य भूमिका निर्वाह गरेको हुन्छ । स्थायी भएका गीतमा त्यसैको सेरोफेरोमा अन्तराहरू निर्धारण गरिन्छन् । यस गमरा पर्वको

१ बन्धु, चूडामणि,(२०५८), पूर्ववत् पृ. १२१

गीतमा पनि उक्त स्थायीकै सेरोफेरोमा अन्तराहरूको चयन गरिएको छ । अन्तरा अनिवार्य तत्त्व हो ।  यस गीतमा दुई चरणको एउटा अन्तरा निर्धारण गरिएको छ । यस गीतमा हरेक अन्तराका दुवै चरण एक अर्कामा सम्बद्ध छन् । हरेक अन्तरालाई मूल विषयमा प्रस्तुत गर्दै अगाडि बढाएको छ । यस गीतमा भागेश्वर र नागि मल्ल बीच भएको बाजाबाजलाई स्थायी र अन्तराको प्रयोग गरी धुमारीका माध्यमबाट प्रस्तुत गरिएको छ ।

## ५.८ प्रस्तुतिका आधारमा विश्लेषण

हाम्रो देशमा मनाइने चाडपर्वहरूमा गमरा पनि प्रमुख पर्व हो । यो पर्व बैतडी जिल्लाको मल्लो स्वराडमा पनि मनाइन्छ । यो भाद्र महिनामा र कहिले काहीँ श्रावण महिनामा पनि पर्छ । यहाँको चलन अनुसार भाद्र महिनाको कृष्ण पक्षमा पर्ने गमरालाई अनारी र शुक्ल पक्षमा पर्ने गमरालाई उज्यालो गमरा भन्ने चलन छ ।

### ५.८.१ पनेरकी गमराको प्रस्तुति

पनेरकी गुमराका गीतहरूको प्रस्तुति कुवा, इनार, धारो अथवा पानीको मुहान भएको ठाउँमा गरिन्छ । यस कारण यसलाई पनेरकी गमरा भनिन्छ । यसमा भाद्र पञ्चमीका दिन महिलाहरू मास, गहुँ, केराउँ, चना, गहुँत र गुरुस आदि अन्न भिजाउँछन् जसलाई स्थानीय भाषामा बिरुडा भनिन्छ । यसै भिजाएको बिरुडाद्वारा भोलिपल्ट षष्टीका दिन महिलाहरू खेतमा गएर बिहान पञ्चधान, सावाँ, तिल,  अपमार्ग र काँसका बोट ल्याएर पानीको मुहानमा त्यसलाई मोडेर रातो कपडाले छोपेर गमराको प्रतीक बनाउँछन् । त्यसमा जावानी (गहुँत, गोबर, दुध, घ्यू, दही) द्वारा पवित्र गरी बिरुडाद्वारा पूजा गरिन्छ । अनि गमरा गीत गाइन्छ जसलाई सञ्जादेवीको पूजा अर्चना भनिन्छ । यसरी नै पनेरकी गमराको प्रस्तुति हुन्छ ।

गमरा पर्वका गीतहरूको प्रस्तुति निम्न अनुसार गरिन्छः-

## ५.८.२ भित्रकी गमराको प्रस्तुति

भाद्र सप्तमीका दिन यसको प्रस्तुति सबै महिलाहरूले गर्छन् । उनीहरू बिहान पवित्र भई ब्रत बसेर अनि बेलुकीपख पूजा सामग्री लगेर गमरादेवीको प्रतीक राखेको घरमा भेला हुन्छन् । अविवाहित केटी अथवा देवीलाई साथमा लगेर खेतबाटपञ्च धान, साँवा, काँस, अपमार्ग र तील ल्याएर निगालाका डालामा त्यसलाई रातो कपडाले बेरी स्थापित गर्छन् । अनि ब्राह्मणले गणेश, कलश, मातृ, बत्ती र नवग्रहको मन्त्रद्वारा पूजा गरी त्यसलाई पवित्र तुल्याउँछन् । जवानीद्वारा त्यसलाई अभिषेक गरी अनेक शृङ्गार र फलफूलद्वारा गमरालाई सुशोभित गरिन्छ । साथै यसै दिन महिलाहरूले गमरा देवीको शरीरमा दुब धागो लगाएर । भोलिपल्ट आफूले लगाउने चलन पनि छ । दुब धागो भनेको धागाको जनै जस्तै  डोरी हो । त्यसपछि गमरा पर्वको गीत गाएर महिलाहरूले भक्तिभावका साथ पूजाआजा गरी यसको प्रसतुति गर्छन् । अनि बेलुकी पख पूजा सकेर सबैले घरमा गई मिठामिठा  खानेकुरा खाने चलन छ । यसरी नै भित्रकी गमराको प्रस्तुति गरिन्छ ।

## ५.८.३ खालामाईकी गमराको प्रस्तुति

इष्ट कुल देवताको चौर वा खलामा गमरा देवीलाई लगेर यसको प्रस्तुति गरिने भएको हुनाले यसलाई खालामाईकी गमरा भनिन्छ । यसको प्रस्तुतिका पनि दुई वटा भाग छन् जो यस प्रकार छन्ः–

### ५.८.३.१ महिलाले गर्ने प्रस्तुति

खालामाईकी गमराको प्रस्तुति महिलाहरूले गर्छन् । उनीहरू अष्टमीका बिहान पवित्र भई ब्रत बसेर पूजा सामग्री सहित ल्याएर सर्वप्रथम गमरा देवीको प्रतीक राखेको घरमा जम्मा हुन्छन् । त्यहाँ एउटा काठको चौकीलाई रेसमी कपडाले बेरेर त्यसलाई महेश्वरको रूप बनाइन्छ । गमरा देवीलाई पार्वती मानी त्यस घरबाट देवताका खलामा अथवा चौरमा गमरा पर्वका गीत गाउँदै राख्छन् । अनि त्यही जम्मा भएर शिव र

पार्वतीको स्वरूप, महेश्वर र गमरा देवीलाई मानेर गमरा पर्वका गीत गाउँदै सामूहिक रूपमा गीत प्रस्तुति गर्छन् । यस पर्वलाई दुर्वाष्टमी पनि भन्ने चलन छ । अन्त्यमा प्रस्तुति सकिएपछि महिलाहरूले दुब धागो लगाएर पूजा गरेका बिरुडाद्वारा आफ्नो पति र छोरा लगायत अन्य मान्यजन र सबैको शिर पुजेर आशीर्वाद लिने र दिने गर्छन् । यसरी नै महिलाहरूले गर्ने खलामाईकी गमराको प्रस्तुति सम्पन्न हुन्छ ।

### ५.८.३.२ पुरुषले गर्ने खालामाईकी गमराको प्रस्तुति

अष्टमीको दिन महिलाले खालामाईकी गमराको प्रस्तुति सकेपछि लगभग बेलुकी ३/४ बजेतिर पुरुषहरूले यस प्रकारले आफ्नो प्रस्तुति देखाउने गर्छन् । सबभन्दा पहिले महिलाले पूजागरेका फलफूलहरू एउटा चाँदर अथवा ठूलो कपडामा राखेर आकाशतर्फ फाल्ने गर्छन् जसलाई प्रसाद मानेर सबैले समात्ने प्रयास गर्छन् र हातमा परेको फल घरमा लगेर राख्दछन् । अनि त्यसपछि सबै पुरुषहरू बाजाका साथ खलाको चारैतिर गोलाकारको घेरामा उभिएर खुट्टाको चालसहित स्वर मिलाएर सामूहिक रूपमा गमरा पर्वका गीतहरू गाउने गर्छन् । यसमा खेल हाल्ने व्यक्ति घेराको बीचमा रहेर खेलका गीत गाउँछ । सबैले उसले भने अनुसारको खेलका गीतहरू गाउँछन् । यस क्रममा एक जना मादल र मुजुरा बजाउने पनि घेराको बीचमा नै रहन्छ । अरु बाँकी सबै महिला पुरुषहरूले हेर्ने र सुन्ने काम गर्छन् । त्यसपछि  खेल सकिएपछि धुमारी चल्छ । धुमारी चल्दा धामीझाँकीहरू काम्ने अथवा देउता गाड्ने चलन छ र उनीहरूले सबैलाई कामेर बिरुडाको प्रसाद दिने चलन छ । यस बेला दमाहा बजाउने गरिन्छ । अन्त्यमा सबैले देवतालाई ढोगेर नमस्कार गरेर साँझ पर्दा घरतिर जान्छन् र भोलिपल्ट यस्तै प्रकारले पुरुषले मात्र एक अर्को ठाउँमा गएर गमराको प्रस्तुति देखाउने गर्छन् । यो क्रम ३-४ दिनसम्म चलिरहन्छ ।

# परिच्छेद – छ

# उपसंहार

## ६.१ सारांश

हाम्रो देशको सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने बैतडी जिल्ला एक पहाडी जिल्ला हो । यस जिल्लाको मल्लो स्वराड भन्ने क्षेत्र एक  दुर्गम क्षेत्र हो । यस क्षेत्रका मानिसहरू विभिन्न किसिमका धार्मिक पर्वहरू आफ्नै शैली, चालचलन, परम्परागत संस्कृति अनुसार मनाउँदै आएका छन् । प्रस्तुत शोधपत्र बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रका धार्मिक पर्वहरूमध्ये एक महत्वपूर्ण पर्व मानिने गमरा पर्वको बारेमा अध्ययन गरी तयार पारिएको छ । यस शोधपत्रमा छ वटा परिच्छेदहरू रहेका छन् । यस शोधपत्रको परिच्छेद एकमा अध्ययन क्षेत्रको परिचय, शोध समस्या, शोध गर्नुको मुख्य उद्देश्यहरू, महत्त्व, शोधको सिमा र शोधका लागि आवश्यक सङ्कलन र शोधविधि सहित अन्त्यमा कस्तो किसिमको शोध तयार गर्ने भन्ने कुराको स्वरूप शोधपत्रको पहिलो परिच्छेदमा प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा आफूले शोध गर्न चाहेको जिल्ला बैतडीको सामान्य जानकारी, ऐतिहासिक पृष्ठभूमि, सिमा, हावापानी, नामकरण, शैक्षिक स्थिति, सामाजिक, धार्मिक स्थिति, प्राकृतिक सम्पदा, आर्थिक स्थिति, खनिज सम्पदा जस्ता विषयहरू समावेश गरिएका छन् । तेस्रो परिच्देमा बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित महिलाले गाउने र पुरुषले गाउने गमरा पर्वका गीतहरूको पाठ प्रस्तुत छन् भने चौथो परिच्छेदमा बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा महिलाले गाउने पनेरकी गमरा, भित्रकी गमरा र खालामाईकी गमरा गीतको प्रकारगत वर्गीकरण गरिएको छ भने पुरुषहरूले गाउने गीतहरूलाई पनि अठउजि मल्लको खेल र धुमारीको रूपमा त्यसरी नै वर्गीकरण गरिएको छ । पाँचौं परिच्छेदलाई मल्लो स्वराड क्षेत्रमा गाइने गीतहरूलाई विषयवस्तुका आधारमा, भाषाका आधारमा, लय वा भाकाका आधारमा, सन्देशका आधारमा, सङ्गीतात्मकताका आधारमा, लोकतत्त्वका आधारमा, स्थायी र अन्तराका आधारमा र प्रस्तुतिका आधारमा विश्लेषण गरिएको छ । साथै परिच्छेद छ मा बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा

प्रचलित गमरा गीतका सम्बन्धमा परिच्छेद पाँचसम्म भएका सम्पूर्ण अध्ययनको सार संक्षेप प्रस्तुत गरिएको छ ।

## ६.२. प्राप्ति

प्रस्तुत शोधपत्र बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रलाई केन्द्रबिन्दु मानेर तयार पारिएको छ । यस शोधपत्रमा बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा मनाइने धार्मिक पर्व गमराको बारेमा अध्ययन गरिएको छ, जसबाट के ज्ञात हुन जान्छ भने त्यस क्षेत्रमा यो पर्व मनाउने विधि, भाषा, चालचलन, रीतिस्थिति, देवी देवताको पूजा गर्ने विधि आदि विशिष्ट प्रकारको छन् । यस शोधपत्रमा पाठक वर्गलाई मल्लो स्वराडमा प्रचलित गमरा पर्वका गीतहरूका विभिन्न पक्षहरूमा जानकारी उपलब्ध गराउन खोजिएको छ जसमा पुरुषले गाउने गीत र महिलाले गाउने गीत भनी अलग-अलग रूपमा छुट्याइएको छ । साथै यस शोधपत्रबाट बैतडी जिल्लाको शैक्षिक, आर्थिक, सामाजिक रीतिस्थिति, संस्कृति आदि  जस्ता पक्षको पनि जानकारी हुन जान्छ । बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित गमरा गीतका पाठहरू के कस्ता रहेछन्, ती कति प्रकारका रहेछन् भन्ने बारेमा पनि हामीलाई यसले जानकारी प्रदान गर्दछ । प्रस्तुत शोधपत्रले भावी पिँढीलाई बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित गमरा पर्वका गीतका शक्ति र सीमाबारे जानकारी गराएको छ । यसमा वर्गीकरण र विश्लेषण गर्दै त्यस ठाउँमा प्रचलित गमरा पर्वका गीतको लय, भाका र शब्दहरूको बारेमा पनि जानकारी दिएको छ । समग्रमा भन्नु पर्दा प्रस्तुत शोधपत्रको अध्ययनबाट हामीलाई बैतडी जिल्ला मल्लो स्वराड क्षेत्रमा मनाउने प्रमुख धार्मिक पर्व गमरा पर्वका गीत र तिनको महत्त्व बोध भएको छ । तिनको अध्ययनबाट आधारभूत काम सम्पन्न भएकाले संरक्षणमा पनि सहयोग पुगेको छ ।

## ६.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षक

प्रस्तुत शोधपत्र बैतडी जिल्लाको बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रलाई केन्द्रबिन्दु मानेर तयार पारिएको छ । यसमा त्यस क्षेत्रमा मनाइने विभिन्न चाडपर्व मध्ये एक महत्त्वपूर्ण धार्मिक पर्व गमराको बारेमा अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रमा मल्लो स्वराड क्षेत्रका गमरा पर्वका गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने कार्य भइसकेको परिप्रेक्ष्यमा अब भावी पुस्ताले यस गमरा पर्व सम्बन्धमा शोधपत्र तयार पार्नका लागि केही सम्भाव्य शीर्षकहरू तल प्रस्तुत गरिएका छन्ः–

(क) बैतडी जिल्लाको मल्लो स्वराड क्षेत्रमा प्रचलित गमरा पर्वका गीतको धार्मिक कोणबाट अध्ययन ।

(ख) बैतडी जिल्लाको मल्लो स्वराड भेगमा मनाइने गमरा पर्वका गतिको साङ्गीतिक अध्ययन ।

(ग) बैतडी जिल्लाको मल्लो स्वराड र अन्य क्षेत्रमा प्रचलित गमरा पर्वका गीतको तुलनात्मक अध्ययन ।

# सन्दर्भ सामग्री सूची


अवस्थी, गणेश दत्त (२०६१), "बैतडेली ब्रतबन्धका सांस्कारिक फागहरूको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँः नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

अवस्थी, नवराज (२०५३), "बैतडी सिगास चैतको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँः नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

अवस्थी, महादेव (२०४५), बैतडेली भाषिकामा स्त्रीलिङ्गी प्रयोग" अप्रकाशित, स्नातकोत्तर शोधपत्र, काठमाडौँः नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

आचार्य, बाबुराम (२०३४), **पुराना कवि र कविता**, काठमाडौँः साझा प्रकाशन ।

गिरी, जीवेन्द्र देव (२०५७), **हाम्रा लोकगाथा,** काठमाडौँः एकता प्रकाशन ।

चन्द्र, उमा (२०४२), "बैतडेली सांस्कारिक फागहरूको सङ्कलन, वर्गीकरण एवं परिचय", अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँः नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

जिल्ला विकास समितिको कार्यालय (२०६९), **बैतडी जिल्लाको जनसङ्ख्या पार्श्वचित्र,** बैतडीः जिल्ला स्वास्थ्य कार्यालय ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२००१), **नेपाली लोक साहित्यको विवेचना**, काठमाडौँः पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

पन्त, कालीभक्त (२०२८), **हाम्रो लोकसांस्कृतिक इतिहास,** स्याङ्जाः लेखक स्वयं ।

पन्त, जयराज (२०३६), "डोटेली गमरा पर्वका गीतहरूको वर्गीकरण, विश्लेषण र सङ्कलन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँः नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

पराजुली, कृष्णप्रसाद (२०५५), "नेपाली लोक साहित्यमा लोकगीतको लयविधान", **मधुपर्क**, वर्ष ३१, अङ्क ४, पूर्णाङ्क ३५०, पृ. ८४ देखि १०४ सम्म ।

वन्धु, चूडामणि (२०५८), **नेपाली लोक साहित्य**, काठमाडौंः एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा. लि. ।

भट्ट, आत्माराम (२०५२) "बैतडी जिल्लामा पौराणिक लोकगाथाको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँः नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

भट्ट, उद्धवदेव (२०५९), "बैतडी जिल्लाका लोकगीतको अध्ययन र विश्लेषण", अप्रकाशित शोधपत्र, काठमाडौंः नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

भट्ट, पुष्करराज (२०६५), **सुदूरपश्चिमाचलमा मातृभाषा साहित्य**, बनेपाः जनमत प्रकाशन ।

**मेचीदेखि महाकालीसम्म**, भाग ४, काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय, सुचना विभाग, २०३१ ।

स्टाटेस्टिकल पकेट बुक, (काठमाण्डौं स श्री ५ को सरकार राष्ट्रिय योजना आयोगको सचिवालय इ.स. १९९४,)

प्रस्तुत गमरा पर्वका गीतहरू गायकका नामावली यस प्रकार छन्ः–

| क.सं. | नामावली | उमेर | ठेगाना | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| १. | श्री रघुनाथ अवस्थी | ७० वर्ष | शंकरपुर- ९ कोखेत | नर्मल पास | भू.पू. शिक्षक |
| २. | श्री गुणनन्द अवस्थी | ६१ वर्ष | शंकरपुर- ९ कोखेत | आठ पास | हुलाकी |
| ३. | अम्मर बहादुर कुँवर | ३८ वर्ष | शिखरपुर- ४ पथ्थरकोट | बी.ए. | शिक्षण |
| ४. | देव बहादुर चन्द | ५४ वर्ष | शैलेश्वर- ६ | साक्षर | कृषि |
| ५. | गणेश दत्त अवस्थी | ४२ वष | शंकरपुर-७ खर्काधार | एम.ए., बी.एड. | शिक्षण |
| ६. | वसन्ती अवस्थी | ४८ वर्ष | शंकरपुर-७ खर्काधार | साक्षर | कृषि |
| ७. | राधिका अवस्थी | २४ वर्ष | शंकरपुर- खर्काधार | एस.एल.सी. | अध्ययन |
| ८. | कृष्ण बोहरा | ७३ वर्ष | मल्लादेही-६ | साक्षर | कृषि |
| ९. | पार्वती धामी | २८ वर्ष | शंकरपुर-९ कोखेत | निरक्षर | कृषि |
| १० | तर्कराज भट्ट | ६१ वर्ष | गुजर-६ | साक्षर | कृषि |
| ११. | विरमा अवस्थी | ५५ वर्ष | शंकरपुर-९ कुनेटा | निरक्षर | कृषि |
| १२. | द्रोपती अवस्थी | ३० वर्ष | शंकरपुर-९ कुनेटा | साक्षर | कृषि |
| १३. | हिमन्ती अवस्थी | २८ वर्ष | शंकरपुर-९ कुनेटा | साक्षर | कृषि |
| १४. | जयन्ती अवस्थी | २७ वर्ष | शंकरपुर-९ कुनेटा | साक्षर | कृषि |
| १५. | श्री नारद अवस्थी | ४५ वर्ष | शंकरपुर- ९ कोखेत | आइ.ए. | शिक्षण |